लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha National Weekly

वर्ष १२, अंक १७, २०७५ मंसिर १४ गते शुक्रबार (Nov. 30, 2018) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५
website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## गच्छदारको उपसभापति पद धरापमा

काठमाडौं । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाद्वारा विधान विपरित मनोनयन गरिएका भनिएका



उपसभापति विजयकुमार गच्छदारको पद धरापमा परेको छ । महामन्त्री पूर्णबहादुर खड्का संयोजक रहेको पार्टी विधान मस्यौदा लेखन समितिले गच्छदार उपसभापति रहेको पदलाई नचिन्दा समस्या र सकस बन्न पुगेको छ ।

काँग्रेसको विधानमा दुई जना उपसभापति रहने व्यवस्था नगरिएपछि र पदाधिकारी बढाउने विषयमा सहमति नजुटेपछि गच्छदारको पदबारे प्रश्न चिन्ह उठेको हो । १० वर्षपछि पुरानै घरमा फर्किएका गच्छदारलाई सभापति देउवाले

(बाँकी अन्तिम पृष्ठमा)

# 'मोदी' को नक्कलले ओलीको आलोचना

**कौशल भट्टराई**

काठमाडौं/ तत्कालीन राणा प्रधानमन्त्रीले 'गोर्खापत्र' को प्रकाशन गर्नुपूर्व के छाप्न हुने के नहुने भनी सदन जारी गरेका थिए भनी इतिहासका पानामा अंकित छन् । त्यो सनतको अन्तिम अर्थात १२ नं. बुँदामा आफ्नो तारिफ अर्थात प्रशंसाका कुरा भने नछाप्नु भनी निर्देशन दिएका थिए । राणा प्रधानमन्त्रीले समेत आफ्नो प्रशंसा नगर्नु भनी सरकारी स्वामित्वको पत्रिकालाई निर्देशन दिएको विपरित हालका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले आफ्नो प्रचारका लागि राज्यस्रोतको दोहन गरेको अवस्था आएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जस्तो नक्कल गरेको भनी ओलीको कार्यशैलीको आलोचना भएको छ । विशेषगरी पछिल्लो कार्यको रुपमा सामाजिक सुरक्षा कार्यक्रमको थालनी भन्दै सरकारी खर्चमा गरिएको खर्चिलो तडकभडकलाई लिएर ओलीको आलोचना भएको हो । आफ्नो तस्वीर अंकित प्रचार सामग्रीहरु काठमाडौंमा मुख्य सडक किनाराहरुमा



सरकारी खर्चमा टाँस्न लगाएको तथा त्यही प्रचार सामग्री विभिन्न सञ्चारमाध्यमहरुमा सरकारी लाखौं रुपियाँ खर्च गरी प्रचार गरेको कुरालाई लिएर ओलीको सर्वत्र आलोचना भएको हो । भारतको दिल्लीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तस्वीरअंकित प्रचार सामग्रीहरु यसैगरी राखिने गरिएको सोही कार्यको सिको गर्दै ओलीले आफ्नो प्रचारमा सरकारी रकमको दुरुपयोग गराएको भनी आलोचना भएको हो ।

भारतमा मोदीको प्रचारशैलीलाई त्यहाँका जनताले सहज रुपमा लिएका छन् किनकि भारतजस्तो मुलुकको लागि उक्त खर्च सामान्य हो भने कामकै हिसाबमा पनि मोदीले जनताको मन जितेर राम्रै कार्यहरु गरिरहेको अवस्था छ । तर, नेपालको सन्दर्भमा भने त्यसको विपरित अवस्थामा ओली रहेका भन्दै आलोचकहरुले आफ्नो धारणा विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा व्यक्त गर्दै आएका छन् । सरकारले पहिले जेजस्ता कार्य गर्ने भनी

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेसका सभापतिहरु अधिकारको पक्षमा

नुवाकोट/ नेपाली कांग्रेसका जिल्ला सभापतिहरूले पार्टीको तल्लो तहसम्म अधिकार दिए मात्र पार्टी चुस्त हुने धारणा राखेका छन् । पार्टी कन्द्रीय समितिमा पेस भएको विधान मस्यौदाका बारेमा साझा धारणा तय गर्न नुवाकोटको ककनीमा भेला भएका जिल्ला सभापतिहरूले तल्लो तहमा काम गर्ने नेता तथा कार्यकर्ताहरूलाई मात्र पार्टीको अवस्था थाहा हुने भएकाले स्थानीय तहमा अधिकार दिनुपर्ने कुरालाई भेलामा प्रमुखताका साथ उठाएका छन् ।

जिल्ला सभापतिहरूले पार्टीलाई सुदृढ गर्न पार्टीलाई चुस्त बनाउन कार्यकर्ताको मूल्यांकन आवश्यक रहेकोको कुरालाई पनि प्रमुखताका साथ राखेका छन् । उनीहरुले पार्टीभित्र पारदर्शीता र अनुशासनको खाँचो रहेको उल्लेख गर्दै यस बारेमा विधानमै उल्लेख गर्नुपर्ने, जिल्ला सभापतिहरूले पार्टीमा अभिलेख राख्ने परम्पराको विकास गर्नुपर्ने धारणा राखेका थिए । उनीहरुले पार्टीमा शीर्ष नेताहरुका बीचमा गुटगत

(बाँकी अन्तिम पृष्ठमा)

## कोइराला परिवारलाई पौडेलको समर्थन

काठमाडौं । काँग्रेसभित्र सभापति शेरबहादुर देउवा र कोइराला परिवारबीच गुटको भेलाले तीव्रता लिएको छ । गत मंसिर १२ गते सभापति देउवाले आफ्नो निवासमा पदाधिकारी र केन्द्रीय सदस्यहरुलाई बोलाएर विधान संशोधनको प्रस्तावमाथि छलफल चलाइरहेका थिए । त्यही दिन काँग्रेस महामन्त्री डा. शशांक कोइरालाको टोखा निवासमा काँग्रेस इतरपक्षको भेला चलिरहेको थियो । इतरपक्षको बैठकमा वरिष्ठ नेता रामचन्द्र पौडेल, प्रकाशमान सिंह, रामशरण महत, अर्जुननरसिंह केसी, बलबहादुर केसी, सुजाता कोइराला, चन्द्र भण्डारी, गगन थापा, धनराज गुरुङ र प्रदीप पौडेललगायतका करिब दुई दर्जन नेताहरुको उपस्थिति रहेको थियो ।

यसअघि इतरपक्षले मंसिर ११ गते काँग्रेस नेतृ सुजाता कोइरालाको मण्डिखाटार निवासमा दोसो पटक लञ्च मिटिङ गरेका थिए । आसन्न महासमिति बैठकमा देउवाविरुद्ध एकजुट हुने प्रयासमा कोइरालाहरुको सक्रियता बढेको काँग्रेस स्रोतले बताएको छ । कोइराला परिवारलाई वरिष्ठ नेता पौडेल, नेता

(बाँकी अन्तिम पृष्ठमा)

# निगमलाई वाइडबडीको किस्ता बुझाउनै गाह्रो

काठमाडौं । 'जो चोर उसैको ठूलो स्वर' भन्ने उखानको चरितार्थ नेपाल वायुसेवा निगमका महाप्रवन्धक सुगतरत्न कंसाकारले गरेका छन् । महाप्रवन्धक कंसाकारले संसद्को संसदीय समितिमा सांसदहरूलाई हकारेपछि र असनमा लगेर कागजात फाल्ने भन्ने अभिव्यक्ति दिएपछि सांसदहरू आक्रोसित बन्न पुगेका छन् । कंसाकारको भनाइप्रति नेकपाका सांसद भीमबहादुर रावल खरो रूपमा उत्रिएका थिए । वाइडबडी विमान खरिद प्रक्रियामा संसदीय समितिमा काँग्रेस नेतृ सुजाता कोइराला, नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल, काँग्रेस नेता प्रकाशमान सिंह, सांसदहरू रेणुका गुरुङ्ग नारदमुनि राना, पुष्पा भुसाल, दिव्यमणि राजभण्डारी लगायतले कंसाकारलाई तालावाला खेलाएको समाचार स्रोतले जानकारी दिएको छ ।

२४ अर्ब रुपियाँ तिरेर खरिद गरिएको दुईवटा वाइडबडी विमानको किस्तामा एक अर्ब १३ करोड रुपियाँ बुझाउनु पर्ने



बताइएको छ । वाइडबडी विमान खरिद प्रकरणमा भएको रु. छ अर्ब घोटालाप्रति सार्वजनिक लेखा समितिले समेत छानविन गरिरहेको छ । महालेखा परीक्षक कार्यालयको ५५ औं प्रतिवेदनले समेत विमान खरिदमा अनियमितता औंल्याएपछि लहरो तान्दा पहरो थर्कने भएको छ । दिनहुँ रु. एक करोड घाटामा गएर ग्राउन्डेड बन्न पुगेको वाइडबडी विमान खरिद प्रक्रियामा कंसाकारले नै एजेन्ट खडा गरी हवाई माफियाहरूको इशारामा निगमलाई टाट पल्टाउन लागिपरेको स्रोतले जानकारी दिएको छ । बिना 'विजनेश प्लान' ल्याइएको वाइडबडीबाट मोटो कमिशन हात पार्न कै लागि न्यारोबडी विमान खरिद

(बाँकी अन्तिम पृष्ठमा)

## माथिल्लो कर्णालीमा थप कमिसन

काठमाडौं । माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माणको जिम्मा लिएको भारतीय कम्पनी जि.एम.आर.को म्याद थपी कमिसन हात पार्ने तयारीमा सम्बन्धित निकायका पदाधिकारीहरु लागिपरेका छन् । यसअघि पनि पटक पटक म्याद थप भइसकेकोमा लगानी जुटाउन नसकेको उक्त कम्पनीको फेरि म्याद थपका लागि भन्दै उसैलाई पोस्ने गरी कार्य हुन थालेको स्रोतले जानकारी दिएको छ ।

गत असोज पहिलो साता पछिल्लो म्याद सकिएपछि फेरि म्याद थपका लागि जि.एम.आर.का स्थानीय अजेन्टदेखि भारतीय दूतावाससम्मले लबिङ गरेको स्रोतको दाबी छ । नौ सय मेगावाटको यो

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाली मदिरामा कडाइ, विदेशीको रजाइँ

काठमाडौं/ सरकारले मदिरा व्यवसायीहरुमाथि कडाई गर्नेगरी ल्याउन लागेको कार्यकारी आदेशले नेपाली मदिरा व्यवसायीहरु मारमा पर्ने भनी उनीहरुले आपत्ति जनाएका छन् । नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघले सो कुराको विज्ञप्ती जारी गरी विरोध गरेको छ ।

सरकारले ल्याउन लागेको यो व्यवस्था घरेलु हिंशा रोक्न र अपराध न्यूनीकरणको लागि भन्दा पनि विदेशी संस्थाहरुको दबाब र प्रभावमा नेपाली मदिरा उद्योगलाई धरासायी बनाउनको लागि ल्याउन लागेको आरोप लगाएका छन् । उनीहरुका अनुसार नेपालमा नेपाली मदिरालाई कडाइ गरे पनि विदेशी मदिरा भने सहजै भित्रने अवस्था रहने भएकाले नेपाली मदिरा व्यवसायी मात्र मारमा पर्ने भनी विरोध गरका हुन् । संघका अध्यक्ष रमेश श्रेष्ठले हस्ताक्षर गरेको विज्ञप्तीमा 'वाइन शप' को धारणालाई कार्यान्वयन गर्न नसकेको सरकारले फेरि अर्को कडा कानून ल्याएर आफूहरुको मनोबल गिराउने र नेपाली व्यवसायीहरुलाई व्यवसायबाट हतोत्साहित

(बाँकी अन्तिम पृष्ठमा)

## अर्थमन्त्री बने नेकपाको तारो

काठमाडौं । दुई तिहार सरकारका अर्थमन्त्री युवराज खतिवडाको कार्यशैलीप्रति नेकपाका बयावृद्ध नेता भरतमोहन अधिकारी सबैभन्दा असन्तुष्ट



बन्न पुगेका छन् । अधिकारी ५१ सालमा एमालेको नौ महिने सरकारको पालामा अर्थमन्त्री थिए । अधिकारीले त्यसबेला केही लोकप्रिय कार्यक्रमहरु ल्याएका थिए । त्यसमध्ये एउटा वृद्ध भत्ता थियो । खतिवडालाई नेपाल राष्ट्र बैंकको गभर्नर र राष्ट्रिय योजना आयोगको उपाध्यक्षको हैसियतमा काम गरेका कारणले प्रधानमन्त्री केपी ओलीले राष्ट्रियसभा सदस्यमा मनोनित गरी अर्थमन्त्री बनाएका थिए । राजनीतिको अनुभव नै नभएका खतिवडालाई अर्थमन्त्री बनाएपछि नेकपाको सपना चकनाचुर भएको आरोप लागेको छ ।

युवराज खतिवडा अर्थमन्त्री भएलगत्तै ओरालो लागेको शेयरबजार अहिलेसम्म माथि उठ्न सकेको छैन । बीबीसीमा अन्तर्वार्ता दिएपछि घरजग्गा

(बाँकी अन्तिम पृष्ठमा)

## सडकमा का.मु. खानेलाई व्यवस्थापनको समस्या

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ र सचिव मधुसूदन अधिकारीबीच स्वार्थ नमिल्दा सडक विभाग अन्तर्गतका आयोजना र योजना प्रमुखहरूको सरुवा हुन सकेको छैन । सडकको सरुवा हालसम्म पनि हुन नसक्नुमा मन्त्री महासेठको आर्थिक चलखेल बाधक रहेको चर्चा चलेको छ । मन्त्री महासेठले हुलाकी सडक, धरान चतरा पूर्वी र पश्चिम खण्डमा जान चाहनेहरूबाट एक करोड रुपियाँसम्म थैली बुझिसकेको जानकारहरूले बताएका छन् । उता मन्त्री पत्नी एवं सांसद जुली महतोलाई पनि आयोजनामा जान दक्षिणा बुझाएको चर्चा चलेको छ ।

सडकमा का.मु. आयोजना प्रमुख बनेका श्याम खरेल र सूर्य भाटलाई व्यवस्थापन कसरी गर्ने भन्ने विषय पेचिलो बनेको छ । उता का.मु. आयोजना प्रमुख खाने दौडमा उमेशविन्दु श्रेष्ठ, दीपक के.सी. र अशोक तिवारी पनि सक्रिय भएपछि मन्त्री महासेठ अप्ठ्यारोमा परेको बताइएको छ । श्रेष्ठ र के.सी. निकट भविष्यमै प्राविधिक सहसचिव (सू.ई.) मा बढुवा हुँदैछन् । सचिव अधिकारीले मापदण्ड बनाएर मात्र सरुवा गर्नुपर्ने अडान लिएपछि मन्त्री र सचिवबीच स्वार्थ नमिलेको बताइएको

(बाँकी अन्तिम पृष्ठमा)

## फोरम फुट्दै, राजपा भत्किदै

काठमाडौं । सत्ता र शक्ति संघर्षले मधेशवादी दलहरू भित्र भूसको आगो सल्केको छ । उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमकी २ नम्बर प्रदेश अध्यक्ष रेणु यादवले अध्यक्ष यादवसँग असन्तुष्टि जनाउँदै राजीनामा दिइसकेकी छन् । अध्यक्ष यादव सरकारमा उपप्रधान तथा स्वास्थ्यमन्त्री बनेर कमाई एवं रमाइरहेको अवस्थामा संविधान दिवसलाई कालो दिवसको रूपमा नमनाउने पक्षमा थिए । तर प्रदेश-२ की अध्यक्ष यादवले संविधान दिवसलाई कालो दिवसका रूपमा मनाउने विज्ञप्ति निकालेपछि फोरमभित्र भाँडभैलो मच्चिएको समाचार स्रोतले जानकारी दिएको छ । मधेश आन्दोलनमा कुनै योगदान नभएका सुरेन्द्र यादवलाई मेडिकल माफियाहरूको इशारामा अध्यक्ष यादवले स्वास्थ्य राज्यमन्त्री बनाएपछि रेणु यादव लगायतका व्यक्तिहरू पार्टी फुटाउने जोडघटाउमा लागेको जानकारहरले बताएका छन् । कुनै बेला अध्यक्ष यादव र प्रदेश-२ की अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## आयल निगममा पौडेलको सम्भावना

काठमाडौं । कुनैबेला महिनाको दुई अर्ब आठ करोड रुपियाँसम्म नेपाल आयल निगम घाटामा गएको थियो । अन्तर्राष्ट्रिय बजारमा डलरको भाउ घटेसँगै निगमको घाटा पनि घटेको छ । १६ नाभेम्बर (कार्तिक ३०) को मूल्य अनुसार निगमको घाटा १५ दिनमा ४१ करोड रहेको निगम स्रोतले जानकारी दिएको छ ।

नेपाल आयल निगम

मंसिर १५ (१ डिसेम्बर) मा आउने नयाँ मूल्य अनुसार तेलको भाउ घट्ने बताइएको छ । तेलको मूल्य घटे समायोजन हुने बताइएको छ । अन्तर्राष्ट्रिय बजारमा डलरको भाउ आकासिंदा निगमले घाटा व्यहोरेर बजारमा पेट्रोलियम पदार्थको मूल्य बढाएन । दशैं-तिहार लगायतका चाडपर्वको समयमा मूल्य बढाउँदा नकारात्मक सन्देश जाने भएकाले मूल्य बढाउनुपर्ने दबाबलाई आपूर्ति मन्त्रालय र निगमका निमित्त कार्यकारी निर्देशक सुशील भट्टराईले भरथेग गरेको जानकारहरूले बताएका छन् । चाडपर्वमा

(बाँकी अन्तिम पृष्ठमा)

## नेकपाको निर्णय लुकाउने नीति

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले वर्तमान सरकारले गरेको निर्णय लुकाउने नीतिलाई लिन थालेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको बैठकले सातै प्रदेश कमिटी एकीकरणको टुङ्गो लगाएको र नामावली भने बिहीबार सार्वजनिक हुने प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिएपछि सरकार जस्तै नेकपा पनि अनुदार बन्न पुगेको तथा निर्णयहरु लुकाउन थालेको भनी आलोचना हुन थालेको छ ।

पार्टीमा तल्लो तहसम्मको एकता प्रक्रियाले गति नलिएको, स्थायी कमिटीको बैठक नबसेको तथा सरकार र दलबीच

(बाँकी अन्तिम पृष्ठमा)

# सरकार पछि हटेपछि ढकाल समस्यामा

काठमाडौं । शान्तिको अजेण्डामा इसाई धर्मको प्रचार गर्ने उद्देश्यले आजदेखि युनिभर्सल पिस फेडरेशनको आयोजनामा एसिया प्यासिफिक समिट २०१८ होटल ह्यातमा मंसिर १७ सम्म हुने बताइएको छ । उक्त कार्यक्रममा ४५ राष्ट्रका १५ सय अतिथिहरू आउने समाचार स्रोतले जानकारी दिएको छ ।

यो सम्मेलन नेपालमा बढ्दै गएको हिन्दू धर्मलाई लक्षित गरेर गर्न लागिएको हो र यसका लागि नेपाल च्याप्टरका अध्यक्ष एकनाथ ढकालको सक्रियतामा भएको जानकारहरूले बताएका छन् । ईशाई धर्मको प्रचारका लागि गर्न लागिएको सो संस्थाको कार्यक्रमको विरोध प्रतिपक्षी दल नेपाली काँग्रेसले गरेपछि सरकार कार्यक्रमको सहआयोजकबाट पछि हटेको छ । म्यानमारकी लोकतन्त्रवादी नेतृ आङसान सुकी र कम्बोडियाका प्रधानमन्त्री हुनसेनलाई सरकारले स्वागत गरेको र विदेशी पाहुनालाई लक्षित गरेर उपत्यकामा जोर-विजोर सवारी साधन लगाउने निर्णय गरेको छ । अन्य अतिथिहरुलाई सरकारले सत्कार नगर्ने भएपछि ढकाल समस्यामा परेको सम्बद्ध



स्रोतले जानकारी दिएको छ ।

दक्षिण कोरियाको चर्चको पैसामा नेपालमा राजनीति गर्दै आएका परिवार दलका अध्यक्ष ढकालले उक्त संस्थाको कार्यक्रममा विभिन्न पार्टीका नेताहरूलाई विदेश भ्रमण गराउँदै आएका छन् । मानव तस्करीको आरोप समेत लागेका ढकालको पार्टी अहिले अस्तित्वमा छैन तापनि सत्तारुढ दल नेकपामा उनको राम्रै पकड रहेको बताइन्छ । राजनीतिक आवरणमा विभिन्न धन्दामा सक्रिय ढकालको धर्म प्रचार अभियानलाई सभामुख कृष्णबहादुर महरादेखि नेकपाका नेता सुवास नेम्वाङ्गसम्मले साथ दिने गरेको समाचार स्रोतले बताएको छ ।

काठमाडौँको ह्यात होटलमा आयोजना हुने कार्यक्रममा जलवायु परिवर्तन शान्ति तथा विकास, सुशासन लगायतका विषयमा छलफल गर्ने भनिएता पनि शक्ति केन्द्रलाई प्रभावित पारेर इशाई धर्मको प्रचार गर्नु हो भन्ने चर्चाले व्यापकता पाएको छ । नेपालमा ढकाललाई इशाई धर्मको प्रचार प्रसार गर्ने व्यक्तिका रूपमा चिनिएको

(बाँकी अन्तिम पृष्ठमा)

# विकास विशेषज्ञताको प्रश्न

नेपालको सन्दर्भमा राजनीतिक नेतृत्वले किन कुशल शासन दिन सकिरहेको छैन ? किन व्यवस्थापन राम्रो गर्न सकिरहेको छैन ? नीति तर्जुमा र कार्यक्रमको सही अवधारणा विकास गर्ने ज्ञान किन देखिदैन ? यसो गर्ने कुनै कला वा सिप राजनीतिक नेतृत्वमा किन पाइदैन ? के नेपालका राजनीतिकर्मीहरू अयोग्य नै हुन् त ? कि कुनै अन्य स्वार्थी कारणहरूले उनीहरूको क्षमता प्रकट र प्रयोग हुन नसकेको हो ? यी प्रश्नको सही विश्लेषण गर्नुपर्ने भएको छ। एकजना राजनीतिकर्मी र बौद्धिक व्यक्तित्व ऋषिकेश तिवारीले केही दिनपहिले मात्र राष्ट्रिय दैनिक नयाँ पत्रिकामा यसबारे लामो विश्लेषण प्रस्तुत गरेका छन्। उनले नेपालको सन्दर्भमा राजनीतिकर्मी अर्थात् 'पोलिटिकल एक्टिभिस्ट' र 'डेभलप्मेन्ट एक्सपर्ट' को 'फ्युजन' हुनुपर्ने निष्कर्ष निकालेका छन्। राज्यपद्धति रहेसम्म राजनीति मुख्य विषय हो राज्यको। राज्यमा अन्तर्निहित अवयवहरू सबै नै राजनीतिबाट निर्देशित हुन्छन्। राज्यको मूल कानुन, नियम, विधि-विधानले राज्य र राज्यमा बसोबास गरिरहेकाहरूलाई संगठित र अनुशासनबद्ध बनाएको हुन्छ। राज्य र त्यसमा बसोबास गर्ने आमनागरिक अराजक भए भने निश्चय पनि त्यो राज्य द्वन्द्व, हिंसा, र विघटनको संघारमा पुग्छ। राज्यको संगठित रूपलाई सुरक्षित गराउने हो भने राज्यमा संविधान, कानुन र नीति/नियमले प्रभावकारी भूमिका खेलिरहनुपर्छ। तर संविधान, कानुनवा नीति/नियम राज्यका बासिन्दाको विश्वास र सहभागितामा मात्र निर्मित हुनैपर्छ। केही ठाँटबाठा वा केही दल वा एक दलको इच्छा र विवेकमा मात्र बनेको कानुनलाई जनताले मान्छन् भन्ने हुँदैन।

लोकतन्त्रको अर्थ पनि यही हो। राज्यमा बिनाभेदभाव सम्पूर्ण नागरिकको पहुँच र सहभागिता। सभ्य संसारको परिचय अहिले आमनागरिक सहभागितासँग जोडिएको अवस्था छ। आविष्कारको वा कुनै सिर्जना र अनुसन्धानको विषयबाहेक सबैमा राज्यले निर्देशन गरिरहेको हुन्छ। यी विषयमा राज्यका नीति कमैमात्र आकर्षित हुने गर्छन्। राज्यले समग्रतामा नियन्त्रण गरेपनि आविष्कार, सिर्जना वा स्वतन्त्र अनुसन्धानमाथि हस्तक्षेप गर्नसक्दैन। तर यो नियम निर्दलीय, निरंकुश अधिनायकवादी राजनीतिक प्रणालीमा विश्वास राख्ने र तदनुरूप प्रयोग गर्ने राज्यको हकमा लाग्छ भन्ने हुँदैन। के नेपालका राजनीतिकर्मीहरूले विकास विशेषज्ञ र व्यवस्थापन विशेषज्ञहरूको सहभागिता राजनीतिक प्रणाली वा राजनीतिक दलमा गर्न नसकेकै कारण असफलता निरन्तर हुँदै गएको हो त ?

राजनीतिकर्मीहरूले कुनै पेसाव्यवसायमा विशेषज्ञता हासिल गरेकाहरू, आफ्नो व्यवस्थापन कुशलताले समृद्धिको शिखर चुमेकाहरू, अर्थ र विकासका सम्पूर्ण सूत्रहरूलाई जीवनमा उतारेकाहरू, उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, जलउपयोग, पर्यटन, विकास,सुरक्षा, राष्ट्रको भाषा, कला,साहित्य, संस्कृति,सम्पदा आदि अनेक क्षेत्रका ज्ञाताहरूलाई राजनीतिको मूलधारमा स्थान नदिएकै कारण नेपालको विकास पछाडि परेको हो कि ? यी प्रश्नको एकमुष्ट उत्तर के हुनसक्छ भने निरन्तर राजनीति गर्नेहरूले राजनीतिक दल र त्यसमा आबद्ध सदस्यहरूलाई मात्र राजनीतिको मूलधार ठानेकै कारण असफलता बेहोर्नु परिरहेको हुनसक्छ। राजनीति राष्ट्रको मूल भएपनि अन्य धेरै अवयवको समवेत संयोजन र सहकार्यमा राज्य टिकिरहेको हुन्छ। राजनीतिक प्रणालीको सफलता वा असफलतामा राजनीतिकर्मीहरूमात्र यसकारण जिम्मेवार ठानिनु गलत हुनेछ। तर राजनीतिको मूल वृक्षमा अन्य पक्षलाई जोड्न सकिएन भने निश्चय पनि त्यसबेला राजनीतिले नै असफलताको जिम्मेवारी लिनुपर्ने हुन्छ।

निरन्तर राजनीति गर्नेहरूले राजनीतिक दल र त्यसमा आबद्ध सदस्यहरूलाई मात्र राजनीतिको मूलधार ठानेकै कारण असफलता बेहोर्नु परिरहेको हुनसक्छ।

नेपालमा आधुनिक परिवर्तनको ढोका २००७ सालको जनक्रान्तिले खोलेको हो तर त्यसपछि अनेक राजनीतिक नेतृत्व र प्रणालीहरू आए पनि ती स्थायी हुनसकेका छैनन्। समयान्तरमा ठूला राजनीतिक परिवर्तन र सरकार परिवर्तनका घटनाहरू नै यस भनाइका जीवन्त उदाहरण हुन्। ३० वर्षको राजतन्त्रको सक्रिय नेतृत्व छाड्ने हो भने बाँकी करिब४ दशकसम्म जनताका नेताका हातमा शासनसत्ता रह्यो। २०१५ सालमा बिपी कोइराला जस्तो सैद्धान्तिक दार्शनिक र रणनीतिकुशल नेताको नेतृत्व पनि १८ महिनाभन्दा बढी टिक्न सकेन। के कारणले हो ? के राजा महेन्द्रको


पुरुषोत्तम दाहाल

महत्वाकांक्षामात्र यस निम्ति जिम्मेवार छ ? कि उत्तर-दक्षिणमा तत्कालमा रहेका राजनीतिक नेतृत्व र तिनीहरूको भय, प्रतिस्पर्धा वा ईर्ष्या र अनिच्छाका कारण बिपीको सत्ताको आयु २० महिना पनि नपुगेको हो त? किन ? अहिले हामीले स्वतन्त्ररूपले विचार गर्नुपर्ने भएको छ।

यद्यपि बिपी कोइरालाले आफ्नो प्रधानमन्त्रित्वकालमा धेरै विज्ञविशेषज्ञलाई राजनीतिको मूलधारमा जोड्ने प्रयास नगर्नुभएको होइन। तर छोटो समयका कारण उहाँ त्यसमा सफल हुनुभएन। राजाको प्रत्यक्ष नेतृत्वमा शासन टिक्नुमा विभिन्न क्षेत्रका विशेषज्ञहरूको व्यापक सहभागिता नै मुख्य कारण थियो। २०४६ को परिवर्तनले केही थोरै विशेषज्ञलाई सत्तामा जोडे पनि थोरैमात्र राजनीतिको मूलधारसँग स्थायीरूपमा जोडिन पुगेका छन्। राजनीतिले विज्ञहरूलाई पृथकरूपमा देख्न पुग्यो र राजनीतिकर्मीहरू निर्णायक स्थानमा रहनपुगे। केही हदमा साम्यवादी दलहरूले विशेषज्ञहरूलाई राजनीति र सत्ताको अवयवमा सहभागी गराएको देखिन्छ। साम्यवादी दलहरूले सबै क्षेत्रमा आफ्नो सञ्जाल खडा गरेको अवस्था छ। कठोर सिद्धान्तको पक्षधरता रहे पनि उनीहरूको वैधानिक प्रयोग निकै खुकुलो देखिन्छ। समयअनुकूल विधान उपयोग गर्न साम्यवादी दलहरूमा सहज देखिन्छ। गतसाल असोजमा एकता घोषणा गरेका नेकपा माले र माओवादीहरूले विधानबिना नै समायोजन गर्ने सफलता पाएका छन्। उनीहरूले केन्द्रदेखि तल्लो तहसम्म एकता गर्दा विधानको भन्दा अवसर अनुकूलताको सिद्धान्त लागु गरेका छन्।

अहिलेको प्रमुख साम्यवादी दल नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वतहदेखि तल्लो तहसम्म २०२५ सालपछि राजनीतिमा जोडिएको पुस्ता हावी छ। उनीहरू विगत निर्दलीय पञ्चायतकालमा भूमिगत नाउँमा राजनीति र औपचारिक नाउँमा शासकीय सुविधादेखि व्यापार/व्यवसाय सबैमा संलग्न भएका थिए। अहिले पनि नेपाल कम्युनिस्ट पार्टीमा विद्यालय सञ्चालक, स्वास्थ्य क्षेत्रका मालिकहरू, ठेक्कापट्टा, वैदेशिक रोजगारी, सहकारी सबै क्षेत्रमा प्रभाव राख्नेहरूको वर्चस्व छ। सरकारी राष्ट्रसेवकहरूमा समेत साम्यवादी दलहरूको बलियो पकड छ। राष्ट्रिय गैरसरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रत्यक्ष लाभ लिनेहरूमा नेपालमा साम्यवादी दलसँग सम्बद्धहरूको नै बहुलता देखिन्छ मूलत: उनीहरूको रणनीतिक क्षमता हो भनेर स्वीकार गर्नुपर्छ।

२०४६ सालको परिवर्तनपश्चात् सरकारको नेतृत्व पाएको नेपाली कांग्रेसमा बलिदान, त्याग र आन्दोलनको इतिहासको असंख्य कथा बोक्नेहरूको प्राधान्यता थियो। करिब ५ दशकदेखि निरन्तर लोकतन्त्रका लागि लड्ने पुस्तामा स्वाभाविकरूपले शासकीय इच्छा हुनु अन्यथा होइन। तर शासकीय इच्छाशक्ति नवीनधारहरूलाई समेत सहभागी गराउनुपर्ने थियो। नवीन धार राजनीतिमा मात्र सीमित हुँदैन। फरक व्यवसाय, पेसा, कुशलता, सिप, ज्ञान पनि फरक धारमा पर्छन्। एउटा कुनै मानिस राज्यलाई कर बुझाएर समृद्ध भएको छ भने राजनीतिक दलले उसको सिप, ज्ञान र कुशलतालाई आफ्नो राजनीतिक लक्ष्यकालागि उपयोग गर्ने उदारता देखाउनु उपयुक्त हुन्छ। राम्रो उद्योगी, राम्रो व्यवसायी, समृद्ध किसान, असल सञ्चारकर्मी, स्थापित लेखक, साहित्यकार, कलाकार, राष्ट्रको विकासमा सहयोगी सेवाक्षेत्रका विज्ञहरू, क्षमतावान् कूटनीतिज्ञ र राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीहरू, स्वास्थ्य, शिक्षा, वातावरण, व्यवस्थापन, कानुन, श्रम अनेक क्षेत्र छन् जसमा अनेक प्रतिभा छन्। तर तिनलाई राजनीतिमा जोड्नेभन्दा पनि दलको मियोमा रहेका सीमितहरूले मात्र दल हाँक्ने, लोकतन्त्र जोगाउने, समग्र विकास गर्ने सोचलाई अनुदारतापूर्वक प्रयोग गरिरहेको अनुभव भएकोछ।

के नेपालका राजनीतिकर्मीहरूले विकास विशेषज्ञ र व्यवस्थापन विशेषज्ञहरूको सहभागिता राजनीतिक प्रणाली वा राजनीतिक दलमा गर्न नसकेकै कारण असफलता निरन्तर हुँदै गएको हो त ?

निर्वाचनका समयमा समृद्धहरूका ढोकामा आसन जमाउनेहरूले राजनीतिको मूलधारमा त्यस्ता सफल व्यक्तिहरूलाई सकेसम्म निषेध गरिरहेका हुन्छन्। यो आफैमा विरोधाभाषपूर्ण देखिन्छ। एकप्रकारले २०४६ को परिवर्तन असफल हुनुमा पनि राजनीतिक कारणमात्र जिम्मेवार छैन। राजनीतिमा विज्ञहरूको संलग्ता नहुनुको एक कारण हुनसक्छ। २०६३ को परिवर्तनले अझै सही दिशा समात्न सकेको छैन। बीचमा आएको साम्यवादी नेतृत्वले आफैं निर्णायक हुने भ्रम पाल्दा धेरै कुरा गुमाउनुपरेको थियो। राजनीति त्यसै गिजोलिन पुग्यो। तर सुशील कोइराला जस्ता सोझो र एकोहोरो नेतृत्वले दायाँ-बायाँ नहेरी राष्ट्रलाई स्थायित्व प्रदान गर्ने प्रयास गरेको थियो। अहिले अझै घुम्तीमा पुगेको छ राजनीति।

संयोगवश यतिखेर नेपाली कांग्रेस आफ्नो दलको विधान परिमार्जनमा सक्रिय छ। केही दिनपश्चात् हुने महासमिति बैठकले विधानलाई पारित गर्ने होला। नेपाली कांग्रेसमा अब हिजो त्याग तपस्या गरेको पुस्ता घट्दै गएको छ। अबका १० वर्षभित्रमा त्यो यातनाभोग गरेको, संघर्ष गरेको पुस्ता अवशिष्ट भएर त्यसको कथा पढ्नेहरू वा सुन्नेहरूको पुस्तामात्र अगाडि बढ्ने हुन्छ। अहिले संघर्षको कालखण्डबाहेक सर्वाधिक कमजोर, निरुत्साहित, अनुशासनहीन, अराजक चरणमा छ भनेर कतिपयकोणबाट नेपाली कांग्रेसलाई मूल्यांकन गरिँदैछ। यस्तो कांग्रेसलाई सशक्त, सबल र सामयिक गतिदिनका लागि व्यवस्थापकीय कुशलता, विज्ञता, सफलता जोसँग छ र जसले नेपालको लोकतान्त्रिक आन्दोलनलाई निहीत स्वार्थभन्दा पृथक रहेर बृहत् स्वार्थका निम्ति सहयोग पुर्‍याउन सक्छन् त्यस्तालाई मूल राजनीतिकधारमा सहभागी गराउने उचित ढोका विधानले निर्माण गर्नु उपयुक्त हुन्छ।

नेपाली कांग्रेसलाई सशक्त बनाउन विद्यमान पुरातन सोच र क्षमताले मात्र पुग्दैन। सामन्ती चिन्तन र आत्मकेन्द्रित मूल्यांकनले नेपाली कांग्रेसलाई पार लगाउन सम्भव हुँदैन। राजनीतिमा विज्ञता र सफलता अर्थात् मित्र ऋषिकेश तिवारीकै शब्दमा पोलिटिकल एक्टिभिज्म र डेभलप्मेन्ट एक्सपर्टिज्मको फ्युजन सिंगो राजनीतिमा हुनुपर्छ। त्यसमा पनि आजको नेपाली कांग्रेसका लागि यो सूत्र गम्भीर विचारणीय र प्रयोग्य छ। विज्ञेषु किमधिकम्।

# सधैँका विद्रोही विश्वेश्वर

विश्वेश्वरप्रसाद कोइराला (बीपी) माथि सबैभन्दा पछिल्लो आरोप सायद 'राजासँग मिलेको' अर्थात् 'समर्पणवादी' भए भन्ने हो। उनलाई आफ्नै पार्टीका नेता, राजनीतिक विपक्षी, राजदरबार र हिन्दुस्तानले समेत आआफ्नै स्वार्थका आँखाले हेरेर अनेकौं आरोप लगाएका छन्। बीपीलाई पञ्चहरूले 'अराष्ट्रिय तत्त्व' भने। कम्युनिस्टहरूले 'भारतीय दलाल' र सम्झौतापरस्त तथा विसर्जनवादी भएको आरोप लगाए। भारतले उनलाई चीन र पश्चिमसँग बढी नजिकिएको भारत विरोधी भन्यो। यी सबै आरोप गलत हुन् भन्नेमा अहिले धेरै सहमत भइसकेका छन्। बीपीलाई देशभित्र हिँडडुल गर्न खोज्दा ढुंगामुढा गर्नेहरूले समेत अहिले उनको महिमा गाउन थालेका छन्।

बीपीलाई उदार लोकतन्त्रवादी, लोकतान्त्रिक समाजवादी, मानवतावादी, देशभक्त, (राष्ट्रवादी हैन नि ! राष्ट्रवाद संकीर्ण हुन्छ) भन्ने गरिन्छ। (साहित्यमा त उनी आफैंले आफूलाई 'अराजक' भनेका छन्। यथार्थमा बीपी थिए के ? सम्भवत: संसारमै सबैभन्दा बढी चर्चित नेपाली भएर पनि विश्वेश्वरप्रसाद कोइरालालाई राम्ररी व्याख्या अझै कोही पनि सफल छैन। (सिद्धार्थ गौतमको त कसैसँग तुलनै हुँदैन नि !) समग्रमा बीपीलाई के भन्दा उनीमाथि अन्याय हुँदैन र उनको व्यक्तित्वका सबै पक्ष खुल्छन् ? पत्रकार जगत नेपालले यसको उत्तर दिएका छन्। बाह्रखरी बुक्सको पहिलो प्रकाशनका रूपमा शुक्रवार सार्वजनिक हुनलागेको पुस्तकबाट। पुस्तको शीर्षक छ - 'बीपीको विद्रोह'। बीपीलाई बुझाउने सम्भवत: सबैभन्दा उपयुक्त शब्द 'विद्रोह' नै हो।

बीपी आजीवन विद्रोही थिए। पुस्तक सार्वजनिक भएपछि उत्सुक पाठकले खोजेर पनि पढ्ने नै छन्। सार्वजनिक नहुँदै पुस्तकको चर्चा धेरै नगरौं। यसैले म यहाँ बीपीका विद्रोहका केही पक्ष प्रस्तुत गर्ने जमर्को गर्दैछु। बीपीले 'आफ्नो कथा' मा आफू विद्रोही हुनुको कारण जन्मसँग जोडेका छन्। आमाको गर्भबाट जबर्जस्ती (शल्यक्रियाद्वारा) बाहिर निकालिएकाले उनी विद्रोही भएका हुन् कि भनेर रमाइलो तर्क गरेका छन्। गर्भका कारण त कुन्नि पिता कृष्णप्रसाद कोइरालाको विद्रोही स्वभावको प्रभाव भने अवश्यै परेको हुनुपर्छ। उनको विद्रोह भारतीय स्वतन्त्रता संग्राममा होमिन सरकारी विद्यालयको पढाइ छाडेकै दिनदेखि सुरु भएको देखिन्छ। जीवनको उत्तरार्धमा उनले 'आफू एक्लो बृहस्पति' भएको खुलासा गरेका छन्। विद्रोह त्यसमा पनि देखिन्छ। आखिर प्रचलन वा धेरैको मतभन्दा बेग्लै धारणा राख्नु वा मार्ग अपनाउनु नै त विद्रोह हो।

भारतीय स्वतन्त्रता संग्राममा सहभागी हुनुसँगै उनले पढाइ त जसोतसो चालु नै राखे। कानुनमा स्नातक गरेपछि दार्जिलिङमा वकालतको अभ्यास गर्न थाले। राम्रै कमाइ गरेर सुखपूर्वक जीवन बिताउन वकालतमै सजिलो हुन्थ्यो। तर, जीवनवृत्तिको सहज बाटो छाडेर उनी राजनीतिमा होमिए। यो उनको अर्को विद्रोह थियो। नेपाली राष्ट्रिय काँग्रेसको स्थापनाका लागि बीपीले आह्वान गरे। राणाहरूविरुद्ध संस्थागतरूपमा संगठित र समर्पित हुने उनको अठोट पछिल्ला विद्रोहहरूको पहिलो खुड्किलो थियो। नेपाली राष्ट्रिय काँग्रेस 'शान्तिपूर्ण आन्दोलन'को माध्यमबाट राणा शासन हटाउन चाहन्थ्यो। तर, सुवर्ण शमशेरको राणाहरू बन्दुकको आवाजमात्र सुन्छन् भन्ने तर्कमा बीपी सहमत भए। राष्ट्रिय काँग्रेसका अरू साथीहरू स्वयं उनका दाजु मातृकाप्रसाद कोइरालाको बेवास्ता 'सशस्त्र जनक्रान्ति'को नीति मन परेको थिएन। बीपीले फेरि विद्रोह गरे - शान्तिपूर्ण आन्दोलनको मार्ग छाडेर सशस्त्र जनक्रान्तिको बाटो समाते।

क्रान्ति सकियो। राणा काँग्रेस संयुक्त मन्त्रीमण्डलमा बीपी गृहमन्त्री भए। उनका पछिल्ला नीतिमा चिन्तनमा यो मन्त्री पद कोसे ढुंगो हुनपुग्यो। दरबार र भारतसँग बीपीको दूरी बढ्न थाल्यो। अर्थात्, त्यति बेलाको नेपालको राजनीतिमा सबैभन्दा बढी प्रभाव भएका शक्तिहरूसँग बीपीले विद्रोह गरे। मन्त्रीपदबाट राजीनामा त यही विद्रोहको अभिव्यक्तिमात्रै हो। बीपीले नेपालको


गोविन्द अधिकारी

सामन्ती संरचना र स्थापनाविरुद्ध गरेको अर्को महत्त्वपूर्ण विद्रोह उदार लोकतन्त्रको भ्रूणबाट जन्मेको नेपाली काँग्रेसलाई औपचारिकरूपमै 'समाजवादी' घोषणा गर्नु पनि हो। यो तत्कालीन समाजका लागि ठूलै झट्का थियो। काँग्रेसमा गरिब सुकुम्बासीदेखि मध्यमवर्गीय किसान र धनाढ्यहरूसमेत संगठित थिए। अधिकांश पढेलेखेका व्यक्तिहरू यही मध्यमवर्गका थिए। यी सबैको स्वार्थ 'समाजवाद'ले हैन यथास्थितिवाट पूरा हुन्थ्यो। बीपीले भने यो सबैलाई बेवास्ता गरेर पार्टीलाई समाजवादी बनाए र न्यायोचित वितरणको नीति अपनाए। यो तत्कालीन समाजमा ठूलै विद्रोह थियो। नेपाली काँग्रेसले चुनावको माग गरेर भद्र अवज्ञा आन्दोलन गरेपछि राजा संसद्को चुनाव गर्न तयार भए। संविधान सभाको माग काँग्रेसले थाती राख्यो। पहिलो संसदीय निर्वाचनमा काँग्रेसको दुई तिहाइ बहुमत आयो। बीपी प्रधानमन्त्री भए। उनका प्रगतिशील नीतिहरू सामन्तहरूलाई मात्र हैन काँग्रेसकै पनि ठूलो समूहलाई मन परेको थिएन। उनले घरभित्र र बाहिर जताततै विरोधको सामना गरे। तर, संस्थापनसँग नझुक्ने र सम्झौता नगर्ने विद्रोही प्रवृत्ति बीपीले प्रधानमन्त्री हुँदा पनि देखाए। सत्तामा पुगेपछि बीपीका उत्तराधिकारीहरू किसुनप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाले संस्थापनासँग सम्झौता गरे। (किसुनजीले सम्झौता गरेर संविधान जारी गराए तर गिरिजाबाबु संस्थापनसँग बढी नै लहसिन थालेपछि गणेशमान सिंहको चित्त दुखेको हो।)

चीनसँगको मित्रता र पश्चिमी लोकतान्त्रिक मुलुकसँगको हार्दिकताले बीपी नेहरूभन्दा बेग्लै भए। इजरायललाई मान्यता दिएर बीपीले अन्तर्राष्ट्रिय सम्बन्धमा तेस्रो विश्व र असंलग्न आन्दोलनका नेताहरू भन्दै बेग्लै छवि बनाएका थिए। त्यति बेलाको नेपाल र भारतसँगको निकटताका दृष्टिले यो पनि विद्रोह नै त थियो। राजा महेन्द्रले प्रधानमन्त्री छँदै बीपीलाई कैद गरेर ८ वर्ष जेलमा राखे। त्यस अवधिमा सुवर्णजीले सशस्त्र आन्दोलन थालेर पनि भारतको दबाबमा स्थगित गरिसकेका थिए। नेपाली काँग्रेसले आधिकारिकरूपमा हतियार छाडेपछि बीपी कैदबाट मुक्त गरिए। तर, विद्रोही स्वभावले बीपीलाई छाडेन। पार्टीको शान्तिपूर्ण जनआन्दोलनको नीतिविरुद्ध विद्रोह गरेर उनले दोस्रो सशस्त्र आन्दोलन सुरु गरे। (यो विद्रोह भने उनका लागि प्रत्युत्पादक बन्न पुग्यो। मूलत: टिम्बुर बोटेको घटनाबाट भएको ठूलो क्षतिपछि सशस्त्र विद्रोह शिथिल भयो।) नेपालमा बीपीविरुद्ध थुप्रै मुद्दा चलाइएका थिए। उनैलाई सजाय दिन भनेजस्तै गरेर राष्ट्रिय पञ्चायतबाट २०३० को दशकको थालनीतिरै 'ज्यानमारा कानुन' बनाइएको थियो। गैरसरकारी विधेयकका रूपमा मरिचमान सिंहले प्रस्तुत गरेको त्यस कानुनमा लालमोहर लागिसकेको थियो। उता भारतमा संकटकाल लगाइएको थियो। इन्दिरा गान्धी बीपी र राजा दुवैलाई दबाब दिँदैथिइन्। सिक्किम भारतमा विलय गराइ सकिएको थियो। इरान र अफगानिस्तानमा राजाहरू विरुद्धको आन्दोलन चर्किंदै थियो। अर्थात्, दक्षिण एसिया अस्थिर हुँदैगएको देखिएको थियो। बीपीको विद्रोही स्वभावले उनलाई सशस्त्र जनआन्दोलन चटक्कै त्यागेर ज्यान हत्केलामा राखेर स्वदेश फर्कन लगायो। सहयोद्धाहरू सहमत भएका थिएनन्। गणेशमानजीले समेत असहमति जनाएका थिए। तर, सबैले हुन्न भन्दाभन्दै पनि 'मेलमिलाप'को नीति लिएर बीपी नेपाल फर्केर जेल गए। कम्युनिस्टहरू यसलाई बीपीले राजासँग आत्मसमर्पण गरेको ठान्छन्। यथार्थमा यो उनको देशभक्तिबाट उत्प्रेरित आफैँसँगको विद्रोह नै थियो।

माथिका सबै घटनाका बारेमा विस्तारमा बुझ्न सकिने अनेकौं पाठ्य सामग्री प्रकाशित भइसकेका छन्। 'बीपीको विद्रोह'मा भने लगभग सबै एकै ठाउँमा संयोजित छन्।

**आर्थिक नीतिमा विद्रोहको बीउ**

बीपीको विद्रोही चरित्रको थप उदाहरण उनको विकास चिन्तनमा पनि पाइन्छ। उनले आर्थिक नीतिमा विशेषगरी समाजवादको न्यायोचित वितरणको गुण अपनाउन खोजेका छन्। र, आफूलाई राजनीतिमा समाजवादी भनेका पनि छन्। तर, उनको विकास सम्बन्धी मान्यता र चिन्तन भने परम्परागत समाजवादीको जस्तो छैन। वितरणमा न्यायपूर्ण हस्तक्षेपको नीतिबाहेक परम्परागत समाजवादी र पुँजीवादीहरूको अभ्यास र चिन्तनमा खासै अन्तर देखिँदैन। यसैले त रुसका कट्टर कम्युनिस्ट अधिनायक जोसेफ स्टालिनले पनि अमेरिकी पुँजीपति हेनरी फोर्डकै विकास शैलीको अनुसरण गरे।

तर, बीपी राष्ट्रियता जनतामा हुन्छ भन्थे भने ठूला संरचना हैन जनताको जीवनमा पर्ने सकारात्मक प्रभावलाई विकास मान्थे। ईएफ सुमेकरको 'स्मल इज ब्युटिफुल' को चर्चा विश्वव्यापी हुनुभन्दा केही वर्ष पहिले नै उनले 'दिगो र मानवमुखी' विकास चिन्तन प्रकट गरिसकेका थिए। जेल जर्नलमै त्यसको बीउ देखिन्छ। नेपालमै बीपीको विकास र अर्थतन्त्रसम्बन्धी विचारको चर्चा नहुँदै उनका मित्र विली ब्रान्टले भने त्यसको सराहना गरेका छन्।

विकाससम्बन्धी चिन्तनका आधारमा हेर्दा बीपीले समाजवाद र पुँजीवाद दुवैबाट विद्रोह गरेको देखिन्छ। बीपीको विद्रोहको यस पक्षको विशद अध्ययन भने भएको छैन। (त्रिभुवन विश्वविद्यालयका रत्नमणि नेपालले विद्यावारिधिका लागि गरेको अध्ययनले बीपीको विकास चिन्तनमा थप प्रकाश पार्ने अपेक्षा राख्न सकिन्छ।) वैयक्तिक जीवनमा त बीपी यसै विद्रोही हुन्। बाबुको किरिया त गर्न पाएनन् तर आमाको पनि परम्परागत शैलीमा किरिया गरेनन्। सायद, कुनै रुढी पनि उनले मानेनन्। अर्थात, राजनीति, अर्थतन्त्र, विकाससम्बन्धी धारणा र वैयक्तिक जीवनमा यावत् पक्षमा बीपी विद्रोही रहे। बीपीलाई सुहाउने सबैभन्दा सही विशेषण 'विद्रोही' नै हुने देखिन्छ।

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

## स्वास्थ्यमा ऐन विपरित कार्य

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको महत्वपूर्ण महाशाखाको निर्देशकमा स्वास्थ्य सेवा ऐन विपरित फरक समूहका कर्मचारीलाई जिम्मेवारी दिने कार्य सरकारले गरेको छ । ऐन अनुसार परिवार कल्याण महाशाखाको निर्देशकमा पब्लिक हेल्थ एड्मिनिस्टेटर अर्थात जनस्वास्थ्य प्रशासक समूहकालाई निर्देशकको जिम्मेवारी दिनुपर्ने भए पनि त्यसलाई सरकारले लत्याएर अर्को समूहबाट कर्मचारी ल्याई महानिर्देशकको जिम्मेदारी दिने कार्य भएको छ। स्वास्थ्य मन्त्रालयले उक्त महाशाखामा बालरोग विशेषज्ञ डा. आर.पी. बिच्छालाई निर्देशकको जिम्मेवारी दिइपछि सरकारको यो कार्यको आलोचना स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला अन्य निकायमा पनि भैरहेको छ। डा. बिच्छा क्लिनिकल सेवा समूहका भएकाले उनलाई अस्पताल प्रमुखको जिम्मेवारी दिन मिल्ने तर सेवा समूह नै नमिलेको महत्वपूर्ण महाशाखाको जिम्मेवारी दिनु नहुने भनी सरकारको आलोचना भैरहेको हो । यो कार्य सरकारले ऐनमा भएको व्यवस्था विपरित गरेको भनी कर्मचारीहरु त्यस कार्यको विरुद्ध देखिएका छन् ।

उक्त ऐनमा व्यवस्था भए अनुसार परिवार कल्याण महाशाखाको निर्देशक हुनका लागि एम.बि.बिस अध्ययन गरेर एम.पि.एच. गरी जनस्वास्थ्य प्रशासक समूहमा रहेका ११ औं तहका कर्मचारी हुनुपर्ने हुन्छ। ११ औं तहमा तीन वर्ष काम गरिसकेका उक्त समूहका कर्मचारी मात्र निर्देशक हुन पाउने व्यवस्थालाई सरकारले लत्याएर बिच्छालाई जिम्मेदारी दिएको हो । बिच्छालाई सेवा समूह नै नमिले पनि ऐन विपरित सचिव डा. पुष्पा चौधरीले निर्देशक बनाएकी थिइन् । नयाँ संगठन संरचना अनुसार बाल स्वास्थ्य र परिवार स्वास्थ्य महाशाखा मिलाएर परिवार कल्याण महाशाखा बनाइएको हो। विगतमा मातृ स्वास्थ्यसँग सम्बन्धित काम परिवार स्वास्थ्य र नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य र पोषणको काम बाल स्वास्थ्य महाशाखाले गर्दै आएको थियो ।

सरकारले गरेको यो निर्णय तथा कार्यले सम्बन्धित निकायको प्रमुख बन्नका लागि योग्यता, क्षमता भन्दा पनि राजनीतिक चाकडीले प्रशय पाउने भनी कर्मचारीहरुमा चिन्ता बढ्नु स्वभाविक हो । कुनै पनि क्षेत्रमा कार्यरत कर्मचारीहरुको मनोवल बढाउनका लागि सोही क्षेत्रमा बढुवा हुने तथा नयाँ जिम्मेदारीको अवस्था आउँदा अवसर पाउनु पनि हो। तर, त्यसविपरित सरकारले अर्को क्षेत्र, समूहबाट प्रमुख थोपरिदिंदा उक्त संस्थाका कर्मचारीहरुको मनोवल गिर्ने हुन्छ । यसैगरी सो निर्णयको विरुद्धमा सरोकारवाला कर्मचारीहरुले सर्वोच्च अदालतको ढोका ढक्ढक्याई आफ्नो अधिकारको सुरक्षा गर्नुपर्ने अवस्था आउँदा त्यसले सरकार र कर्मचारीहरुका बीचमा वैमनश्यतामात्र बढाउने भएकाले यस्ता कार्यहरु गर्दा सरकार तथा सम्बन्धित निकायको पनि समयमै ध्यान जानु जरुरी हुन्छ ।

# केही सीमित मान्छेको कारण पार्टी संगठनको रक्तप्रवाह अवरुद्ध भएका छन्

**एनपी सावद**, केन्द्रीय सदस्य– नेपाली काँग्रेस

*स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पार्टीको पराजयपछि नेपाली काँग्रेसभित्र नेतृत्वको तीव्र आलोचना भएको छ । तर संस्थापन पक्षका नेताहरु भने सभापति देउवाको मात्रै दोष नरहेको तर्क गर्छन् । यसमा नेतृत्व तहमा हुने सबै नेताहरु उत्तिकै जिम्मेबार हुनुपर्ने उनीहरुको धारणा छ । तीमध्येका एक हुन् काँग्रेस केन्द्रीय सदस्य एनपी सावद । सभापति देउवा निकट रहेका सावदले पार्टीमा असन्तुष्टिको नाममा अहिले नै महाधिवेशनमा होमिएजसरी होमिएर आन्तरिक रुपमा पार्टीलाई कमजोर बनाउने काम भइरहेको बताउँछन् । उनले आसन्न महासमिति बैठकपछि काँग्रेसले सरकारका कमिकमजोरीविरुद्ध तीव्ररुपमा आवाज उठाउने बताउँछन् । प्रस्तुत छ, नेपाली काँग्रेसको वर्तमान अवस्था, पार्टीमा देखिएको असन्तुष्टि, महासमितिको तयारी, महाधिवेशनलगायतका विषयमा एनपी सावदसँग गरेको कुराकानी:*



**० नेपाली काँग्रेसको वर्तमान अवस्था कस्तो छ ?**

नेपाली काँग्रेस महासमिति बैठकको पूर्वतयारीमा छ । महासमितिको बैठकबाट संविधान अनुकूलको पार्टी संरचनाको विकास गर्ने, यतिञ्जेलसम्म काँग्रेसले लिँदै आएको आर्थिक नीतिका बारेमा समीक्षा गरेर अघि बढ्ने तयारीमा छौं । हामीले कस्तो आर्थिक नीति बनाउने भन्ने बारेमा निर्क्योलमा पुग्ने र राजनीतिक वस्तुस्थितिको पनि समीक्षा र विष्लेषण गरेर रणनीतिक र कार्यनीतिक दुइटै योजनाहरु निर्माण गरेर अगाडि बढ्ने लक्ष्यका साथ काँग्रेस अगाडि बढ्दैछ । यो पार्टीको आन्तरिक संरचनाको कुरो भयो । अब मुलुकले नेपाली काँग्रेसलाई ऐतिहासिक कार्यभार दिँदै आएको छ। शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्यायौं । संविधान लेखन गरेर निर्वाचन गर्यौं । अहिले मुलुकको राजनीतिले हामीलाई प्रतिपक्षीको रुपमा स्थापित गरेको छ। हामी अहिलेको अवस्थामा प्रमुख प्रतिपक्षको भूमिकालाई सशक्त र प्रभावकारी ढंगबाट निर्वाह गर्न चाहन्छौं ।

**० सरकार एकपछि अर्को गरेर जनअपेक्षा विपरीतका निर्णयहरु गरिरहँदा पनि काँग्रेस टुलुटुलु हेरिरहेको छ भन्ने आरोप छ । तपाईं कसरी ठोकुवा गर्नुहुन्छ कि प्रतिपक्षको भूमिकालाई सशक्त र प्रभावकारी ढंगबाट निर्वाह गर्छौ भनेर ?**

तपाईंले भन्नुभएको साँचो हो। अहिले सरकारले एकपछि अर्को गलत कदम चालिरहेको छ, गलत कदम र नीतिहरु अख्तियार गरिरहेको छ। सिंहदरबारमा भएको र संवैधानिक निकायहरुसँग भएको तागत र अधिकारलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याइएको छ। प्रधानमन्त्री अस्वस्थ हुनुहुन्छ, उहाँ हप्तौंपछि सिंहदरबार जानुभएको छ । त्यसकारण निगरानीको या सूचनाको र प्रभावकारी सुशासनको जुन अनुभूति नेपाली जनताले पाउनुपर्ने हो त्यसबाट नेपाली जनता वञ्चित भएको अवस्था छ। यसका साथसाथै यो बीचमा शन्ति सुरक्षाको अवस्थामा स्खलन आएको छ। दिनदहाडै हत्या-हिंसाका घटना बढेका छन्, बलात्कारका घटना बढेका छन् । अपहरणका घटना बढेका छन् । बलात्कार र अपहरणमात्रै होइन कि साना बालबालिकाहरु बिहान घरबाट निस्किसकेपछि साँझ सुरक्षित घर फर्किन्छन् कि फर्किँदैनन् भनेर अभिभावक चिन्तित हुनुपर्ने अवस्था मुलुकमा आइसकेको छ। सरकारले प्रहरी-प्रशासनलाई पार्टीको कार्यकर्ता जसरी प्रयोग गर्न खोजेको छ । उनीहरुको व्यापक र सघन ढंगले राजनीतिकरण गरिएको छ । न्यायपालिकाको क्षेत्रमा हस्तक्षेप भएको छ । न्यायपालिकाभित्र स्वतन्त्र न्यायमुर्तीहरुलाई प्रतिस्थापित गरेर पार्टीका कार्यकर्ताहरुलाई स्थापित गर्ने चाँजोपाँजो मिलाउन खोजिएको छ। भ्रष्टाचार बढेको छ । तपाईंले देख्नुभएको छ, नेपाल वायुसेवा निगमदेखि विभिन्न ठाउँमा भ्रष्टाचारका प्रकरणहरु एकपछि अर्को गरी आउँदै गरेको अवस्था छ। जनता सरकारबाट निराश छन् । जुन स्थिरता र समृद्धिको नारा लिएर यो सरकार गठन भएको थियो । यो सरकारले समृद्धि दिन सकेन । स्थिरताको जग पनि बिस्तारै हल्लिएको छ । यस्तो अवस्थामा सरकार हट्नुपर्छ, छाड्नु पर्छ, जानु पर्छ भन्ने जनताको तीव्र मनोकांक्षाका कारणले मान्छेहरु प्रतिपक्षले उठाएका आवाजहरुलाई मात्रै पर्याप्त ठानीरहेका छैनन् । सरकार विस्थापन गर्नमै प्रतिपक्षले पहल कदमी लिनुपर्छ भन्ने अपेक्षा गरेका छन् । यसकारण कतिपय ठाउँबाट, कतिपय कोणबाट आवाजहरु आइरहेका छन्, कि यस्तो ढंगबाट हुँदैन, अब कुनै न कुनै रुपमा प्रतिपक्षले अझै ज्यादा दरिलो रुपमा आउनु पर्यो भनेर यो आवाज उठिरहेको हो ।

**० पार्टीभित्र र पार्टी बाहिर काँग्रेसका सभापति शेरबहादुर देउवाको अत्यन्त धेरै आलोचना भइरहेको छ । काँग्रेस आन्तरिक किचलोमा रुमल्लिएको अवस्था पनि छ । यही त होइन कतै काँग्रेसले संसदमा उपस्थिति राम्रो देखाउन नसक्नुको कारण ?**

नेपालको समकालीन राजनीतिमा आलोचनामुक्त त को छ र ? सम्मानित राष्ट्रपतिका बारेमा पनि प्रश्नहरु उठेका छन् । अब प्रधानमन्त्रीको कार्यक्षमताका बारेमा, नेतृत्व क्षमताका बारेमा, उहाँको पार्टीको नीतिका बारेमा कुराहरु उठेकै छन् । हाम्रो पार्टीको बारेमा कतिपय ठाउँमा कुराहरु उठेनन् भनेर म भन्न चाहन्न, उठे होलान । हाम्रो पार्टीको नेतृत्व छनौट गर्ने निकाय, हामी कसरी नेता बनाउँछौं । हाम्रो नेता कसरी स्थापित हुन्छ । कसरी उसको कार्यपद्धति बन्छ । कसरी उसको नीति र कार्यक्रम के हुन्छ भन्ने बारेमा निर्क्योल गर्ने निकाय भनेको नेपाली काँग्रेस स्वयम् हो । हाम्रो पार्टीभित्र नेतृत्वको चयन महाधिवेशनको प्रक्रियाबाट हुने भएकाले जो पनि मान्छेले पार्टीको सभापतिका बन्न चाहन्छ उसले महाधिवेशनको प्रक्रियाबाट आउनुपर्दछ । दुइवर्ष अगाडि महाधिवेशन भएको थियो । कतिपय मान्छेहरुले महाधिवेशनमा लडे, कतिपय लड्दै लडेनन्, अब लड्दै नलड्ने पनि यस्तो हुनुपर्छ भन्छ । लडेर हारेको पनि यस्तो हुनुपर्छ भन्छ । महाधिवेशनको म्याण्डेड जुन सभापतिलाई प्राप्त छ त्यसको कार्यान्वयन गर्ने कुरा अहिलेको अर्को महाधिवेशन नहुञ्जेलसम्का लागि यो का–र्यसमितिको प्रमुख कार्यभार हो । यसका लागि सबैले सहयोग गर्नुपर्छ, हारेकाले पनि सहयोग गर्नुपर्छ, नलडेकाले पनि सहयोग गर्नुपर्छ र जितेकाले सबैलाई समेट्ने कोसिस गरेर अगाडि बढ्नुपर्छ । तर कार्यभार महाधिवेशनले मार्गचित्र बनाएको छ, त्यसको दायराभित्र रहेर अगाडि बढ्ने हो ।

**० जितेकाले सबैलाई समेटेर अगाडि बढ्नुपर्छ भन्नुभयो । पछिल्लो अवस्थामा संस्थापन पक्षले संस्थापन इतर समूहले राखेका कुराहरु नमान्ने र बहुमतका आधारमा पेलेर निर्णय गरिरहेको छ । नेविसंघको निर्णयमा त्यही गर्यो, विजयकुमार गच्छदारलाई उपसभापति बनाउँदा पनि विधान मिच्यो । किन इतर समूहका कुरा नसुनिएको त ?**

नेपाली काँग्रेसभित्र पार्टी सभापति प्रतिष्पर्धाबाट आउनुभो । महाधिवेशनमा प्रतिष्पर्धाबाट आउनु स्वाभाविक हो। काँग्रेसमा प्रतिष्पर्धाको लामो परम्परा पनि रही आएको छ। प्रतिष्पर्धाबाट आइसकेपछि पार्टीभित्र एउटा पनि यस्तो निर्णय भएको छैन कि जुन निर्णय सर्वसम्मतिले नहोस् । स्थानीय निर्वाचन, प्रादेशिक निर्वाचन र संघीय निर्वाचनमा टिकट वितरण गर्दा केन्द्रीय कार्यसम्पादन समितिले टिकट दियो, सर्वसम्मतिले दियो। उमेदवार चयन सर्वसम्मतिले गर्‍यो । यसैगरी विभिन्न कमिटिहरु बने, संसदीय समिति, कार्यसम्पादन समितिलगायतका जति पनि समिति बने ति सबै सर्वसम्मतिले नै बने । अब अहिले व्यवहारमा सबैभन्दा अप्ठ्यारो अवस्था के छ भने, सभापतिले प्रकृयाबाट निर्णय गरेर अगाडि बढ्न खोज्दा उहाँहरु सहमतिमा निर्णय हुनुपर्छ भन्नुहुन्छ । सहमतिले निर्णय गर्दाखेरि सहमत भइँदैन । एकथरी मान्छेहरु आफ्नो सहमति दिँदैनन् । यसले पूरा संगठनको जुन रक्तप्रवाह हो त्यो अवरुद्ध भएको छ । संगठन जसरी अगाडि बढ्नुपर्थ्यो, त्यसरी बढ्न सकेको छैन ।

शेरबहादुर देउवाले अनुशासन समिति गठन गर्छु भन्नुभयो । यसमा अनुशासन नमान्ने मान्छेहरु देशभित्र हजारौं भइसके । यत्रो विभिन्न चरणका चुनावहरुमा एकजना मान्छेपनि दोषी छैन त ? कति मान्छेले पार्टी छोडेका छन्, कति मान्छेहरुले अन्तरघात गरेका छन् । कति मान्छेहरुले विद्रोह गरेका छन् । कति मान्छेले आफ्नो दायित्व निर्वाह गरेका छैनन् । त्यसलाई कारबाही गर्न एउटा प्रक्रियाभित्र जानुपर्छ भन्दा अहिलेसम्म सभापतिलाई नाम प्राप्त भएको छैन । एक जनाको होइन दुई जनाको नाम दिनुस्, पाँच जनाको समिति हो । नाम दिनुस् मिलाएर जाउँ भन्दाखेरी नाम दिँदैनन् । सर्वसम्मतिले कार्यसम्पादन समिति भंग गरिनुपर्छ भनेर भंग गराइयो । सर्वसम्मतिले संसदीय बोर्ड गठन भयो, यो वैधानिक भएन भनेर त्यसलाई पनि भंग गराइयो । सभापतिले गर्ने के त ? हामी बाध्य भएर अनिर्णियको बन्दी बन्नुभन्दा प्रक्रियामा गएर निर्णय गर्नुपर्ने बाध्यताको चेपुवामा परेको अवस्था छ । नेविसंघको बारेमा पनि यही भएको हो । नेविसंघको बारेमा हामीले यसको विधान हामीले परिमार्जन गरिदिनुपर्छ भन्यो । किन भने विद्यार्थीहरु नै स्वयम् नयाँ विधान मागिरहेका छन् । यसलाई विधान परिमार्जन गरेर अघिल्लोपटक नै लगाएको ३२ वर्षे उमेरहद लागु गरेर समयमै छिटो, छरितो र चुस्त ढंगले महाधिवेशनतर्फ लैजानुपर्छ भन्यौं । विधानमा पहिले नै उल्लेखित कुरामा पनि नोट अफ डिसेन्ट लेख्ने काम भयो । र सामान्य नेविसंघको विवादको कुरोलाई राष्ट्रियकरण गर्ने काम भयो । पार्टीका शीर्ष नेताहरु समेत यो विवादमा मुछिने अवस्था आयो ।

**० अर्को तिर म तपाईंलाई भन्न चाहन्छु, विजयकुमार गच्छदार यस्तो बेला नेपाली काँग्रेसमा आउनुभएको हो कि जुन बेला दुइटा कम्युनिष्ट पार्टी एक भएर चुनावमा नेपाली काँग्रेसका विरुद्धमा मोर्चाबन्दी गरेर**

(बाँकी ४ पृष्ठमा)

# नेपाली लघुवित्तसँग सम्वन्धित समस्याहरु

**रमेशकुमार पोखरेल**

न्यून आय भएका व्यक्ति र उनीहरुबाट सञ्चालित लघु व्यवसायलाई दृष्टिगत गरी प्रबन्ध गरिएको वित्त व्यवस्था नै लघुवित्त हो। लघुवित्त व्यवस्था विश्वव्यापी रुपमा स्वीकार गरिएको गरिबी निवारणको सशक्त औजार हो। यसले एकातिर वित्तीय श्रोतको माध्यमबाट स्वरोजगार श्रृजना गरी न्यून आय भएका व्यक्तिहरुको जीवनस्तरलाई सुदृढ बनाउँछ भने अर्कोतिर सचेतनामुलक कार्यक्रमको माध्यमबाट सामाजिक रुपमा सशक्त बनाउँछ। यसको प्रभाव बहुआयामिक हुन्छ। नेपालमापनि लघुवित्तलाई गरिबी निवारण र सशक्तिकरणको महत्वपूर्ण हतियारको रुपमा आत्मसात गरी सोही बमोजिमको प्रबन्ध गरिएको छ। नेपालको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान दिँदै आइरहेको लघुवित्त व्यवस्था समस्याहरुबाट मुक्त भने छैन। यस आलेखमा नेपालका सञ्चालित विभिन्न मोडलका लघुवित्तका समस्याहरु उजागर गर्ने प्रयत्न गरिएको छ।

लघुवित्त संस्थाहरुको लागि वित्तीय श्रोत प्रमुख समस्याको रुपमा रहेको छ। प्रमुख वित्तीय श्रोतमा पूंजी, निक्षेप र ऋण तथा अनुदान पर्दछ। लघुवित्त नाफारहित समाज सेवा हैन, न त यो च्यारिटी नै हो। यो त व्यवसायिक मूल्य मान्यतामा आधारित वित्तीय मध्यस्थता सेवा हो। यो नाफामुलक व्यवसाय हो, त्यसैले त दीगो हुन्छ। न्यून आय भएका व्यक्ति र तिनीहरुबाट सञ्चालित लघु उद्यमलाई ऋण प्रवाह गरी उनीहरुको जीवनस्तर माथि उठाउने र गरीबी निवारण गर्ने लघुवित्त संस्थाको वित्तीय श्रोत पनि दीगो र भरपर्दो हुनु पर्दछ।

ऋण लगानीको लागि पूँजीलाई भरपर्दो श्रोतको रुपमा लिइदैन। संस्थाको स्थापना, सम्पति खरीद तथा अन्य प्रवन्धकीय कामका लागि पूँजीको उपयोग हुन्छ। ऋण तथा अनुदान बाह्य वित्तीय श्रोत हो। लघुवित्तले प्राप्त गर्ने ऋण महँगो हुन्छ भने अनुदान दीगो हुँदैन। अनुदानमा हुने निर्भरताले व्यवसायिकता खस्कन्छ। वित्तीय मध्यस्थताको काम गर्ने संस्थाको लागि ऋण प्रवाहको दीगो र भरपर्दो श्रोत निक्षेप नै हो। सदस्यमा आधारित वित्त व्यवस्था भएकोले गैरसदस्यबाट वा खुला बजारबाट निर्वाध रुपमा निक्षेप संकलन गर्न संस्थाले नसक्ने भएकोले यो श्रोत पनि पर्याप्त हुँदैन। नेपालका अधिकांश लघुवित्त संस्थाहरु ऋणमा निर्भर रहने गरेका छन्। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई उनीहरुको कर्जाको निश्चित प्रतिशत रकम विपन्न बर्गमा प्रवाह गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेकोले यसै व्यवस्थाभित्र रहेर बैंक तथा वित्तीय संस्थाहरुले लघुवित्त संस्थाहरुलाई कर्जा प्रवाह गर्दछन्। यस्तो कर्जाको व्याजदर बजारले निर्धारण गर्ने भएकोले सस्तो भने हुँदैन। बजार दरमा कर्जा लिई सञ्चालन लागत लगायत सबै लागतहरु जोडी लगानी गर्दा लघुवित्तले लिने व्याज महँगो हुने गरेको छ। लघुवित्त संस्थाहरुलाई साहु महाजनहरुको परिस्कृत रुप भनेर आरोप लाग्ने कारण पनि यही हो।

लघुवित्त सेवाको पहुँच पनि यस क्षेत्रको प्रमुख मुद्दा हो। लघुवित्त संस्थाहरु सजिलै पुग्न सकिने घना वस्तीहरुमा बढी केन्द्रित छन्। अति विपन्न समुदाय बसोबास गर्ने उच्च पहाडी तथा हिमाली क्षेत्रका विकट ठाउँमा सेवाको लागतका कारण जान रुचाउँदैनन्। त्यस भेगमा बसोबास गर्ने विपन्न समुदाय वित्तीय सेवा प्राप्त गर्नबाट बञ्चित छन्। पहाडी तथा हिमाली क्षेत्रका अति विकट क्षेत्रलाई कार्यक्षेत्र बनाएका लघुवित्त संस्थालाई सरकार अथवा दाताले निश्चित समयसम्म सञ्चालन लागतमा अनुदान दिई उत्प्रेरित गर्नुपर्ने देखिन्छ।

सुगम तथा समुन्नत बजारमा लघुवित्त संस्थाहरु धेरै छन्, प्रतिस्पर्धा पनि उच्च छ। एउटै व्यक्तिले धेरै संस्थाहरुबाट ऋण लिने गरेका छन्। एउटा संस्थाबाट लिएको ऋण तिर्न अर्को संस्थाबाट ऋण लिने प्रवृत्ति मौलाएको छ। यसबाट एकातिर वित्तीय अनुशासनहिनता बढेको छ भने अर्कोतिर ऋण ग्रस्तताको समस्या चुलिएको छ। ऋणी ऋणको बोझले आत्महत्यासम्मको अवस्था आउन थालेको छ। सुगम र घना बस्ती भएका क्षेत्रका लघुवित्त संस्थाहरुको हकमा दोहोरो ऋणको अवस्था आउन नदिन कर्जा सूचना केन्द्रको व्यवस्था गर्ने विषय २०७५र७६ को मौद्रिक नीतिमा उल्लेख भएको छ। यसको लागि संरचनागत र प्रक्रियागत व्यवस्था हुन बाँकी नै छ।

अशिक्षा र गरीवी नेपाली समाजका जुम्ल्याहा शत्रुहरु हुन्। ती शत्रुहरुलाई परास्त गर्न लघुवित्त व्यवस्था अचुक हतियारको रुपमा स्थापित भैसकेको छ। यसको लागि दक्ष जनशक्ति र सुदृढ वित्त व्यवस्था आवश्यक हुन्छ। नेपालका स्कुल, कलेज तथा विश्वविद्यालयबाट उत्पादित जनशक्ति नेपाली समाजको विशेषता र समस्यासंग परिचित छैन। अंग्रेजी माध्यमबाट अध्ययन गरेको शहर केन्द्रित जनशक्ति नेपालको ग्रामिण परिवेशको विषयमा जानकार छैन, फिल्डमा गएर विपन्न वर्गसंग कामगर्न रुचाउँदैन। यस क्षेत्रमा काम गर्ने जनशक्तिको पारिश्रमिक र वृत्ति विकास पनि सन्तोषजनक छैन। त्यसैले दक्ष र योग्यजन शक्तिलाई यस क्षेत्रले आकर्षित गर्न सकेको छैन। शैक्षिक क्षेत्रमा लघुवित्त सम्बन्धी विषयले प्राथमिकता पाउन सकेको छैन नत यसलाई ल्क्कअण्डप्लिभ कै रुपमा आत्मसात गरिएको छ। त्यसैले लघुवित्तको क्षेत्रमा प्रभावकारी व्यवस्थापकीय कुशलता भएका, लेखा सम्बन्धी स्वीकार्य अभ्याससँग अभ्यस्त र अभिलेख व्यवस्थापनमा दखल भएका जनशक्तिको अभाव खड्किने गरेको छ।

प्रविधिले प्रक्रियागत जटिलताहरुलाई न्यून गरी सेवा प्रवाहमा गुणस्तरलाई सुनिश्चित गर्दछ। लागत प्रभावकारिता अभिवृद्दि गर्दछ। उपयुक्त प्रविधिको प्रयोगले समय र पैसाको बचत मात्र गर्दैन व्यवस्थापकीय निर्णयहरुलाई समेत गुणस्तरीय बनाउँछ। सेवा विस्तार गर्न, सञ्चालन खर्च न्यून गर्न अनि सरल र सुलभ दरमा आवश्यकता अनुसारका वित्तीय सेवा प्रवाह गर्न प्रविधिको प्रयोग आवश्यक छ। नेपाली लघुवित्तका क्षेत्रमा प्रविधिको प्रयोग व्यापक रुपमा भएको छैन। लघुवित्त संस्थाका अधिकांश सञ्चालक, कर्मचारी, सदस्य तथा ग्राहकहरु प्रविधिमैत्री छैनन्। लघुवित्त संस्थाको व्यवस्थापन सूचना प्रणाली भरपर्दो, विश्वसनीय र गुणस्तरीय छैन। सूचना संकलन, प्रशोधन र सम्प्रेशण गर्ने प्रणाली सुदृढ नभएकोले आवश्यक परेको बेलामा आवश्यक सूचना प्राप्त गर्न कठिन छ। प्राप्त सूचनामा पनि गम्भिर त्रुटिहरु हुने गरेका छन्। सेवा प्रवाहमा पनि स्मार्ट कार्ड, इन्टरनेट, मोवाइल आदिको प्रयोगलाई व्यापक बनाइएको छैन।

लघुवित्त संस्थाबाट ऋण लिएका ऋणीहरुको सरकारद्वारा ऋण मिनाहा गर्ने प्रवृत्तिले भविष्यमा पनि ऋण मिनाहा हुने आशा जागृत हुन्छ। यस्ले समयमा ऋण नतिर्ने, अटेर गर्ने संस्कृति मौलाउँदछ, वित्तीय अनुशासन कमजोर हुन्छ र प्रणालीमै नकारात्मक असर पर्दछ। नेपालको लघुवित्तको क्षेत्रमा सरकारको तर्फबाट बेला बेलामा ऋण मिनाहा दिने प्रचलन रहेको छ।

ऋणीहरुलाई प्रदान गरिने व्याज अनुदानले बजारको स्वभाविक प्रक्रियामा अवरोध पैदा गर्दछ, व्याजदरमा अराजकता श्रृजना हुन्छ। तत्काल राहत दिएको जस्तो देखिएता पनि दिर्घकालिन असरको रुपमा प्रणाली कमजोर हुन्छ। प्रणाली कमजोर भयो भने कसैको पनि हित हुँदैन। व्याजदर अनुदान राहत प्रदान गर्ने उपयुक्त औजार नभएकोले लघुवित्तको क्षेत्रमा यसलाई अवलम्बन गर्नु हुँदैन।

## बीमा : बीमाको आबश्यकता, महत्व र इतिहास

'बीमा' शब्द फारसीबाट आएको शब्द हो। जसको अर्थ हुन्छ- 'भावार्थ' अर्थात 'जिम्मेवारी लिनु।' तर विभिन्न विश्लेषकहरुले बीमालाई जोखिम हस्तान्तरणको रुपमा पनि व्याख्या गर्ने गरेका छन्। बीमा भनेको आर्थिक नोक्सान हुँदा दिइने क्षतिपुर्तिको ग्यारेन्टी हो। तर बीमा गर्दा बिमित र बीमकबीच सम्झौता हुन्छ। कसैलाई पनि भोली के हुँदैछ भन्नेबारे थाहा हुँदैन। तर अचानक भोली जे पनि हुन सक्छ। भविष्यमा आर्थिक तथा भौतिक क्षति हुन सक्छ। त्यही सम्भावित जोखिमको भरणपोषण गर्न गरिने एक प्रकारको सम्झौता बीमा हो। खासगरि बीमा दुई प्रकारमा बीमा गर्न सकिन्छ-

**१. जीवन बीमा**

बीमा समितिले बीमा भनेको व्यक्तिको आयुको आधारमा किस्ताबन्धी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी कारोबार भनेर उल्लेख गरेको छ। जीवन बीमा पनि मुख्य गरी तीन वर्गका हुन्छन्।

**क) आजीवन जीवन बीमा**

बीमा निश्चित अवधिका लागि गरिन्छ। आजीवन जीवन बीमामा निर्धारित अवधिसम्म बिमितले बीमाशुल्क भुक्तानी गर्दै जान्छ। बिमितको मृत्यु भएपछि निजले इच्छाएको व्यक्तिले एकमुस्ट रकम प्राप्त गर्छ। यस्तो योजनामा बीमा अवधि सकिएपछि बिमितले बिमा शुल्क तिर्नुपर्दैन र मृत्यु नभएसम्म उसले रकम पनि फिर्ता पाउँदैन। यद्यपि बीमा अवधि अगावै बिमितको मृत्यु भएमा इच्छाएको व्यक्तिले एकमुस्ट रकम भने पाउँछ। यस्तो खालको योजना खरिद गर्दा बीमाशुल्क सस्तो पर्छ।

**ख) सावधिक जीवन बीमा**

निश्चित अवधिसम्ममा बिमित जीवित रहेको अवस्थामा एकमुस्ट रकम प्राप्त गर्ने, यदि बिमितको मृत्यु भएको अवस्थामा निजले इच्छाएको व्यक्तिले एकमुस्ट रकम प्राप्त गर्ने योजना सावधिक जीवन बीमा योजना हो। यो योजनाअनुसार तोकिएको अवधिसम्ममा बिमितले बीमाशुल्क बुझाउनुपर्छ। बीमा अवधि समाप्त भएपछि बिमित स्वयमले नै बीमांक रकम र बोनस प्राप्त गर्छ। बीमा अवधि समाप्त नहुँदै बिमितको मृत्यु भएमा बिमांक रकम र सो अवधिसम्म भुक्ता भएको बीमाशुल्कको बोनस रकम इच्छाएको वा हकवालाले प्राप्त गर्छ। त्यस्तै दोहोरो दुर्घटना लाभसमेत योजनामा समेटिएको भएमा दुर्घटना रकम पनि प्राप्त हुन्छ।

**ग) म्यादी जीवन बीमा**

सीमित अवधिका लागि मात्रै यस्तो खालको बीमा गरिन्छ। बीमा अवधिसम्म बिमितले बीमाशुल्क भुक्तानी गर्छ। बीमा अवधिभित्रमा बिमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले बिमांक रकम र बोन प्राप्त गर्छ। तर बीमा अवधिभित्रमा बिमितको मृत्यु नभएमा रकम फिर्ता हुँदैन। यस्तो योजनाको बीमाशुल्क पनि कम हुन्छ।

**२. निर्जीबन बीमा**

जीवन बीमा बाहेक चल-अचल सम्पत्ति जस्तै घर, उद्योग कलकारखाना, सवारी साधन आदीको बीमा निर्जीवन बीमा हो। यस किसिमका बीमा अन्तर्गत दुर्घटना, औषधी उपचार खर्च, तेस्रो पक्ष दायित्व, उत्पादन दायित्व, विदेश यात्रामा पर्ने जोखिम लगायतको बीमा हुन्छ। दुर्घटना, आगलागी, चोरीलगायत विभिन्न किसिमका प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको क्षतिपुर्ति प्राप्त गर्न तथा जोखिमबाट हुन सक्ने सम्भाव्य नोक्सानीको क्षतिपूर्ति वा राहत पाउन बीमा गर्ने गरिन्छ। पछिल्लो समय सरकारले कृषिअन्तर्गत पशुबीमा पनि ल्याएको। भौतिक सम्पति, उत्पादनमुलक बाली तथा व्यवसायमा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै बीमाको क्षेत्र विस्तार भईरहेको छ।

**केही....**

**बेसेका थिए । गच्छदार आउँदा हाम्रो पार्टी र उहाँको पार्टीका बीचमा सहमति भएको थियो। त्यो सहमति भैसकेपछि कार्यान्वयन हुनुपर्छ कि पर्दैन ?**

कार्यान्वयन गर्ने बेलामा पनि शेरबहादुर देउवासँगै कतिपय नेताहरुले पनि गच्छदारलाई चाँडो समायोजन गर्नुपर्छ भनेर आवाज उठाउनुभयो। उहाँहरुकै चाहनाअनुसार पार्टी सभापतिले पहिले २ पार्टीका बीचमा भएको सहमतिअनुसार समायोजन गर्न खोज्दा विधानको यो दफा मिलेन, त्यो दफा मिलेन भनेर अड्को थप्नुभयो। अर्को पार्टीको मान्छेलाई पार्टीमा ल्याउने कुरा कहाँबाट विधानअनुसार मिल्छ ? सहमतिले मिलेको हो, यो राजनीतिक निर्णय हो। राजनीतिक प्रक्रियाबाट नै यो अगाडि बढ्छ। आउँदो महासमितिको बैठकले यसलाई अनुमोदन गर्छ। त्यसकारण हामीले गरेका कुराहरु राजनैतिक बाध्यताका उपज हुन्। सभापतिले सहमतिमै पार्टीलाई अगाडि बढाउन चाहिरहनुभएकै छ।

**० पछिल्लो समयमा काँग्रेसभित्र असन्तुष्टि यति धेरै बढ्नुको रहस्य चाहिँ के हो ? यहाँहरुको बीचमा आन्तरिक द्वन्द्व के का लागि ?**

काँग्रेसभित्र देखिएका समस्याको सबैभन्दा ठूलो जड भनेकै असमयमा नेताहरुलाई महाधिवेशन लाग्नु हो। महाधिवेशन भएको दुइवर्ष गयो, दुइवर्ष अझै पनि पदावधि नै बाँकी छ। विधानअनुसार त त्योभन्दा पनि अलि ज्यादा नै छ। पार्टी कमजोर भएको बेलामा एक व्यक्तिलाई असफल बनाउने चक्रव्युहमा धकेल्न हुन्न। अहिले यो बीचमा पार्टीका कमिटीहरु निर्माण गर्ने कुरामा हामी एकमत हुनुपर्छ। कामका बारेमा हामी एक मत हुनुपर्छ। आउँदो महाधिवेशनमा आफूले पार्टीलाई अगाडि बढाउन आफ्नो मैलिक मार्ग प्रस्तुत गरौं र त्यहाँ प्रतिस्पर्धा गरौं। स्वच्छ प्रतिस्पर्धा हामीहरुका बीचमा दरिलो किसिमले हुन सक्यो भने महाधिवेशनले उपयुक्त नेतृत्व चयन गर्छ नि। अधिवेशन लाग्या जस्तो गरेर पार्टीको केन्द्रीय कमिटिले गर्ने, पार्टीको संगठनले गर्ने काममा बाधा पुऱ्याउने। ठाउँठाउँमा हुने आमसभाहरुमा, अन्तर्वार्ताहरुमा, भेलाहरुमा अराजक र अनुशासनको दायराभन्दा बाहिर गएर अभिव्यक्ति दिने र स्थानीय तह, प्रदेश तह र संघीय तहमा पार्टी गाह्रो र अप्ठ्यारो अवस्थामा परेको बेला, कार्यकर्ताहरु छट्पटाई राखेको बेलामा, कार्यकर्ताहरुमा निराशा पनि आइराखेको बेलामा विरोधको कुरा अभिव्यक्त गरिदिने बितिक्कै त्यसले पार्टीका कार्यकर्ताहरुको मनोबल बढ्दैन। बरु घटाउँछ। यस्ता काम र यी कुराहरुले अहिले प्रतिपक्षको भूमिकामा रहेको पार्टी आगामी ४ वर्षमा फेरि सत्तामा आउने दिशामा अगाडि बढ्न सक्दैन। यस कारण पार्टीको 'प्यांक एण्ड फायर', पार्टीको सभापतिदेखि लिएर साधारण सदस्यसम्मले विधानलाई मान्नुपर्ने, अनुशासनलाई मान्नुपर्ने, नेपाली जनताको हक-अधिकार र प्रजातान्त्रिक मुल्य-मान्यता, पद्धति र आदेश अंगिकार गरेको नेपाली कांग्रेसको जुन विरासत छ त्यसलाई आत्मसाथ गरेर अगाडि बढ्नुपर्छ।

**० संस्थापन इतरका सिनियर र युवा नेताहरु ठाउँ-ठाउँमा भेला भएर आशन्न महासमिति बैठकमा सभापति देउवाविरुद्ध गरिने मोर्चाबन्दीको पूर्वतयारीमा देखिएका छन्। यहाँहरु त्यसको बचाउका लागि के गरिरहनुभएको छ ?**

कसैले कसैको घरमा खाना खायो। कुनै परिवार अथवा साथीभाइको बीचमा मिलाप भयो भनेपछि त्यसमा आत्तिनुपर्ने कुनै कुरै छैन नि। अब कहनिर युवाहरुले पनि भेला गरे। छलफल गरे भने पनि त्यसमा आत्तिनु पर्ने कुनै कुरा देख्दिन। मुख्य कुरो के हो भने यी भेला, छलफल, संवादहरु कुनै पनि पिँढीको तहमा होउन यसले पार्टीलाई अगाडि बढ्नमा के मद्दत पुऱ्याउँछ भन्ने कुरा ठूलो हो। यसले सशक्त प्रतिपक्षी पार्टीको रुपमा नेपाली कांग्रेसलाई यस्ता भेलाहरुले के 'इनपुट' दिन्छन्, कस्तो योगदान पुऱ्याउँछन् भन्ने कुरा महत्वपूर्ण हो। भेलाबाट अन्तरविरोधहरु चर्किने, आन्तरिक गुटबन्दी फस्टाउने, अनुशासनहिनता बढ्ने जस्ता कुराहरु हुन्छन् भने यो नराम्रो हो। तर यस्ता भेलाले एकताका लागि पार्टीलाई सही बाटोमा लैजानका लागि योगदान दिन खोजेका छन् भने यसको सकारात्मक देखिन्छ। तर जहाँसम्म नेताहरुको भेला भयो भन्ने कुरा छ, केन्द्रीय समितिमा सभापति देउवासँग बहुमत छ, पार्टीको संसदीय दललगायतका कमिटिहरुमा पनि उहाँको बहुमत छ। पार्टी सभापति आफै यसको नेता भएकाले ठाउँठाउँमा भेला गर्नुहुन्न। कतिपय पत्रकार साथीहरुले असन्तुष्टिका फरक मतहरु राखेको कुरालाई मात्रै एउटा पार्टको रुपमा नहेरेर त्यसलाई सर्वागिण पार्टी एउटा चित्रको रुपमा त्यसलाई देखाउन खोज्नुहुन्छ, त्यसले कहिले काँही असहज देखिन्छ। सभापतिसँग सुविधाजनक बहुमत छ, त्यो सुविधाजनक बहुमत उहाँले प्रयोग गरिरहनुभएको छैन। उहाँले सर्वसहमत बाटोबाट अगाडि बढिरहनुभएको छ।

**० इतर समूहका भेलामा हुने निर्णयहरु सभापतिविरुद्ध हुन्छन् र नेतृत्व परिवर्तन नै उहाँहरुको मुख्य उद्देश्य जस्तो देखिन्छ। के आगामी महाधिवेशनमा सभापति देउवाले फेरिपनि उमेदवारी दिनुहुन्छ ?**

अब शेरबहादुर देउवालाई प्रतिस्थापन गर्न उहाँभन्दा बृहत्तर किसिमको नीति, कार्यक्रम र नेतृत्व प्रस्तुत गर्न सक्नु पर्यो। अहिले उहाँभन्दा बढी लोकप्रिय फलानो मान्छे छ, संगठनमा सर्वस्वीकार्य क्षमता फलानो मान्छेसँग ज्यादा छ भन्ने कुरा सार्थक बहस नेपाली कांग्रेसभित्र अहिले पनि छिरेको छैन। भेला, छलफल भएको छ, को नेता हो भन्दा नेता जो भए पनि पछि भनौंला भनिरहेका छन्, शेरबहादुरलाई हटाउनुपर्छ भन्ने कुरामात्रै आएका छन्। यसले बीपी कोइरालाले निर्धारित गरेको पार्टीको गन्तव्य, मुलुकको समृद्धि-उन्नतिको चित्र छ त्यस अनुकुलको पार्टी संयन्त्रलाई बनाउने हाम्रो मिसनलाई त्यसले सहयोग पुऱ्याउन सक्दैन। संस्थापन इतर समूहले आगामी महाधिवेशनमा देउवालाई जसरी भएपनि रोक्ने रणनीति बनाएको छ। त्यो रणनीतिलाई असफल पार्न संस्थापन पक्षले कस्तो तयारी गरेको छ ? पार्टीभित्र धेरै पहिलेदेखि नै प्रतिष्पर्धा हुँदै आएको छ। विचार समूहमा पनि विद्यमान छँदैछन्। यी विचार समूहमा पनि छलफल, मन्थन भइरहेकै छ। अहिले काँग्रेसले महासमितिको तयारी गरिरहेको छ। अस्ती विधान सम्बन्धि भेलाहरु भए। त्यसपछि आर्थिक नीतिका बारेमा, राजनैतिक प्रतिवेदन निर्माणका लागि भेलाहरु भएका छन्। पार्टीका सभापतिहरुको भेला सम्पन्न भएको छ। अब महासमितिपछि हामी आफ्नो संसदीय प्रस्तुतिलाई पनि ज्यादा प्रभावकारी बनाउँछौं। हामी सडकमा पनि सरकारको कुशासन, भ्रष्टाचार, अधिनायकवादको बाटोमा लैजाने ढंगले जसरी हिँडेको छ सामान्य नेपाली जनतामा कम्युनिष्ट सरकार अधिनायकवादको बाटोमा जान्छ भन्ने चिन्ता बढी रहेको छ। यसलाई प्रतिस्थापन गर्न पनि प्रजातान्त्रिक शक्ति कमजोर गर्ने बित्तिकै अर्को अधिनायकवाद आउँछ भनेर नेपाली जनतामा छाएको चिन्ता सम्बोधन गर्ने गरि प्रजातन्त्रवादीहरुले सडक-सदन दुवै ठाउँमा आफ्नो लागि स्पेस विस्तार गरेर हामी महासमितिको बैठक पछाडि प्रस्तुत हुन्छौं।

**० काँग्रेसमा सभापति देउवाको उत्तराधिकारी को ?**

उत्तराधिकार सामान्यतया वंशानुगत शासन भएको ठाउँमा ज्यादा छ। हाम्रो पार्टी प्रतिष्पर्धामुखी र प्रजातन्त्रमा विश्वास गर्ने पार्टी भएकाले महाधिवेशनमा जसलाई साथीहरुले विश्वास गर्छन त्यसैले पार्टीको नेतृत्व गर्छ।

**० उपसभापतिहरु विमलेन्द्र निधि र विजयकुमार गच्छेदारमध्ये तपाईंहरु आगामी महाधिवेशनमा कसलाई अगाडि बढाउनुहुन्छ ?**

दुइटै उपसभापतिहरु जिम्मेवार नेता हुनुहुन्छ। पार्टी सभापतिमा सभापति शेरबहादुर देउवा आफैंले लड्छु भनिराख्नुभएको छ। त्यसकारण मलाई अहिले नै भावी महाधिवेशनको रुपरेखा बनाउनु जरुरी लाग्दैन। महाधिवेशनकै समयमा आवश्यकता हेरेर यसका बारेमा निर्क्योल गर्नुपर्छ।

**० अन्तमा, महासमिति अब तोकिएकै मितिमा हुन्छ ?**

महासमितिका लागि स्थान तय भैसकेको अवस्था छ। विभिन्न समितिहरुले प्रतिवेदन बुझाइरहेका छन्। हामी लगातार रुपमा महासमितिको तयारीमा जुटेका छौं। जुन तीव्रताका साथ कामहरु भैरहेका छन्। त्यसलाई हेर्दा महासमिति सर्दैन, तोकिएकै मितिमा सम्पन्न हुन्छ।

*बाह्रखरीडटकमबाट*


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

**सडक सीमाभित्र राखिएका सवारी साधनहरु हटाउनेबारेको अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा यस विभागअन्तर्गत काठमाडौं उपत्यका सडक विस्तार आयोजनाबाट विस्तार, सुधार भइरहेको कलंकी-नागढुङ्गा सडकको दायाँ-बायाँ सडक सीमाभित्र पुराना बिग्रेका तथा अन्य प्रकृतिका सवारीसाधनहरु जथाभावी रुपमा राखिएको कारण सवारी आवागमन तथा सडक निर्माण कार्यमा बाधा, अवरोध पुग्न गएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। सडकमा राखिएको त्यस्ता प्रकृतिका सवारी साधनहरु सम्बन्धित सवारीधनीहरुले सडक सीमाबाट हटाउनुहुन सूचित गरिन्छ। अन्यथा सार्वजनिक सडक ऐन, २०३१ को दफा १८ बमोजिम भैजाने व्यहोरासमेत जानकारी गराइन्छ।

**सडक विभाग**

# नेपाली काँग्रेसमा विनिर्माण, आजको खाँचो

नेपालमा यतिखेर क्रियाशील दलहरूमध्ये ने.का. सबैभन्दा जेठो दल हो भने लोकतान्त्रिक आन्दोलन, सङ्घर्ष र क्रान्ति अभियानमा मुख पात्र पनि हो भन्नु अतिशयोक्ति हुँदैन । चिन्तका धनी बीपी, साहसका प्रतीक लौह मानव गणेशमान, त्याग र कुशाग्र बुद्धिका सन्त किसुनजी, सङ्गठन कुशल सुवर्ण एवम् गिरिजा, हजारौँ सहिद र लाखौं लडाकू कार्यकर्ताहरूको अथक प्रयासले यो पार्टीको शिर ठाडो हुँदै नेपालको गौरवलाई अग्ल्याइमा पुऱ्याएको हो । एक सय चार वर्षको जहानियाँ शासनको मूलोच्छेदन गर्दै लोकतन्त्रको शङ्खघोष गरेको काङ्ग्रेसले राजा महेन्द्रको उग्र महत्त्वाकाङ्क्षा, तीस वर्षे निरङ्कुश पञ्चायत र माओवादी सशस्त्र हिंसालाई ठेगान लगाएर नेपालमा लोकतान्त्रिक राजमार्गको फराकिलो परिवेशको आमन्त्रणा गरेको भन्नु सत्यको उद्घोष हो ।

आजको काँग्रेस केही भत्किएको, गुटउपगुटहरूको भारीले अलि सुस्ताएको, क्रान्तिकारितामा ओइलाएको र सैद्धान्तिक मूल्य-मान्यताबाट केही गिरेको पक्कै हो । बीपीको त्यत्रो दूरदर्शी चिन्तन र नेपाल सुहाउँदो राजनीतिक राजमार्ग हुँदा हुँदै पनि त्यसको अनुपालन गर्ने क्षमता नहुनु काँग्रेसको लागि मात्र नभएर नेपालकै लागि विडम्बना हो । नयाँ सङ्घीय लोकतान्त्रिक संविधानअनुरूप निष्पन्न तीनै तहको निर्वाचनमा लज्जाजनक पराजयपछि नेपाली काङ्ग्रेस आन्तरिक कलहले जीर्णशीर्ण हुन पुगेको छ । भ्रातृ सङ्गठनहरूलाई अद्यावधिक राख्न नसक्नु, दलभित्र एकता सौहार्द्रता र टिम स्पिरिट कायम राख्न अक्षम रहनु, गुटीय गञ्जकमै अलमलिनु, जनताका इच्छा अभिलाषा र मागहरूलाई सम्बोधन गर्ने बुता नरहनु, सडकदेखि सदनसम्म प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्ने तागत हराउनु, अगुवाहरूको आचरण र व्यवहार अनाकर्षक रहनुजस्ता थुप्रै कारणले काँग्रेस खिइँदै गएको देखिएको छ ।

यो दलप्रति यति धेरै जनताको मतको पर्वतलाई नजर अन्दाज गरेर अझ पनि परस्परमा घिनलाग्दो मल्लयुद्ध मच्चाएर जुँगाको लडाइँमा लाग्नु नेपाली काँग्रेसलाई रसातल पुऱ्याउने प्रत्युत्पादक खेला हो । बीपी, गणेशमान र महेन्द्रनारायण निधि प्रवृत्तिका सन्तानहरू पनि मात्र आलङ्कारिक देखिए । पितामाताको त्याग र परमार्थको भाषा वा लय किञ्चित पनि बुझेनन् । मान मानको खातिर नभएर कामका लागि हो भन्ने कुरा बोध नहुँदासम्म यस्तै कमजोरी भइरहन्छ । प्रकाशमान, विमलेन्द्र निधि, शशाङ्क कोइराला र सुजाताहरूले दलभित्र र सरकारमा ठूलै जिम्मेवारी लिने अवसर पनि त पाएका र पाइरहेका छन् । खै त नयाँ अप्रोज तथा दृष्टिकोणहरू ? पार्टीभित्र जतिसुकै एकताको ढोल पिटे पनि गुटबन्दी, अस्वस्थ प्रतिस्पर्धा, नातावाद, चाकडी वृत्ति, डनवाद र द्रव्यमोहहरूले औधी खुट्टा घुमाएको घुमायै छ । दलीय आचरण, सङ्गठन र सिद्धान्त औइलाउँदै आदर्श स्खलन हुन पुगेको बिरानो काँग्रेस देख्दा देशविदेशका शुभेच्छुकका छाती चिरिएका छन् । नेतादेखि कार्यकर्तासम्म प्रायः स्वार्थलम्पट सम्पत्ति तथा शक्तिप्रति तीव्र मोह राख्ने परिआएमा पैसा मिल्छ भने जोसित पनि



बद्रीप्रसाद दाहाल

घाँटी जोड्न तयार हुने विचौलिया प्रवृत्तिले काँग्रेसको चार तारामा औँसीले राज गरिरहेको छ ।

महाधिवेशन भएको वर्षौं हुँदा पनि केन्द्रीय समितिले पूर्णता प्राप्त गर्न नसक्नु विभागहरूको गठन नहुनु, सङ्घीय संरचना अनुरूप पार्टी विधान नबन्नु र पटक पटक महासमिति बैठक सारिहनु, योग्य र सक्षम कार्यकर्तालाई उत्तरदायित्वविहीन बनाउनु लोकतान्त्रिक आचरण, विधिविधान लत्याउनु बिडम्बना नै बन्न पुगेको छ । केन्द्र, प्रदेश र स्थानीय तहसम्मका सङ्गठन यतिखेर तहस नहस हुन पुगेका छन् । पार्टी साहित्यको प्रकाशन, सही कार्यदिशा, रणनीति, चिन्तन र विमर्शपूर्वक योजना तय गर्न नसक्नु जस्ता पक्ष लोकतान्त्रिक मूल्यलाई आत्मसात गर्ने पार्टीको लागि भयकारी स्थिति हो । यस्ता गैरलोकतान्त्रिक हर्कत बोकेकाहरूले बीपीको नाम लिँदा र अनुयायी हुँभन्दा यो दलको गौरवमय इतिहास नै हल्लिन्छ । अवसरवादी, हिजैका समाज उत्पीडक, सामन्ती जो रूपान्तरण हुन डराउँछ, तिनैलाई क्रियाशील सदस्यताको रसिद थमाएर अब काँग्रेस काँग्रेस बन्दैन । नया' पुस्तालाई सहभागी गर्न डराउने, असङ्ख्य शुभेच्छुक स्वाभिमानी बौद्धिक जमात जसले प्रतिबन्धित कालमा पार्टी सङ्गठन निर्माण र गति दिन ठूलो मद्दत गरे तिनीहरूलाई बिर्सिएर लडाकू एवम् क्षमतावानहरूलाई लखेटेर, महिला, जनजाति, पिछडावर्ग, सीमान्तकृत एवम् अपहेलितलाई पार्टीमा पर्याप्त मात्रामा नसमेट्नु लोकतान्त्रिक भनिने दलको सङ्कुचित मानसिकता हो । विचारको ब्रोकर, भावी सत्ताको योजक र राष्ट्रिय मेलमिलापको संयोजक हुनसक्छ आजको काँग्रेस ? यक्ष प्रश्न मडारिएका छन् यतिखेर ।

त्यसै भएर बीपीले पार्टीको लामो जीवन चक्रमा यस्तै दुर्दिन आउन सक्छ भनेर निर्देश गरेका छन्- ने.कां.का सदस्यले क्रमशः अनुशासन, इमानदारी, सादगीपन र निस्वार्थभाव अँगाल्नुपर्छ, स्थानीय भावना र गुटबन्दी यी दुई दुर्गुणलाई त्याग्नु अनिवार्य छ । उनले यस्ता स्वार्थलम्पट कार्यकर्ताप्रति चेतावनी दिँदै बोलेका छन्- 'कठिन कार्य गर्नसक्ने क्षमता हामी सबैमा भए मात्र इतिहासको हतियार बन्न सक्छौं, पार्टीका सदस्यले सानो-तिनो भावना, स्वार्थ, द्वेषलगायत घातक प्रवृत्तिबाट आफूलाई चोखो राख्नुपर्छ । दलका कार्यकर्तामा आवश्यकताभन्दा बढी आत्मविश्वास सिर्जना हुनुहुन्न । प्रत्येक प्रश्नमा वैयक्तिक दृष्टिकोण त अप्रजातान्त्रिक हुन्छ, आफ्नो पदीय गरिमा एवम् उत्तरदायित्वको बोध भएन भने त्यो सङ्गठनको अधिकारी हुँदैन । जनता र दलका कार्यकलाप अन्योन्याश्रित हुँदै सीमाङ्कन गरिनहुन्न हामीले आफ्नै पार्टीभित्र आफू बेग्लै तहको र अर्को साधारण तहको भन्ने सामन्त सोच राख्नै हुँदैन ।

त्यसैगरी उनले दलका नेताकार्यकर्ताले अध्ययन, रचनात्मक एवम् सिर्जनात्मक क्रियाकलाप निरन्तर जारी राख्न सल्लाह दिएका छन् । उनले एक कदम अगाडि बढेर भने उत्कर्ष र सङ्कट दुवै अवस्थामा नैतिक अभाव हुनुहुन्न । नैतिकताबिनाको राजनीति निरर्थक तथा अलिनो हुन्छ । यी गुरु वाणीभित्र आधुनिक राजनीतिका अभिनव अप्रोजहरू मुखर भएका छैनन् ? बीपीका यी यथार्थवादी, व्यवहारपरक र आदर्शले उजिलिएको जनवादी चिन्तनलाई अभ्यासमा वा जीवन पद्धतिमा हालका कति नेताकार्यकर्ताले उतारेका छन् त ? अनि कसरी पार्टीको गौरव उचालिन्छ ? लोकतन्त्र जस्तो उदात्त प्रणाली के गरी संस्थागत बन्ने ? अनि देशमा सुशासन, आर्थिक उन्नति, सामाजिक एवम् सांस्कृतिक उन्नयन युगानुकूल शिक्षाले उत्कर्षको सोपान कसरी चढ्ने ? जहिले पनि विदेशी अनुदानमा बाँचेर यो भूमण्डलमा पछौटे नेपाली बनिरहने ? काङ्ग्रेस जस्तो पार्टीले त यहाँका विभिन्न धारका दलहरूलाई नयाँ मोडलको राष्ट्रिय एकतामा बाँध्न सक्नुपर्छ । के अहिलेको काङ्ग्रेस यसमा सक्षम छ ? आफ्ना नेता बीपीका त्यति सुन्दर दूरकालिक रोडम्याप, अगाध चिन्तन हुँदा पनि हामी टुहुरो बन्न पर्ने ? विडम्बनाकै विषय बनेको छ । संसारबाट जराजीर्ण भई ढलिसकेको उत्पीडनकारी कम्युनिस्टको एजेन्डामा लुरुलुरु हिँडाएर हिजोको क्रान्तिकारी काँग्रेस किन यस्तो रित्तो र चिन्तनहीन बन्दै गएको हो ? जनता प्रश्न गरिरहेका छन् । भूमण्डलीकरण र नवउदारवादको चक्रव्यूहमा फसेर आफ्नो भूराजनीति भुल्नु काँग्रेसको भाङ्ग्रेसीकरण हो । यतिखेर काङ्ग्रेसले महासमिति भेला बोलाएर जल्दाबल्दा पार्टीभित्रका समस्या समाधान गरी तदर्थवादी रुग्ण मानसिकतालाई तिलाञ्जली दिन जरुरी छ । काङ्ग्रेस नेतृत्व यो कुरा बुझ्न नचुकोस् कि गुटीय तदर्थवाद र भागबण्डाको गलत चिन्तनले दल रिफ्रेस हुनै सक्दैन । जनता आलोचनामा भनिरहेका छन्- 'काङ्ग्रेसका शीर्षनेतृत्वले स्पष्ट विचार दिन सकेनन्, सत्ता लिप्सालाई मात्र प्राथमिकता दिन्छन् ।

सत्ताधारी नेकपालाई होसियारी दिन सकेनन् । धार्मिक स्वतन्त्रताको जुन बीपीको नेपालको सन्दर्भको महत्त्वपूर्ण चिन्तन हो । त्यसलाई छोड्दा देश कुन हविगतमा पुगेको छ । नेपालको एक मात्र लोकतान्त्रिक पार्टी अब आत्मसमीक्षासाथ आफ्ना विचार, सङ्गठन, रणनीति, कार्यदिशा चुस्त, दुरुस्त, ओजिलो र कालसापेक्ष बनाउँदै अगाडि नबढे इतिहासले मात्र सत्ताधारी हुने दिन सकिए । कालक्रममा काँग्रेसले सङ्गठनमा अभिनव विनिर्माणको बाटो लिनैपर्छ । सधैँ तदर्थवाद, पेलम्पेला र औपचारिक नाटीकुटीले मात्र सङ्गठन गठन हुँदैन । गरिब, मजदुर, किसानको झुपडीमा गएर यसको सदस्य अभियानलाई अगाडि बढाउनु पर्छ । सुकिलामुकिला, सामन्त र उत्पीडकहरूलाई अनि अवसरवादी, भ्रष्टाचारी वा एकाधिकारको सोच बोक्ने चङ्खेहरूलाई पार्टीबाट बढार्नै पर्छ । मनी, मसल, नाता, चाकरी र जी हजुरीका सम्भ्रान्त एवम् अधिनायकी कुसोच भत्काएर काङ्ग्रेसमा विनिर्माणको बहार ल्याउने हिम्मतिला पात्र अगाडि आउनै पर्छ ।

बीपीले अवसानको केही अघि भनेका थिए : समाजवाद भोलिको विश्व लहर हो । वास्तवमा बीपी सानो देशका भए पनि दूरदर्शी विचारका रहेछन् भन्ने प्रमाण विस्तारै पुष्टि हुँदै गइरहेको छ । अहिलेको नेपालको शासकीय स्वरूप न्याय प्रणालीलगायतका विवादमा वर्तमान नेताहरूले गहिरिएर बीपीका धारणा विनापूर्वाग्रह गम्भीर अध्ययन, मनन, विश्लेषण गर्ने हो भने यो सुकामले पूर्ण नेपालीकरणको मौलिक राजनीतिक संस्कृति हुर्कन्छ । किनकि यतिखेर त नेपालका वाम र दक्षिणमार्गी दुवैले मुटुदेखि नै बीपी सच्चा राष्ट्रवादी र समाजवादी रहेछन् भन्ने बुझेका छन् । हिजो भारतीय दलाल भनेर अल्लारे उर्फ्याइ गरेकोमा पश्चात्ताप पनि प्रकट गरिरहेका छन् । काँग्रेसजनले दिमागलाई आराममा हैन अभ्यासमा लगाएर पार्टी विनिर्माणमा लाग्नु आजको आवश्यकता हो ।

# शान्ति सम्झौताका १२ वर्ष : दण्डहीनता कहिलेसम्म ?

**हरिविनोद अधिकारी**

नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओबादीका बीचमा भएको शान्ति सम्झौताका १२ वर्ष बितिसक्दा पनि १० बर्से द्वन्द्व पीडितले न्याय पाएका छैनन् भन्ने गुनासो पीडित परिवारबाटै आइरहेको छ । सम्झौता भएको ६० दिनभित्रै पूरा गरिनु पर्ने सत्य निरुपण र मेलमिलाप अनि बेपत्ता पारिएकाहरुको सही विवरण सहितको परिणाम अहिलेसम्म आएको छैन । ४ वर्षअघिमात्र बनेका ती आयोगअरु राम्रोसँग कार्यान्वयनमा नआउँदै विघटनको संघारमा छन् । बृहत् शान्ति सम्झौता नाम दिइएको सो सम्झौताको पुरावलोकन पनि भएको छैन तर त्यो सम्झौता दुईओटा सरकारका बीचमा भएजस्तो गरी भएको थियो भन्नेचाहिँ जसले पनि बुझ्न सक्छ । के साँच्चै त्यो सम्झौता दुईओटा सरकार विलय भएर बनेको नयाँ परिस्थितिको अवस्थामा भएको थियो त ? अनि थियो भने किन त्यसको कार्यान्वयन इमान्दारितापूर्वक भएन ? त्यसको कार्यान्वयन इमान्दारितापूर्वक नहुनुमा कसको दायित्व कति छ । होइन, एउटै देशमा भएका दुईओटा सेना(सरकारी सेना र सरकारलाई अपदस्त गर्नका लागि तयार भएको विद्रोही सेनाका बीचमा मात्र भएको सम्झौता थियो भने अझै त्यो बेलामा युद्धबाहेकका अवस्थामा भएका अपराधको किन राम्रोसँग छानबिन भएन ?

कुनै पनि सरकारले आफ्नो सार्वभौमसत्ताका विरुद्धमा आउने कुनै पनि हतियारधारी विद्रोहीलाई दमन गर्ने चलन जहाँ पनि छ । यदि विद्रोही बलियो भएर सरकार कब्जा गरेको अवस्थामा विद्रोही मुक्तिका सम्बाहन मानिन्छन्, सरकारले दबाउन सक्यो भने स्वतन्त्रताका पुजारीसमेतको समूह आतङ्ककारीको रुपमा निमिट्यान्न पारिन्छ । अहिलेको एक्काइसौं शताब्दीमा समेत देखिएको राजनीतिक परिदृश्य यही हो । समयको एउटा निश्चित गन्तव्यपश्चात् माओबादी जनयुद्ध मुक्तिकामी जनताको आन्दोलन थियो कि सुनियोजितरुपमा प्रजातन्त्रको विकल्पमा रचिएको विनाशकारी गन्तव्यरहित क्रियाकलाप थियो भन्ने थाहा हुनेछ । अझैसम्म पनि शान्ति सम्झौताका कतिपय चिसा अक्षरहरुले प्राण प्रतिष्ठा नपाएको देख्दा फगत जनयुद्धलाई जसरी हुन्छ सुरक्षित अवतरण गराउने प्रयासमात्र देखियो । नेपाली सेना र जनयुद्धका सेना(दुई सेनाको समायोजन पनि भयो, राज्यको अरबौं रुपैञा क्षतिपूर्तिमा पनि राज्यबाट तिरियो तर विद्रोही सेनाले गरेका गलत कामहरुको न त लेखाजोखा नै गरियो, न त त्यसबारे कुनै क्षतिपूर्ति नै कतैबाट तिरियो । अरु त अरु, शिविरमा नभएका कृत्रिम सेनाको समेत हिसाब किताब अझै गुपचुप छ ।

हुन त मुलुक नयाँ व्यवस्थामा गइसकेको अवस्था छ , डरले कसैले पनि पुराना कुरा उठाउने कोसिस पनि गरेको अवस्था छैन तर पिन जब दुई सेनाका बीचको विलय र क्षतिपूर्तिका रुपमा मुलुकल अरबौं रुपैञाको भुक्तानी गरिसकेको छ भने प्रश्न त नेपाल देश रहुन्जेलसम्म उठाउन पाइन्छ । यो जमाना भनेको पारदर्शिता र उत्तरदायित्वबोधको हो । सूचनाको हकले त्यो अधिकार मौलिकरुपमा नै नेपालीलाई दिएको छ । अबको प्रश्न अपराधका विरुद्ध अपनाइएको दण्डहीनताको हो । राज्यको तर्फबाट भएका गैरन्यायिक अपराध हुन् या तत्कालीन विद्रोहीका तर्फबाट भएका निहत्था नागरिकमाथि भएका ज्यादतीका घटना हुन्, दुवै अपराध थिए । अपराध हुन् । अपराधका रुपमा नै लिइनु पर्छ । आज पनि पोलपोटको खमेररुज सेनाले कम्बोडियाका जनतामाथि गरेका ज्यादतीको लेखाजोखा गरिँदैछ र न्यायालयले दण्डहीनताविरुद्धमा कार्बाही जारी राखेकै छ ।

राज्यले पनि हतियारलाई हतियारले दमन गर्न चाह्यो, विद्रोहीले पनि हतियारद्वारा नै निहत्था जनतासमेतलाई तर्साएर आफ्नो संगठन विस्तार गरेर सत्ता कब्जा गर्न चाह्यो । हतियारको उपयोग किन जरुरी थियो भन्ने कुरा अहिलेसम्म पृष्टि हुन सकेको छैन जवकि त्यो बेलामा विद्रोह गर्नेहरु अहिले पनि सरकारमा छन् , त्यो बेलाभन्दा मुलुकको अवस्थामा तात्विक अन्तर देखिन सकेको छैन । यदि शान्ति वार्ता नभएको भए के हुन्थ्यो भन्ने काल्पनिक प्रश्न भने अहिले पनि मस्तिष्कका झन्झावत् ल्याउने खालको छ । एउटा सामान्य धारणा के छ भने करिब १७ हजार नेपालीहरु त्यो जनयुद्धकालको एक दशकमा मारिए । हजारौ अपाङ्ग भए र लाखौं त्यसको असरबाट अहिले पनि पिल्सिएर बाँचिरहेका छन् । मर्ने मरेर गए तर बेपत्ता भएकाहरुको कुनै टुङ्गो छैन । मर्नेका केही नातेदारहरु बाहेक सबै रगतका आँसु पिएर अहिले पनि बाँचिरहेका छन् र बेपत्ता पारिएका परिवारका सदस्यहरु लास वा सासको खोजीमा अहिले पनि छन् । एउटा अनौठो संयोग के देखापरेको छ नेपालमा भने पीडित परिवारहरुमा एकता भएको छ । उनीहरुको स्पष्ट धारणा छ( जसले पीडित बनाएको भए पनि हाम्रो पीडा एउटै छ, त्यो हो हाम्रा प्यारा मानिस कि त मारिएका छन् , कि त हराएका छन् । मारिनेहरुका परिवारका सदस्यहरुको एउटै माग छ(अपराधीहरुमाथि किन कार्बाही हुँदैन ? बेपत्ता पारिनेहरुका परिबारका सदस्यहरु भन्छन्हा(म्रा आफन्तको कि त साससहित उपस्थित गराऊ, कि त लास देखाऊ । भन मारेको भए कहाँ कहिले कसले मारेको थियो, होइन भने उनीहरुको अवस्था सार्वजनिक गर ।

अहिले सरकारमा पनि त्यही पार्टी छ जसले हिजो जनयुद्ध गरेको थियो । उसैको जिम्मामा सास देखाउने वा लास देखाउने काम छ । अनि आयोगहरु बनेका बनेका छन् (सत्य निरुपण गर्न, मेलमिलाप गराउन र बेपत्ता भएकाहरुको अवस्था पत्ता लगाउन । तर काम भएको छैन । आयोगका आयुक्तहरु काम गर्ने वातावरण पाइएन भन्छन्, पीडितहरु पीडकले कार्बाही खप्नु परेन भनेर चिन्तित छन् र कतिपय पीडकहरु संवैधानिक अङ्गहरुमा समेत छन् भनेर पीडितहरु कोक्किन्छन् । शान्ति सम्झौताका दिव्य १२ वर्षमा समेत दण्डहीनता रह्यो भनेर रोइरहनु पर्ने अवस्था आउनुमा हिजोका पीडाका संयोजकहरुले पाउन सक्ने दण्डका डरले हो त ? यदि सुतुरमुर्गले आकाश खस्ने डरले बालुवामा मुख लुकाएर त्रासरहित जीवन बाँच्ने कल्पना गरेको हो भने र राज्यमा पीडितहरुका पक्षमा कुनै कार्बाही सुरु नभएको अवस्थामा अन्तराष्ट्रिय कानुन आकर्षित हुने कुरामा अब कुने शङ्का रहेन । दण्डहीनता केही समयसम्म छोपिएर रहला तर पहिलो र दोस्रो विश्वयुद्धका युद्ध अपराधीहरुले अझैसम्म त्राण पाउन सकेका छैनन् भने हाम्रो केही वर्ष अघिको मात्र कुरा हो । सबैलाई पीडक पनि थाहा छ, पीडितको आवाज गुन्जिरहेकै छ ।

समय घर्केको छैन । अझै ती संवैधानिक आयोगहरुलाई स्वतन्त्ररुपमा र निष्पक्षरुपमा काम गर्ने वातावरण दिने हो र सरकारले ती आयोगहरुलाई आवश्यक सहयोग गरेर निष्कर्षका पुग्नका लागि उत्प्रेरित गर्ने हो भने झन्डै एक वर्षमा सक्रियताका साथ काम हुँदा एउटा स्वरुप देखा पर्नेछ । माफी मागेर , क्षतिपूर्ति दिएर र कार्बाहीको कानुनी प्रक्रिया अगाडि बढाएर मुलुकमा देखिएको अविश्वासको संकटको समाधान गर्न सकिने छ । हिजोका दिनमा भएका सम्झौताहरुको पनि मान रहने छ र नेपालीहरुको मनमा रहेको दण्डहीनताको त्रासले पनि व्यवस्थापन पाउने छ । मुलुकमा विश्वासको वातावरण बनाउन पनि दण्डहीनताको अन्त्य जरुरी छ ।

# फोक्सुन्डो तालको सौन्दर्य अविस्मरणीय

**ज्ञानिन राई**

एरिक भ्यालीको फिल्म 'क्याराभान' हेरेदेखि पंक्तिकारको मनभित्र फोक्सुन्डो ताल पुग्ने लालसाले बास गरेको थियो । सोचेको धेरै भए पनि हालै मात्र नेपालको सबैभन्दा गहिरो ताल प्रत्यक्ष अवलोकन गर्ने अवसर मिल्यो । नेपालको सबैभन्दा ठूलो जिल्ला डोल्पा । हालै सडक सञ्जालले छोए पनि यहाँ जान भरपर्दो विकल्प भनेको हवाईजहाज नै हो । नेपालगञ्जदेखि जुफालसम्म हवाईजहाजको यात्रापश्चात सुरु हुन्छ, पैदलयात्रा । सामान्यतया तीन दिन लाग्ने पैदल यात्रा समयाभावका कारण हामीले दुई दिनमै गर्यौं ।

एक छिनमा नीलो, एक छिनमा फिक्का नीलो । छिन(छिनमै पानीको रंग फेरिँदो रहेछ फोक्सुण्डो तालमा । तालको गहिराई ६ सय ५० मिटर रहेको छ । तालमा कुनै पनि जीवजनावर अर्थात् जलचर नहुनु फोक्सुण्डोको अर्को विशेषता हो । फोक्सुण्डो तालबाट निस्केको झरना नेपालकै सबैभन्दा ठूलो झरना पनि हो । यसलाई फोक्सुण्डो झरनासमेत भन्ने गरिन्छ । समुन्द्री सतहबाट ३ हजार ६ सय ६० मिटर उचाईमा अवस्थित फोक्सुण्डो तालको सुन्दरता एरिक भ्यालीले क्याराभान फिल्ममार्फत संसारसामू पस्किदिएका थिए । यही कारणले पनि होला डोल्पामा पुग्ने पर्यटकमध्ये आधाभन्दा बढी फ्रेन्च हुन्छन् । त्यसो त अमृत गुरुडको 'सा कर्णाली ' ले पनि डोल्पाको सुन्दरतालाई ब्याख्या गरेको छ ।



फोक्सुन्डो तालनजिकै रिग्मो गाउँ रहेको छ, जहाँ पर्यटकका लागि बास बस्ने होटलहरु छन् । तर, रिग्मो गाउँमा अव्यस्थित तरिकाले होटलहरु बन्दा तालको सुन्दरतामा नै असर परिरहेको देखिन्छ । फोक्सुण्डो ताल जाने पदमार्गमा पनि ठाउँ(ठाउँ रुखहरु ढलेर बाटो अवरुद्ध भएको थियो । यसलाई तत्काल उचित ब्यवस्थापन गर्न जरुरी छ । पदमार्गको कुनै(कुनै स्थानमा बाटोहरु निकै साँघुरा छन् । खच्चड र पर्यटक हिँड्ने एउटै बाटो भएकाले अत्यधिक फोहोर हुनुका साथै धुलोले पर्यटकलाई सास्ती बर्होनुपरेको छ ।

**कसरी पुग्ने ?**

नेपालगञ्जदेखि जुफालसम्मको हवाईजहाजको यात्रापछि सुरु हुन्छ, पैदल यात्रा । पैदल यात्राको पहिलो दिन जुफाल एयरपोर्टबाट डोल्पाको सदरमुकाम दुनै जान चार घण्टा जति लाग्छ । दोस्रो दिन दुनैदेखि छेप्का । तेस्रो दिन छेप्कादेखि झरना । चौथो दिन झरनादेखि फोकसुण्डो ताल छेउमा भएको रिग्मो गाउँमा पुगिन्छ ।

**यथेष्ट प्रचारप्रसार भएन : सत्या पहाडी**

प्राकृतिक सुन्दरतामा मात्र नभएर सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक रुपले पनि निकै धनी छ, डोल्पा जिल्ला । तर, डोल्पाको सुन्दरताले जति ख्याति पाएको छ, त्योबमोजिम पर्यटक तान्न सकेको छैन । फोक्सुण्डो ताल डोल्पाको मात्र नभएर देशकै गौरव हो । तर, यसको राज्य तथा स्थानीयले त्यति सदुपयोग गर्न सकेका छैनन् । यथेष्ट प्रचार(प्रसार नभएकाले पनि पर्यटक उराल्न चुकिरहेको छ । आवश्यक पूर्वाधार निर्माणमा पनि ध्यान दिन सकिएको छैन । पूर्वाधार भन्नाले तालसम्म पुग्नलाई सहज बाटो छैन । ताल पुगिसकेपछि पनि वरिपरि पर्यटकलाई हिँडुल गर्ने पदमार्ग छैन । ताल तथा सो क्षेत्रको संरक्षणको लागि छुट्टै समिति बनाउनु आवश्यक छ । पदमार्ग छेउछाउका होटलहरुलाई तालिम दिन पनि जरुरी देखिएको छ ।

अन्य जिल्लाहरु भन्दा अलग भूगोलका साथै सांस्कृतिक हिसाबले अलग पहिचान भएकाले डोल्पाको विकासमा राज्यले उचित ध्यान दिनुपर्छ । सबैभन्दा महत्त्वपुर्ण कुरा भनेको राज्यले डोल्पा घुम्न आउने पर्यटकबाट उठाएको पैसा त्यही ठाउँमा खर्च गर्नुपऱ्यो ।

# झापाली हास्यव्यङ्ग्य साहित्य र चूमरे-४

## साहित्य संसार

**प्रा. जीवनाथ सुवेदी**

उडाउँदै व्यङ्ग्य गरिएको छ।

प्रशासनिक पक्षको विसङ्गतिलाई व्यङ्ग्य गर्ने क्रममा जनताको करबाट सुविधा खाएर जनतालाई उपेक्षा गर्ने वा जनताको काम नगर्ने प्रशासनिक दुश्चरित्र र गैरजिम्मेवार कर्मचारीतन्त्रलाई तारो बनाइएको छ। ढिलासुस्ती, घुसखोरी, भ्रष्टाचार जस्ता गलत कार्यमा प्रवृत्त भएकालाई हाँसो उडाउँदै व्यङ्ग्य गरिएको छ। शिक्षानीति फेरिँदा पनि शैक्षिक स्तर नबढेको, अनुशासन खस्केको, पठनपाठन कमजोर भएको, शिक्षक-विद्यार्थी आन्दोलित भएर बन्दहडताल भएको आदि शिक्षा क्षेत्रको अस्तव्यस्ततामाथि व्यङ्ग्य गर्दै प्रकारान्तरले सुधारको कामना गरिएको छ। साहित्यिक क्षेत्रमा देखापरेका चोरी, व्यापार, गुठबन्दी, साहित्यिक गोष्ठीहरूमा श्रोताको अभाव, साहित्यकारलाई असहयोग, नेपाली भाषामाथि अन्य भाषाको प्रभाव बढेको जस्ता भाषा-साहित्य क्षेत्रका विकृति-विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ।

आर्थिक पक्षमा जनताले बेहोर्नुपरेका महगी, करवृद्धि, बजेटघाटा, तस्करी, सुकुमवासीका नाममा हुनेखानेले जगा लिएको, किसानले सुविधा र उपयुक्त बजारभाउ नपाएको, मुद्रास्फिती, राजनीति आर्थिक चलखेलको कारोबार भएको, घुसखोरी, ठगी, लुटपाट, गरिबी बढेको जस्ता बेथितीप्रति व्यङ्ग्य गरिएको छ। साधन, स्रोत, सुविधा र अवसरहरूमा टाठाबाठा तथा सम्पन्नहरूको मात्र पहुँच भएकाले धनी र गरिबबिच दुरी बढ्दै गएको कुराको धज्जी उडाइएको छ। लामो समयसम्म युगज्ञान साप्ताहिक समाचारपत्र र जुही तथा यथार्थ कुरा जस्ता साहित्यिक पत्रिकाको समेत सम्पादन गरी पत्रकारिता क्षेत्रको समस्या भोग्नुभएका व्यङ्ग्यकारले पत्रकारिता जगत्का विकृति-विसङ्गतिलाई पनि हास्यव्यङ्ग्यको विषय बनाउनुभएको छ। यस क्षेत्रमा सामाजिक, राजनीतिक प्रशासनिक, आपराधिक, आर्थिक आदि थुप्रै समस्या र जोखिम पनि हुने हुँदा त्यस पक्षलाई समेत हास्यव्यङ्ग्यात्मक गजवाष्टकहरूले मसिनै गरी औंल्याएका छन्।

अरे ! उदेक लाग्दा कुरा र गजवाष्टक (२०५६) गद्यपद्य मिश्रित वा चम्पू हास्यव्यङ्ग्य सङ्ग्रह हो। यसमा अरे !, उदेकलाग्दा कुरा र गजवाष्टक गरी तीन खण्डका रचनाहरू समेटिएका छन्। यस कृतिको अरे ! खण्ड अन्तर्गत २०२६ देखि २०४४ सम्मको अवधिका लेखकका देखाइ, भोगाइ र सोचाइबाट उत्पन्न प्रतिक्रिया व्यक्त भएका ४३ वटा संवादात्मक रचनाहरू समेटिएका छन्। यी रचनामा स्थानीय तथा राष्ट्रिय प्रचलन नै बनिसकेका धुर्त्याइँ, दलाइँ, छुच्याइँ, छलकपट आदि चारित्रिक तथा सामाजिक विकृति-विसङ्गतिको चित्रण गर्दै त्यस्ता गतिविधिप्रति हास्यविनोदात्मक ढङ्गले व्यङ्ग्य गरिएको छ। प्रत्येक रचनाका अन्त्यमा 'के-के अरे ! जम्मै भनुँला भरे!' भन्ने अंश जोडेर सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रका विसङ्तिलाई नङ्ग्याउने सङ्केत गरिएको छ। यी रचनामा त्रि.वि.को ढिलासुस्ती, मदन पुरस्कारमा पक्षपात, किसान-मजदुरको समस्या, उद्योगको अभाव र समस्या, महगी, राजनीतिक विकृति, वनविनाश, प्राकृतिक प्रकोप वा मौसमी समस्या जस्ता कुरालाई विषय बनाइएको छ। विकास निर्माणमा भारतको स्वार्थपूर्ण हस्तक्षेप, देशमा जुनसुकै शासन व्यवस्था आए पनि टाठाबाठाको मात्र हित भएको र निमुखो वर्ग दबिइरहेको जस्ता कटुयथार्थको आलोचना गरिएको छ। निमुखो वर्गले आफ्नो हक प्राप्तिका लागि सचेत हुनुपर्ने आवश्यकता देखाइएको छ। सामाजिक निराशा, निष्क्रियता र चेतना हीनताको चित्रण गर्दै त्यसैमा टेकेर सामन्ती-पूँजीपति वर्गको मनपरी चलेकाले देश र जनताको अवस्था गिरिरहेको कुरा औंल्याइएको छ।

यस पुस्तकको गजवाष्टक खण्डमा युगज्ञान साप्ताहिकका २०२६ देखि २०४४ सम्मका अङ्कमा प्रकाशित व्यङ्ग्य ऋषिका नामबाट स्तम्भका रूपमा लेखिएका आठ श्लोके सवाई छन्दका कविताहरू समेटिएका छन्। यी अष्टकमा पनि सामाजिक/सांस्कृतिक, राजनीतिक, भाषिक, शैक्षिक आदि क्षेत्रमा विद्यमान विकृतिलाई नै तारो बनाइएको छ। ठुलाठालुले सामान्य जनतालाई आश्वासन दिएर छक्याउने गरेको परम्परागत सामाजिक वञ्चनालाई जनताले बुझ्नुपर्ने विचार व्यक्त गरिएको छ। यस्ता जालझेलले धनी र गरिबबिचको दुरी बढेर समाजको वर्गविभाजन झन झन फैलिँदै गइरहेको कुरालाई औंल्याइएको छ। यसै गरी यी रचनामा बुद्धिजीवी, पत्रकार जस्ता देश र समाजका सचेत एवम् अगुवा वर्ग नै पद, प्रतिष्ठा, पैसा, सुरक्षा आदिका लागि काँतर भएर शक्तिका सामु झुकेको र स्वाभिमान गुमाएको यथार्थताप्रति व्यङ्ग्य गरिएको छ। उदेक लाग्दा कुरा खण्डमा नयाँ नारा, आत्माको पुकार, जित कसको ? सत्यको, सत्यवादी, दुर्घटना, बालकको दया, उदाहरण, जोइटिङ्गे, सम्पादक, जवाफ, बुज्रुक, विकासको लच्छिन, कस्तो अखबार ?, फुच्चे नेता, संवाददाता, बिल्डिङ, ठगको पर्दाफास, खसाल, युवा जोश, चुक्ली र चाकरी, प्रश्न कर्ता, साथी, भाषणपछि, यो बढेछ, गुरुजी, 'र' सम्म, राँको, हेलिकोप्टर, म कप्तानको छोरो, आफ्नै अनुरोध, आफैं त महादेव कसले देओस् वर, हुनुपर्छ, धूर्त, अभिभावक, चन्दा तारा र जवानीको सोर शीर्षकका ३६ वटा गद्यात्मक वा निबन्धात्मक हास्यव्यङ्ग्य रचनाहरू समेटिएका छन्। यी शीर्षकबाटै सामाजिक क्षेत्र, पत्रकारिता जगत, विकासनिर्माणमा भ्रष्टाचार, चाकरी प्रथा, शैक्षिक क्षेत्र तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा रहेका आपराधिक तथा राजनीतिक क्षेत्रका नकारात्मक पक्षको चित्रण गरी व्यङ्ग्य गरिएको छ। यसरी यी रचनाहरूमा समाजका साना-ठुला, धनी-गरिब, ज्ञानी-मूर्ख, शिक्षित-अशिक्षित सर्वत्र देखिएका होचीअर्घेलीलाई हास्यव्यङ्ग्यात्मक झटारोले प्रहार गरिएको पाइन्छ।

गफडीका गफ (२०६३) रेग्मीको हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह हो। यसमा भद्रपुरबाट निस्कने युगज्ञान पत्रिकाका २०३५ देखि २०३९ सम्मका १०८ अङ्कमा गफडीको पातो शीर्षक स्तम्भका रूपमा गफडी उपनामबाट चूडामणि रेग्मीद्वारा लिखित तथा प्रकाशित हास्यव्यङ्ग्य निबन्धहरू समेटिएका छन्। यी रचनामा तत्कालीन समसामयिक स्थानीय र राष्ट्रिय विसङ्गत गतिविधिलाई हास्यव्यङ्ग्यात्मक गफका रूपमा प्रस्तुत गरिएको छ। दुई सय बत्तीस पृष्ठको यस पुस्तकमा पहिलो भाग र दोस्रो भाग गरेर रचनाहरूलाई छुट्याइएको छ। पहिलो भागमा गफ नम्बर एकदेखि सतहत्तरसम्मका रचनाहरू रहेका छन् भने अठहत्तरदेखि एक सय आठसम्मका रचनाहरू दोस्रो भागमा राखिएका छन्। दोस्रो भागका रचनामा वर्ण चिनारी गफ भनी 'अ' देखि 'व' सम्मका विभिन्न वर्णहरू र तिनबाट बन्ने शब्द तथा निस्कने अर्थको चर्चा गर्दै विभिन्न सामाजिक गतिविधिका नमिल्दा प्रसङ्गलाई हास्यात्मक शैलीमा व्यङ्ग्य गरिएको छ। यस पुस्तकका सम्पूर्ण रचनाहरूमा मूल शीर्षक र भित्रभित्र विभिन्न उपशीर्षकहरू दिइएका छन्। प्रत्येक रचनाको अन्तिम उपशीर्षक 'पातमा पात ! बातमा बात !' रहेको छ। यसलाई यसै पुस्तकको लेखक्यौलीमा हिन्दी लेखक यशपालको 'ज्यों केले की पत्तों मे पात, त्यों सज्जनों की बातों मे बात' भन्ने भनाइबाट प्रभावित भएर यसो गरिएको भनिएको छ। यस पुस्तकका रचनाहरूमा समसामयिक सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, शैक्षिक, धार्मिक/सांस्कृतिक, मानवस्वभावगत, चारित्रिक तथा व्यावहारिक पक्षमा देखापरेका विसङ्गतिको हास्यविनोदात्मक, व्यङ्ग्यात्मक एवं आलोचनात्मक ढङ्गले चर्चा गरी प्रकारान्तरले सुधारात्मक सन्देश दिइएको छ।

यसरी स्थानीय र राष्ट्रिय क्षेत्रमा देखापरेका सामाजिक विषमतालाई विषयवस्तुका रूपमा अँगालिएका यी निबन्धको प्रस्तुतिको मूल प्रवृत्ति चाहिँ हास्यव्यङ्ग्य बन्न पुगेको छ। जीवनजगत्को वास्तविकतालाई छोएका यी निबन्धमा स्थानीय क्षेत्रका कटु सत्य, समाजका विभिन्न अमिल्दा पक्ष, समाजसेवा, देश र जनताको सेवा गर्ने खोक्रो ढ्वाङ् फुकेर पेट तथा घर भर्ने नेताको चरित्रलाई नङ्ग्याएर हाँसो उडाउँदै व्यङ्ग्य गरिएको छ। विशेषत: तत्कालीन भद्रपुर र नेपालकै समसामयिक गतिविधि र पञ्चायती राजनीति, बहुदल र निर्दलको चुनाव, बहुदलवादी र निर्दलवादीहरूको स्वार्थी क्रियाकलाप, स्कुलकलेजका विसङ्ति, व्यापारिक क्षेत्रका कालाबजारी, मिसावट र महगी, प्रशासनिक विसङ्गति, भ्रष्टाचार आदिलाई हास्यव्यङ्ग्यको तारो बनाइएको छ। पद, पैसा र प्रतिष्ठालोभका कारण चाकरी, सोर्सफोर्स, पहुँचवालाले मात्र पद, जागिर, पदक, पुरस्कार पाउने गरेको कुरालाई उदङ्ग्याइएको छ।

### ५. निष्कर्ष

हास्य मानवीय भाव हो भने व्यङ्ग्य शब्दको व्यञ्जना वा ध्वन्यर्थ हो। साहित्यमा हास्य मात्र पनि प्रयोग हुन सक्छ भने व्यङ्ग्यले भरिएको साहित्यमा हास्य बिलकुलै नहुन पनि सक्छ। हास्यव्यङ्ग्य साहित्य भन्नाले हास्य र व्यङ्ग्य दुवै प्रयोग भएको साहित्य भन्ने बुझिन्छ। साहित्यका यावत विधामा हास्य र व्यङ्ग्य दुवै प्रयोग हुन सक्ने भएकाले हास्यव्यङ्ग्य साहित्यको अलग विधा होइन। साहित्यका आख्यान ( कथा र उपन्यास), नाटक (एकाङ्की र पूर्णाङ्की), कविता (मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य) तथा निबन्ध (पत्र, दैनिकी लगायत विभिन्न किसिमका गद्य रचना) गरी सबै विधामा हास्य र व्यङ्ग्यको उत्तिकै उपयोग भएको पाइन्छ। नेपाली साहित्यमा हालसम्म प्रथम कवि मानिएका सुवानन्द दासको 'पृथ्वीनाराण' (१८२६) शीर्षक कवितादेखि नै स्पर्श गरेर दिव्योपदेश (१८३१), तनहुँ भकुन्डो (१८३९) हुँदै निरन्तर अघि बढेको हास्यव्यङ्ग्य हालसम्म सबै विधामा र उत्कृष्ट ढङ्गले प्रयोग हुँदै आएको पाइन्छ। सुरुमा कवितामा प्रयोग भएको हास्यव्यङ्ग्य शक्तिबल्लभको हास्यकलम्ब (१८५५) नाटकमा प्रथमबार प्रयोग भयो भने आधुनिक कालमा भीमनिधि तिवारी, बालकृष्ण सम, लेखनाथ पौड्याल, मोहनराज शर्मा आदिले नाटकमा प्रयोग गर्नुभएको छ। नेपाली साहित्यको आधुनिक कालमा केशवराज पिँडाली, भैरव अर्याल लगायतका सिद्धहस्त हास्यव्यङ्ग्यकारले निबन्धमा पर्याप्त मात्रामा यसको प्रयोग गर्नुभएको छ। ध्रवचन्द्र गौतम लगायतका विभिन्न उत्कृष्ट साहित्यकारले नेपाली उपन्यासमा समेत यसको प्रयोग गर्नुभएको छ।

झापामा सुरुमा श्यमकृष्ण उपाध्यायले निबन्धात्मक विधामा र के.बी. कार्कीले कवितामा हास्यव्यङ्ग्यको प्रयोग गर्नुभएको छ। त्यसपछि चूडामणि रेग्मीले कविता र निबन्धमा प्रमुख रूपमा र कथामा समेत हास्यव्यङ्ग्यको प्रयोग गर्नुभएको छ। समयका दृष्टिले रेग्मीभन्दा उपाध्याय र कार्की जेठा भए पनि पुस्तकाकार हास्यव्यङ्ग्य सङ्ग्रह प्रकाशन, एकभन्दा बढी विधामा हास्यव्यङ्ग्यको प्रयोग तथा दीर्घ साधनाका दृष्टिले पूर्ववर्ती झापाली उक्त हास्यव्यङ्ग्यकारभन्दा रेग्मी नै अग्र स्थानमा आसीन हुनुहुन्छ। रेग्मीका उत्तरवर्ती झापाली वरिष्ठ हास्यव्यङ्गारहरूमा कोमलप्रसाद पोखरेल, नकुल काजी, होम सुवेदी, चूडामणि वशिष्ट आदिको नाम आउँछ। पोखरेलका कथा, कविता र निबन्धमा नै हास्यव्यङ्ग्यको प्रयोग पाइए पनि हास्यव्यङ्ग्यात्मक कृतिका रूपमा हाउडीपुराण एक मात्र पुस्तक प्रकाशित छ। सुवेदीले कविता र निबन्ध दुवैमा हास्यव्यङ्ग्यको प्रयोग गरेको पाइन्छ भने पुस्तकाकार हास्यव्यङ्ग्य कृति दुईवटा मात्र प्रकाशन गर्नुभएको छ। काजीका हास्यव्यङ्ग्य रचनाको सङ्ख्या र गुण दुवै अब्बल भए पनि हास्यव्यङ्ग्यै भनेर चाहिँ एक मात्र पुस्तक प्रकाशित देखिन्छठ। वशिष्टका निबन्धमा मात्र हास्यव्यङ्ग्यको प्रयोग छ भने उहाँको एक मात्र कृति प्रकाशित छ। त्यसै गरी पोखरेल, सुवेदी र काजीका हास्यव्यङ्ग्यमा कतै कतै व्यङ्ग्यलाई हास्यले उछिनेको देखिन्छ भने वशिष्टका रचनामा दुवै तत्व उत्तिकै बराबर प्रयोग भएको पाइन्छ अनि रेग्मीका हास्यव्यङ्ग्यमा चाहिँ हास्यलाई व्यङ्ग्यले नै उछिनेको पाइन्छ। यसरी हेर्दा हास्यव्यङ्ग्यात्मक पुस्तक सङ्ख्या र निरन्तर दीर्घ साधनाका दृष्टिले रेग्मी उत्तरवर्ती झापाली हास्यव्यङ्ग्यकारभन्दा अगाडि नै देखिनुहुन्छ भने गुणस्तरका दृष्टिले पनि पूर्ववर्ती र उत्तरवर्ती झापाली हास्यव्यङ्ग्यकार सँगसँगै रहनुभएको छ। अत: जनजीवनको दैनन्दिनी, समस्या, मर्म, सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक आदि क्षेत्रका होचीअर्घेलीलाई सरल ढङ्ले झर्रो भाषामा हास्यव्यङ्ग्यको रूप दिएर मानव चेतनालाई नित्यनिरन्तर झझक्याइरहनुहुने चूडामणि रेग्मी झापाका एक वरिष्ठ हास्यव्यङ्ग्यकारका रूपमा स्थापित हुनुभएको छ। म यस्ता प्रेरक व्यक्तित्व आदरणीय गुरु चूडामणि रेग्मीको ७८औं वर्षप्रवेशको जन्मदिका सुअवसरमा उहाँमा सुस्वस्थ जीवनको हार्दिक शुभकामना अर्पण गर्दछु।

*सुरुङ्गा–४, झापा* **समाप्त**

# चिकित्सा क्षेत्रमा आरक्षण आवश्यकता कि राजनीति ?

**डा उमेशप्रसाद भट्टराई**

कुनैपनि क्षेत्रमा कसैको कमी छ र उक्त क्षेत्रमा पदपूर्ति गर्दा समाज र देशको विकास हुन्छ भने आरक्षण उत्तम मार्ग हुन सक्छ। तर सामाजिक भूगोल र वेषभूषालाइ आधार बनाएर राजनीतिक रुपमा गरिने आरक्षणले क्षणिक रुपमा कसैलाई त फाइदा पुग्न सक्ला तर दिर्घकालमा राम्रो हुँदैन। अझ सबैभन्दा संवेदनशील मानिने चिकित्सा क्षेत्रमा हुने आरक्षणको गम्भीर छलफल हुनु आवश्यक छ। हुन त बेला-बेलामा विभिन्न फोरम, सम्मेलन र गोष्ठीहरुमा यसका बारेमा छलफल हुने गरेकै छ तर के आरक्षण साँच्चिकै चिकित्सा जगतमा आवश्यक छ ? नेपालमा एमबिबिएसदेखि पीजीसम्म जातीय, लैंगिक, भौगोलिक, धार्मिक, क्षेत्रीय, सरकारी तथा प्रतिष्ठान लागायतका थुप्रै आरक्षणको व्यवस्था छ तर त्यसको सही मूल्यांकन र अनुगमन भएको जस्तो लाग्दैन।

आरक्षणले गर्दा पाइने सेवाको गुणस्तर राम्रो हुन्छ कि हुँदैन त्यो छुट्टै बहसको विषय बन्न सक्छ तर आरक्षणको सदुपयोग भएको छ वा त्यसको उपयोग मात्र भएको छ। यस विषयमा बोल्नैपर्ने बेला आएको छ। दुर्गम र बिपन्नका नाममा आरक्षण प्राप्त डाक्टर कति जना हुनुहुन्छ ? उहाँहरुलाई आरक्षण पश्चात् उक्त क्षेत्रमा कत्तिको सुधार या प्रगति भएको छ ? त्यसको अनुगमन र मूल्यांकन कसले गरेको छ ? दुर्गम र विपन्नका नाममा आरक्षण हुन थालेको वर्षौं भैसक्यो तर हाम्रा हिमाली पहाडी जिल्लामा अझ पनि मुश्किलले डाक्टरहरु भेटिन्छन् वा धेरै कम मात्रामा छन्। अझ अचम्मको कुरा चाहिँ के छ भने उत्त क्षेत्रमा बरु तराइका डाक्टरहरु कार्यरत छन्। के हामीले खोजेको आरक्षण को उपलब्धि यही हो त ? लैंगिक आधारमा गरिएको आरक्षण पक्कै पनि ४०(५० वर्षअघि सान्दर्भिक थियो होला। जब लैंगिक विभेद अनि असमानता ब्यापक थियो तर अहिलेको एक्काइसौं सताप्दिको युगमा कोही कसैभन्दा कमजोर छन् जस्तो लाग्दैन। लैंगिक रुपमा गरिने आरक्षणले बरु असमानता झल्काउँदछ। अत्यावस्यक क्षेत्रमा बाहेक अन्य क्षेत्रमा लैंगिक आधारमा गरिने आरक्षणको बैज्ञानिक आधार के हो प्रस्ट पार्ने बेला आएकै हो!

जनजाति, मधेसी, थारु, अपाङ्ग लगायतका आरक्षणले उक्त जाति, क्षेत्र वा देशको उन्नति र विकासमा साँच्चिकै महत्व कत्तिको राखेको छ ? कुनै तथ्य या आधार छ ? आर्थिक र सामाजिक रुपमा अब्बल जनजातिले जनजाति भएकै कारण पढ्न पाएको तर बौद्धिक रुपमा तगडा मिहनेती बिद्यार्थीले समान वा बढी अंक ल्याउदा पनि पढ्न नपाएको थुप्रै अनुभवहरु छन्८ आर्थिक सामाजिक रुपमा तल परेका जनजाति पनि धेरै छन्, तीमध्य कतिले अवसर नै पाउँदैनन्। अवसर प्राप्त मध्य धेरै कमले मात्र आफ्नो जाति वा समाजको विकासमा आफूलाई समर्पित गरेका छन् होइन भने वर्षौंदेखि आरक्षण प्राप्त हजारौं व्यक्ति कहाँ पुगे ? मधेस वा थारुको आरक्षण प्राप्त चिकित्सक मधेस वा थारु जातिको उत्थानमा समर्पित छन् वा आरक्षणमा पढेकाहरु आफ्नो धरातल भुलेर अन्यत्रै काम गरिरहेका छन् ? जातीय आधारमा यसरि दीने आरक्षण कुनै राजनीतिक दाउपेचमा बिकेको छ वा बैज्ञानिक धरातलमा छ ? बुझ्ने बेला आएको छ। यसका साथै लोकसेवाका डाक्टर, प्रतिष्ठान, आर्मी, पुलिसलगायतको आरक्षण पनि जिवितै छ। हुम्लामा काम गर्ने सरकारी डाक्टर र त्यही काम गर्ने गैरसरकारी डाक्टर दुबैले देश र जनताका लागि उत्तिकै सेवा दिएको हुन्छ तर सरकारको नजरमा सरकारी डाक्टरलाई आरक्षण छ तर गैरसरकारीलाई भने कुनै व्यवस्था छैन। कि डाक्टर जति सबै सरकारी हुनुपर्यो। होइन भने यो सरकारी गैरसरकारीको सरकारले गरिरहेको विभेद तत्काल खारेज। यसका साथै प्रतिष्ठान, आर्मी, पुलिसमा कार्यरत चिकित्सकको लागि केही संस्थाले आरक्षण दिन्छन् भनेर निजि मेडिकल कलेजमा कार्यरत चिकित्सकले पनि आफू काम गर्ने मेडिकल कलेजमा आरक्षण पाउनुपर्छ भन्नु जायज नै हो जस्तो लाग्छ। यो बारेमा पनि सम्बन्धित निकाय मौन रहनु हुँदैन!

अपाङ्ग आरक्षणमा पनि धेरैले पढेका छन्। ती अपाङ्ग छन् वा छैनन् वा तिनले कसरि पढे त्यतातर्फ अहिले नजाउँ तर त्यो आरक्षणले चिकित्सा क्षेत्रमा केही परिवर्तन वा विकास ल्याएको छ छैन त्यसको हिसाब किताब पनि हुनु जरुरी छ। दुर्गम वा बिपन्न भनेर आरक्षण छुट्टाउन थालेको युगौं भैसक्यो तर दुर्गम अझै दुर्गम छ। बिपन्नले अझै सेवा पाएका छैनन आखिर किन ? किन जाजरकोट मुगुलगायतका हिमाली पहाडी जिल्लामा बिरलै डाक्टर भेटिन्छन् ? दुर्गम बिपन्नको कोटामा पढेका ती डाक्टरहरु कता छन् ? यसको खोजि नीति कसले गर्ने ? वा अझ पनि दुर्गम बिपन्न भन्दै भाषण मात्र गर्दै हिड्ने हो ? यसरी बाडिने आरक्षण बैज्ञानिक आधारमा छन् या राजनीतिक आधारमा ? काठमाडौँमा बोर्डिङ स्कुल पढ्ने धनाढ्य परिवारको बिद्यार्थी एसएलसीको परीक्षा जुम्लाको सरकारी स्कुलबाट दिएकै कारण ऊ बिपन्नमा पढ्न पाउने अनि पोखरा चितवन बस्ने परिवारको बिद्यार्थी नागरिकता पहाड दुर्गमबाट बनाएर दुर्गम कोटामा पढ्ने ! यो प्रक्रिया यसरी नै कहिले सम्म चलिरहने हो ?

जातीय आधारमा सुसम्पन्न व्यक्तिलाई आरक्षणको तक्मा दिएर परिवर्तन हुँदैन महोदय। बरु हामी गुणस्तर र परिश्रममा जोड दिउँ। यो राजनीतिक बलमा चिकित्सा क्षेत्रलाई तहसनहस नपारौं। आरक्षणमा पढ्दैमा ऊ पढाइमा कमजोर वा बलियो भन्ने होइन वा आरक्षण हुँदै हुँदैन भन्ने पनि होइन। तर चिकित्सा जस्तो अति नै संवेदनशील क्षेत्रमा एक भन्दा एक उत्कृष्ट बिद्यार्थी गएकै राम्रो। किनभने सबैलाई गुणस्तर अनि उत्कृष्ट उपचार नै चाहिएको छ। उपचारमा आरक्षण पक्कै चाहिएको होइन होला ? म आरक्षणको बिरोधी होइन तर जबसम्म आरक्षणको बैज्ञानिक ढंगले अनुगमन, मूल्यांकन गर्न सकिँदैन यो प्रणाली बन्द गरिदिएकै वेश होला कि ?

'खुलेर बोलौं, विभेद रोकैं'
महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं
दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नयाँ विमर्श
Naya Bimarsha National Weekly



# कुटोमा श्रीमती, बिटोमा श्रीमान्

उमा पौडेल

धनमाया अधिकारी ४८ वर्ष लागिन् । उनको २१ वर्षमा बिहे भएको थियो । त्यसयता भातभान्छा र खेती नै उनको जिम्मेवारी हो । यीनै काममा अभ्यस्त भएर होला उनलाई घर धन्दा काम हो जस्तै लाग्दैन । सिन्धुलीको दुधौली नगरपालिका ६, मा उनको परिवारको करिब डेढ बिगाहा जमिन छ । यही जमिनबाट उब्जेको अन्नबाली र आम्दानीबाट उनको ६ जनाको परिवार धानिन्छ । धनमायाको गोठमा भैंसी, बाखापाठा र कुखुरा पालन समेतले गर्दा उनीहरूसँग केही पैंसा जम्मा हुन्छ । खेतीपाती, गाईवस्तुको आम्दानी लिंदा त खुसी नै लाग्छ । तिनीहरूको हेरचाह गर्नु कठिन छ नै । यी सबै जिम्मेवारी धनमायाकै काँधमा छ । घरधन्दा, खेतीपाती धान्नकै लागि धनमाया २१ वर्षयता (अपवाद बाहेक) बिहान सँधै ३ बजे उठ्छिन् । बेलुका १० बजेमात्रै उनको काम सकिन्छ । बिहान बेलुका गाईवस्तु र भान्छाको चाँजोपाजो मिलाउँछिन् । दिउँसो खेतमै बित्छ । उनका अनुसार बेलाबेलामा 'सघाउने' श्रीमान् भएकाले दैनिकीमा केही सजिलो भएको छ । धनमायाका ३ छोरी र १ छोरा छन् । जेठो छोरा हेटौंडामा आफन्तकहाँ बसेर कक्षा १२ पढिरहेका छन् । ३ छोरी नजिकैको विद्यालयमा आधारभूत तह पढ्दैछन् । 'आजभोलीका केटाकेटीले काम गर्छन् भनेर आशा नगरे हुनेरहेछ' धनमाया भन्छिन् 'छोराछोरीले पढ्नै भ्याउँदैनन् के काम सघाउन् ! पढाई बिग्रेला भनेर पनि म उनीहरूलाई काम लगाउँदिन । बरु काममा श्रीमान्ले सघाउनुहुन्छ ।'

**तीन दशकको चाकरी रित्तो भकारी**

धनमायाका श्रीमान् हरी अधिकारी ५२ वर्षका भए । उनी खेतीपातीमा त्यति चासो दिँदैनन् । बरु उनको ध्यान गाईवस्तुमा बढी हुन्छ । धनमायाले आफ्नो भागको काम सुनाइन्, 'डाले घाँस काट्ने, दुध पुऱ्याउने, बाखापाठा बेच्ने काम श्रीमान्को हो । म धुलो घाँस काट्छु, गोबर सोहोर्छु ।' धनमायाकै अनुसार खेतीपातीको रेखदेखको जिम्मा पनि उनकै हुन्छ । तर खेतीमा के लगाउने निर्णय चाहिँ श्रीमान्को । 'खेतीपाती गर्दा श्रीमान् धान, मकै रोप्न ईच्छा गर्नुहुन्छ ।' उनले थपिन्, 'मुसुरो, तोरी, आलस बढी लगाउन पर्ने बाध्यता मेरो छ ।' के तरकारी पकाउने ? दाल पकाउने कि नपकाउने, अचार बनाउने सामग्रीको जोहो हरेक बिहान साँझ धनमायाले गर्छिन् । खेतमा तोरी भए तेल किन्नु पर्दैन । मुसुरो भए दाल किन्नुपर्दैन । दाल, भुटन किन्नुनपरे श्रीमान्लाई पैसाको लागि गुहार्नु पर्दैन । खेतमा मुसुरो, तोरी, आलस लगाउन जोड गर्ने यत्ति कारण हो । खेतीपातीबारे भन्दै जाँदा धनमाया अझ खुलिन्, 'के गर्नु तीन दशक चाकरी रित्तो भकारी ।' उनले अझ प्रष्ट्याइन्, 'खेतीपातीमा जति समय खर्चिए पनि आफ्नो भान्छाको गर्जो टार्ने तोरी, मुसुरो, आलस भर्ने ढुकुटी सँधै रित्तो हुन्छ । श्रीमान्को धान, मकै, कोदो राख्ने ढुकुटी सँधै भरिएको ।' कृषि र पशुपालनबाट उनीहरूको परिवारले वार्षिक २ लाख रुपैयाँ आम्दानी गर्छन् । यही आम्दानीले नजिकै ५ कठ्ठा खेत र सदरमुकाममा १० धुर घडेरी पनि जोडेका छन् । तर, दुवै जग्गाको स्वामित्व धनमायाको छैन । धनमायाका अनुसार खेतीपातीमा श्रीमान्को भन्दा उनको खटाई धेरै छ । तर न त उनको भकारी नै भरिएको छ न त आम्दानीबाट जोरजाम गरिएको सम्पति उनको आफ्नो नाममा छ । यद्यपि असन्तुष्टि देखाउँदिनन् । सन्तुष्टिको कारण खोलिन्, 'चाहिएका बेला खर्च पाएकै छु ।' धनमायाका श्रीमान् हरी अधिकारीले पनि घरको काम र कृषि महिलाले धान्ने र आम्दानी पुरुषले नै व्यवस्थापन गर्ने हो भन्ने बुझेका छन् । त्यसैले आजसम्म आफूले गरेको काम केही नौलो होइन, पुरुषसँग स्वत: आउने हक हो भन्ने उनले ठानेका छन् । 'बाजेको पालादेखि नै यस्तै चलि आयो । न त श्रीमतीले बेचबिखनको काम म गर्छु भनिन्, न हामीले तिमी गर भन्यौं । जस्तो थियो त्यसरी नै चलिरहेको छ ।'

**श्रीमान्को निर्णयमा श्रीमतीको श्रम**

सदरमुकामबाट २२ किलोमिटरको दुरीमा जहानटोल गाउँ छ । जहाँनटोलका किसानहरू धान, मकै, गहुँ, तोरी, आलु, काउली लगायत सिजन अनुसारको अन्न तथा तरकारी खेती गर्छन् । सरिता घिमिरेको परिवार जहान टोलको सबैभन्दा मेहनती कृषक परिवारमा गनिन्छ । गोठमा आधादर्जन गाई, १ सय भन्दा बढी कुखुरा छन् । खेतीपाती पनि उस्तै । यी सबै काम परिवारका सदस्यले नै गर्छन् । घिमिरे दम्पत्तिका २ छोरी छन् । जेठी छोरीको विवाह भइसक्यो । कान्छी छोरी पढ्दैछिन् । उनी कामकाजमा सघाउन भ्याउँदिनन् । वस्तुभाउ, खेतीपाती श्रीमान् श्रीमतीले सम्हालेका छन् । उनीहरूको मेहनत र दिनदिनैको काम देखेर छिमेकी उनीहरूको परिवारलाई मेहनती मान्छन् । बाहिरबाट हेर्दा दुवै जनाको काममा बराबर लगाब झैं देखिन्छ । तर, कामको जिम्मेवारी र निर्णयमा बराबरी छैन । सरिताले केही दिनअघिको घटना सम्झिइन्, 'गोठमा ५ गाई थिए । श्रीमान्ले अझ एउटा गाई थप्ने भन्नुभयो । मलाई कुखुरा पाल्ने रहर थियो । तर उहाँले मान्नुभएन । उहाँकै निर्णय लागु भयो । एउटा गाई थपियो ।' अहिले उनीहरूको गोठमा ६ वटा गाई छन् । सरितालाई गाई भन्दा कुखुराको स्याहार सजिलो लाग्ने भएकाले कुखुरा थप्ने रहर गरेकी रहिछन् । तर, श्रीमान् हरिले आम्दानी हेरे ।

'कुखुराभन्दा गाईको दूधबाट बढी आम्दानी हुने भएकाले श्रीमान्ले गाई थप्नुभयो' सरिताले भनिन्, 'आफू काममा बढी खट्नुपर्छ । उहाँहरू पैसा हेरेर निर्णय गर्नुहुन्छ । कामको बोझको ख्याल गर्नुहुन्न ।' सरिता र हरीको कामको बाँडफाँड नतोकिएर पनि तोकिएजस्तै छ । सरिता सबेरै उठेर घाँसकुँडो गर्छिन् । वस्तुभाउ अघाउँछिन् । हरि नजिकैको डेरीमा दूध पुऱ्याएर ९ बजे फर्किन्छन् । त्यतिन्जेलसम्म सरिताले दिनभरलाई पुग्ने घाँस काटेर ल्याइसक्नुपर्छ । अनि भात तरकारी पनि ठिक्क पारिसक्नुपर्छ । सरिताकै अनुसार कृषि र पशुपालनबाट उनको परिवारले वार्षिक ४ लाखदेखि बढीमा ६ लाख रुपैयाँसम्म आम्दानी गर्छ । उब्जेका बाली र पालेका पशुको भाउ छिन्ने, बेचबिखन गर्ने काम श्रीमान्को हो । सरिताचाहिँ आफूले लिएको खर्चको हिसाबकिताब बुझाएपछि आवश्यकता अनुसारको खर्च श्रीमान्बाट पाउँछिन् । 'बाँकी आम्दानी कहाँ खर्च र लगानी गर्नुहुन्छ म खासै चासो गर्दिन' सरिताले भनिन् । जहानटोलकै ५३ वर्षकी लक्ष्मी भट्टराईलाई श्रीमान् पुष्कर भट्टराई नभएको बेला अन्तपात बेच्ने आँट आउँदैन । उनीहरूको १ बिगाहा उब्जनी हुने जमिन छ । खेतीपातीको राम्रो ज्ञान पनि उनमा छ ।

लक्ष्मीले भनिन्, 'दिनरात नभनेरै खेतीपाती गरिन्छ । तर बेच्ने बेलामा श्रीमान्लाई नसोधी आँट आउँदैन ।' छरछिमेकमा मानापाथी अैचौपैंचो गर्नचाहिँ कसैसँग सोध्नुपर्दैन । तर, उनले धान मकै बेच्ने निर्णय श्रीमान् बिना आजसम्म गरेकी छैनन् । बेच्ने मात्रै होइन खेतमा कस्तो बाली लगाउने, धान खलाबाटै बेच्ने कि ढुकुटीमा राखेर बेच्ने सबै कुराको निर्णय श्रीमान्ले नै गर्ने गरेको उनले बताईन् । बेचबिखन मात्रै होइन, उनले थपिन्, 'खेताला कति जना लगाउने भन्ने निर्णय पनि उहाँ (श्रीमान) ले नै गर्नुहुन्छ । खेताला खोज्ने कामचाहिँ मैले गर्नुपर्छ ।' ज्याला तिर्ने बेला फेरि श्रीमाननै गुहार्नुपर्छ लक्ष्मीले ।

**महिला बजार गए कसरी घर चल्छ ?**

सरिताका श्रीमान् हरि घिमिरे आफूले आम्दानी लिने र श्रीमतीलाई आवश्यकता अनुसारको खर्च दिने कुरालाई स्वभाविक मान्छन् । उनलाई बाहिर हिंड्ने, समाजमा कुरा बुझ्ने, बजारभाउ बुझ्ने, बेच्ने जिम्मेवारी पुरुषकै हो भन्ने लाग्छ । हरिको बुझाइमा, यी काम महिलाले गरे घर कसरी चल्छ ? भन्छन्, 'श्रीमतीलाई वस्तुभाउ र खेतीपाती कसरी गर्ने भन्ने राम्रो ज्ञान छ । त्यसैले उनले घरकै काम गर्छिन् । बाहिरको काम गर्ने म छँदैछु । उनलाई के को दु:ख !' उनले परिवारमा आफ्नो भूमिका अझ प्रष्ट्याउँदै थपे, 'मागेको बेला उनलाई खर्च दिएकै छु ।' लक्ष्मीका श्रीमान् पुष्कर भट्टराई भने थोरै उत्पादन हुने दाल, तोरी बेच्ने निर्णय श्रीमतीले नै गर्ने बताउँछन् । उनले थपे, 'थोरै तिना कारोबार उनले पनि गर्छिन् । मकै, धान अलि बढी बेच्छौं । यसको कारोबार पहिलेदेखि आफैले गरिएको छ । लक्ष्मीले यसको बारेमा चासो नै गर्दिनन् ।'

**महसुस छ, कारोबारको जिम्मा दिन सकिँदैन**

गौतमप्रसाद भट्टराई कमलामाई नगरपालिका १०, का वडा सदस्य हुन् । उनलाई महिलाहरूको उत्पादनमा सहभागिता, लाभमा भने पहुँच नभएकोबारे राम्रोसँग ज्ञान छ । सेवामूलक काम गर्नु महिलाको जिम्मेवारी र त्यसको आम्दानी लिनु पुरुषको अधिकार जस्तै बनेको छ । 'यस्तो अवस्था परिवर्तन गर्नुपर्छ' भन्ने पनि गर्छन् । तर, आफ्नै परिवारको अवस्था भने परिवर्तन भएको छैन । आफ्नै परिवारमा पनि श्रीमतीले घर खेतको काम गर्ने र आम्दानी तथा खर्च व्यवस्थापन आफूले गर्दै आएको उनले बताए । उनले भने, 'दु:ख गर्ने श्रीमतीले आम्दानी पनि लिन पाउनुपर्छ भन्ने राम्रोसँग थाहा छ । उनी घरधन्दाले भ्याउँदिनन् । मेरो बाहिर हिंडिरहने काम पर्छ । त्यही बेला आर्थिक कारोबार आफै गर्छु ।' उनकी श्रीमती कल्पना भट्टराई हुन् । खेतीपातीको आम्दानी घरखर्च कटाएर बैंकमा जम्मा गर्ने गरेको उनले बताईन् । कल्पनाले थपिन्, 'भान्छालाई चाहिने जति खर्च श्रीमानले घरै छाडिदिनुहुन्छ । बाँकी पैसा कति बैंकमा जम्मा गर्ने कति ब्याजमा लगाउने उहाँकै निर्णय हुन्छ ।' विवाह गरेर भित्रिएको दिनदेखि भट्टराई परिवारमा उनले यही चलन देखिन् । महिलाहरू आम्दानी खर्चको व्यवस्थापनमा अघि बढेका कहिल्यै थाहा पाइनन् । त्यसैले श्रीमानले आम्दानी लिनु र आफूले श्रम गर्नु उनलाई नौलो लाग्दैन । सिन्धुलीको धुरा बजार नजिकैको बुधबारे हाटमा सरिता आचार्य इस्कुस र गोलभेंडा बेचिरहेकी भेट्इन् । श्रीमान्ले तीन महिनाअघि आत्महत्या गरेपछि सरिता ३ छोरीका साथ आफ्नै गाउँ चपौलीमा बस्छिन् । उनलाई आफ्नो जग्गा यति नै छ भन्ने थाहा छैन ।

करेसाबारीमा तरकारी फलाउँछिन् । श्रीमान् नभएपछि उनी पहिलो पटक तरकारी बेच्न आफै हाटबजार पुगिन् । भन्छिन् 'श्रीमान् हुँदासम्म यसरी तरकारी बेच्न हिंड्नु पर्दैनथ्यो । उहाँ नभएपछि आफ्नै काँधमा आयो ।' पहिलोपटक तरकारी बेच्न जाँदा उनलाई अप्ठ्यारो लागिरहेको रहेछ । मूल्यको पनि मेसो पाएकी थिइनन् । हिसाब किताबमा अलमल झैं देखिएकी थिईन् । हाट बजारको घुँईचोभन्दा वरै एकान्तमा बसेर टमाटर बेच्दै गरेकी थिईन् । तरकारी बेचेको आम्दानीले ६ कक्षा, ४ कक्षा र ३ कक्षा पढ्ने छोरीको खर्च धान्नुपर्ने बताईन् । 'पहिले श्रीमान्ले कहाँ लगेर तरकारी बेच्नुहुन्थ्यो त्यो पनि थाहा हुँदैन थियो । म फलाउँथे उहाँ बेचेर घरमा चाहिने सामान लग्नुहुन्थो' उनले थपिन्, 'पहिलेदेखि आफूले पनि ज्ञान लिएको भए अहिले अप्ठ्यारो नपर्ने रै'छ ।'

**छोराछोरी मान्दैनन्, श्रीमतीले जान्दिनन्**

बुधबारे हाटमा डोकोभरी चम्सुरको साग लिएर बसेका भक्तमान वाईवा ६२ वर्षका भए । कमलामाई नगरपालिका १२ शिखर उनको घर हो । उनको ९ कठ्ठा जमिन छ । अहिले उनको बारीमा चम्सुर खेती छ । बिहान चम्सुर उखेलेर, मुठा बाँधिदिएर श्रीमतीले ठिक्क पारिदिन्छिन् । डोकोमा चम्सुर बोकेर उनी बजार झर्छन् । भने, 'मैले जोतें, जहानले छर्यो । गोडमेल गर्न पर्दैन, सजिलो छ चम्सुर उब्जाउन ।' उनले आफ्नो तरकारी बिक्रीको हिसाब किताब सुनाए, 'मुठाको २५ रुपैयाँमा बेच्छु । अहिलेसम्म ४ सय ७५ कमाएँ । यो सकेर चिनी मसला किनेर घर लैजान्छु ।' भक्तमान वाईवाको परिवारमा ५ छोरी र २ छोरासहित ९ जना छन् । तर, तरकारी बिक्रीको लागि सँधै उनी नै बजार झर्छन् । 'केटाकेटा मान्दैन, श्रीमती जान्दैन' बजार आउनुको कारण खुलाउँदै भक्त बहादुरले थपे, 'बच्चाहरूलाई जाउ भन्दा मान्दैनन् । बुढीले हिसाब भुल्छ जस्तो लाग्छ । उसलाई पठाउन मनै मान्दैन । आफै आउँछु । उ आजसम्म बेच्न हिंड्या छैन । उसले रोप्छ, मैले बेच्छु ।'

**८२ प्रतिशत महिला कृषिमा**

सरकारकै तथ्याङ्क अनुसार नेपालको कृषि क्षेत्रमा ८० प्रतिशत बढी महिलाले श्रम गर्छन् । कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र कृषि अनुसन्धान परिषद् (नार्क) ले २०७१०७२ मा निकालेको लैंगिक समता तथा सामाजिक समावेशीकरण प्रगती प्रतिवेदन अनुसार जिल्लागत रुपमा हेर्दा कम्तिमा ४३ देखि ८२ प्रतिशतसम्म कृषि क्षेत्रमा महिलाले श्रम गर्ने उल्लेख छ । यद्यपि श्रम अनुसारको प्रतिफल उपभोगको भने तथ्याङ्क छैन । सिन्धुलीको कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा २ लाख ५१ हजार ८ सय ७९ हेक्टर जमिन छ । जसमध्ये ६२ हजार ७ सय १३ हेक्टर खेतीयोग्य जमिन छ । खेतीयोग्य जमिनमध्ये पनि ४९ हजार ७ सय ८९ हेक्टर क्षेत्रफलमा मात्रै खेतीपाती हुने गरेको छ । यी खेतीयोग्य जमिनमा आवद्ध किसानको परिवार संख्या ३३ हजार ७ सय ९० छ । तर, महिला कति आवद्ध छन् भन्ने तथ्याङ्क भने कृषि ज्ञान केन्द्र सिन्धुलीमा छैन । कृषि ज्ञान केन्द्र सिन्धुलीका प्रमुख राजन ढकाल महिला कृषकको संख्या यकिन नभए पनि कृषिमा सहभागी हुनेमध्ये धेरै महिला नै रहेका बताउँछन् । यद्यपि कृषिलाई आधुनिक तरिकाले गर्न सिकाउने तालिममा पुरुषको सहभागिता बढी छ । केन्द्रबाट गएको आर्थिक वर्षमा सञ्चालन भएको कृषि पेशासँग सम्बन्धित विभिन्न तालिममा सहभागी भने पुरुष बढी छन् । केन्द्रले ४ हजार ४ सय ८१ जनालाई तालिम दिएको थियो । ती मध्ये २ हजार ३ सय ३१ जना पुरुष र २ हजार १ सय ५० जना महिला रहेका ढकालले जानकारी दिए ।

प्रमुख राजन ढकाल कृषिमा महिलाहरूले बढी श्रम गरे पनि आम्दानीमा भने महिलाको पहुँच निकै कम रहेको बताउँछन् । महिलाहरूको खेतीसँगै बालबच्चा तथा घरायसी कामको पनि जिम्मेवारी बढी हुने भएकाले कृषि सम्बन्धी तालिममा उनीहरूको संख्या कम भएको ढकालले बताए । उनले भने, 'यद्यपि हामीले महिलालाई कृषिमा प्रोत्साहन गर्नका लागि समान सहभागिताको सर्त राखेर समूह तथा सहकारीहरूमा पत्राचार गर्ने गरेका छौं ।' ढकाल महिलाका नाममा जग्गा पास गर्दा २५ प्रतिशत राजस्व छुट दिने व्यवस्था जस्तै कृषि क्षेत्रमा पनि बाध्यकारी व्यवस्था गर्नुपर्ने सुझाव दिन्छन् । कृषिमा महिला पुरुषको समान सहभागिता बढाउन राष्ट्रिय युवा परिषदबाट अनुदान लिनका लागि समूहमा ५० प्रतिशत महिला सहभागिता हुनैपर्ने व्यवस्था छ । तर, कृषि श्रममा पुरुष भन्दा महिला सहभागिता बढी भए पनि समूहमा आवद्धता भने निकै कम छ । अघिल्ला दुई आर्थिक वर्षमा जिल्ला युवा समिति सिन्धुलीबाट कृषि तथा पशुपालनका लागि ५ लाख अनुदान लिएका ५ वटा समूह सबैको नेतृत्वमा पुरुष छन् । जिल्ला युवा समिति सिन्धुलीका अध्यक्ष संजय दाहाल भन्छन्, '५० प्रतिशत महिला सहभागिता भएको समूह पाउनै हम्मेहम्मे छ । त्यसमा पनि महिला मुख्य पदमा निकै कम छन् ।' अधिकारकर्मी सुशीला थिङ कृषि काममा महिलाको मेहनत धेरै हुने र पुरुष हाबी हुने बताउँछिन् । 'शहरी क्षेत्रका केही कृषक महिलाले आफ्नो उत्पादन, आम्दानी र त्यसको व्यवस्थापन आफै गरेका छन्' थिङले भनिन्, 'ग्रामीण क्षेत्रमा स्थिती निकै जटिल छ । महिलाले दिनरात नभनेर गरेको आम्दानी दुरुपयोग गर्ने पुरुषहरू प्रसस्तै छन् ।' महिलाले कृषिबाट ६४ प्रतिशत आम्दानी गर्ने तर १० प्रतिशत पनि उपयोग नगर्ने गरेको विभिन्न तथ्यांकहरूले समेत पुष्टि गरेको उनको भनाइ छ । थिङ भन्छिन्, 'सिन्धुलीमा मात्रै नभई देशैभर महिला कृषि क्षेत्रको आम्दानीका लागि मुहान हुन् । तर, उपभोग उनीहरूको पहुँच बाहिर छ ।'

**परम्परागत भूमिका छोड्नुपर्छ**

ईक्वेल एक्सेसका संचार तथा पैरवी अधिकृत नवोदिता सुवेदी किसान महिलाहरूलाई नै लक्षित गरेर प्रभावकारी अभियान नथालेसम्म उनीहरू परम्परागत भूमिकाबाट बाहिर आउन नसक्ने बताउँछिन् । सुवेदी भन्छिन्, 'कुटो कोदालो चलाउनेदेखि वस्तुभाउको हेरचाह गर्ने ठेक्का महिलाको हुन्छ । तर त्यसको बेचबिखन गर्ने, पैसा लगानी गर्ने, राख्ने सबै कुराको निर्णय पुरुषको हातमा । किसान महिला र पुरुषको परम्परागत भूमिकालाई परिवर्तन गर्न महिला लक्षित कार्यक्रम हुनैपर्छ ।' सही हो' अभियान अन्तरगत इक्वेल एक्सेसले सन् २०१८ जनवरीदेखि किसान महिलाको नेतृत्व विकास गर्न सिन्धुलीमा कार्यक्रम गरिरहेको छ । सुवेदी भन्छिन्, 'यो अभियान अन्तरगत हामीले किसान महिलाका कुरा सुन्यौं । तपाई के गर्नुहुन्छ भन्दा किसान महिलाको जवाफ आउछ, 'म केही गर्दिन् । घर सम्हाल्ने, खेतीपाती र वस्तुभाउ स्याहार्ने काम गर्छु' भन्नुहुन्छ । यो भनेको उहाँहरूले आफ्नो कामलाई महत्वपूर्ण नठानेको अवस्था हो ।''खेतबारी र वस्तुभाउमा १८ घण्टा भन्दा बढी काम गर्ने महिलाहरू आफ्नो कामप्रति गर्व नै गर्दैनन्' सुवेदीले थपिन्, 'सामाजिक मूल्य मान्यताका कारण बजारमा महिलाको उपस्थिती नै हुँदैन । त्यसो हुँदा उत्पादन गर्ने काममा मात्रै महिलाको सहभागिता हुन्छ । पैसा र निर्णयबाट बिमुख गराइन्छन् ।''सही हो' अभियानले सिन्धुलीमा स्थानीय तहका प्रमुख र किसान महिलाहरूलाई एकै ठाउँमा राखेर गरेको कार्यक्रममा पनि किसान महिलाहरूले परम्परागत भूमिका नै आफूहरुको गतिशिलताको बाधक भएको प्रष्ट्याए । यसको समाधान के त ? संचार तथा पैरवी अधिकृत सुवेदीले भनिन्, 'सरकारी तथा गैर सरकारी निकायले किसान लक्षित कार्यक्रम गर्दा किसान महिलालाई केन्द्र विन्दुमा राख्नुपर्छ । किसान सम्बन्धी के कस्ता कार्यक्रमहरू कहिले र कहाँ हुँदैछन् भन्ने सूचना पाउनुपर्छ । त्यस्ता कार्यक्रममा उनीहरूको अर्थपूर्ण सहभागिता हुनुपर्छ । अनिमात्रै किसान महिलाहरूले आफूले पालेका वस्तुभाउ र उब्जाएका बालीनाली बेचबिखन गर्दा आफैले निर्णय गरेर आफ्नो पनि स्वामित्व खोजी गर्छन् ।'

*(लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा संचारिका समूह र 'सही हो' अभियानको सहकार्य । )*

# के ग्रीन टि पिउनु खतरनाक पनि हुनसक्छ ?

हामी भन्छौं, ग्रीन टि एन्टिअक्सिडेन्टको भरपुर श्रोत हो । ग्रीन टिको नियमित सेवनले क्यान्सरको संभावनालाई पनि कम गर्छ । छालालाई मुलायम र चम्किलो बनाउनदेखि पाचनयन्त्रलाई चुस्त राख्नसम्म ग्रीन टि पिउनुपर्छ भन्ने गरिन्छ । त्यही कारण अहिले ग्रीन टि कल्चर हुर्किएको छ । के त्यसो भए यो एकदमै हानिरहित पेय हो ? के ग्रीन टि पिउनु वास्तवमै लाभदायक छ ? कि यो केवल बिजनेस फन्डा मात्र हो ? जो व्यक्ति केही समय अघिसम्म कित्लीमा पकाएको चिया दुध, चिनी मिसाएर पउँथे, उनीहरुले स्वास्थ्यको नाममा आफ्नो स्वाद बदलेका छन् । ग्रीन टिको यति धेरै फाइदा हुने कुरा गरेर मानिसले यसलाई अति स्वास्थ्यवर्द्धक मान्न थाले । घरमा चिनी-दुधको खपत कम हुन थाल्यो । तर, एक भारतिय सेलिब्रेटी पोषणविद रुजुता देवेकरले एक भिडियोमार्फत ग्रीन टि पारखीलाई द्विविधामा पारिदिएकी छिन् ।

करीना कपूर र आलिया भट्ट जसता फिटनेस आइकनलाई स्वस्थ राख्ने रुजुताले एक भिडियोमार्फत भनेकी छिन्, 'ग्रीन टि भन्दा अदुवायुक्त चिया स्वास्थ्य, एन्टिअक्सिडेन्ट र सुन्दरताको लागि प्रभावकारी हुन्छ ।' उनले ग्रीन टि भन्दा अदुवा चिया राम्रो हुने भनेकी त छिन्, तर त्यसलाई पुष्टि गर्ने आधार उनीसँग छैन । वा उनले आफ्नो अडानलाई चित्तबुझ्दो ढंगले पुष्टि गरेकी छैनन् । उनको भनाईको आशय के छ भने, ग्रीन टि केवल व्यवसायिक उदेश्यले मात्र 'राम्रो' भनिएको छ । यद्यपी उनी आफ्नो निष्कर्षमा पुगेकी छैनन् । यदि ग्रीन टिको इतिहास हेर्ने हो भने, यसको इतिहास पाँच हजार पुरानो छ । चीनमा यसको प्रयोग सबैभन्दा पुरानो हो । अहिले पनि चीनमा ग्रीन टि पिउने संस्कृति जीवित छ । चिया चाहे जुनसुकै होस् । ब्ल्याक टि होस् वा ग्रीन । यी सबै क्यामेलिया साइनेसिस बुट्यानबाट उत्पादन हुने हो । यो बुट्यान कस्तो वातावरणमा हुर्काइएको छ ? कस्तो हावापानीमा उत्पादन गरिएको छ ? कसरी टिपिएको छ ? कसरी प्रशोधन गरिएको छ ? त्यही आधारमा यसको गुणस्तर निर्धारण हुन्छ ।

**के हुन्छ ग्रीन टिमा ?**

ग्रीन टिमा पाइने तत्वको कुरा गर्ने हो भने, यसमा १५ प्रतिशत प्रोटिन, ४ प्रतिसत अमिनो एसिड, २६ प्रतिसत फाइबर, ७ प्रतिशत कार्बोहाइड्रेट, ७ प्रतिशत लिपिड, २ प्रतिसत पिगमेन्ट्स, ५ प्रतिसत मिनरल्स, ३० प्रतिशत फेनोलिक कम्पाउन्ड हुन्छ । यति प्रतिशत ड्राइ ग्रीन टिमा हुन्छ । यस आंकडालाई हेर्दा यो भन्न सकिदैन कि ग्रीन टि पिउनु हानिकारक छ । किनभने ग्रीन टि सदियौंदेखि स्वस्थ्यवर्द्धक पेयकै रुपमा पिउने गरिएको छ । यसबारे विभिन्न खोज-अनुसन्धान भएका छन् । र, विश्वव्यापी रुपमै ग्रीन टिको महत्व र फाइदाबारे चर्चा(परिचर्चा भएका छन् । यद्यपि



कतिपय अध्ययनमा ग्रीन टिबाट हुने बेफाइदा पनि पाइएको छ । वेबमेड वेबसाइटका अनुसार ग्रीन टिको प्रयोग त सुरक्षित हुन्छ तर, कतिपय अवस्थामा यसले पेटसँग सम्बन्धित समस्या ल्याएको पनि पाइएको छ । कतिपयले ग्रीन टिकै कारण कलेजो र मिर्गौलामा समस्या भएको बताएका थिए ।

वेबसाइटका अनुसार ग्रीन टिको प्रयोग तब हानिकारक हुन्छ, जब यसलाई अत्याधिक मात्रामा प्रयोग गरिन्छ । र, यसले त्यसकारण हानी गर्छ कि यसमा रहेको कैफिनको मात्रा बढी हुन्छ । ग्रीन टिमा कैफिन तत्व हुन्छ, जसले टाउको दुख्ने, सुत्नमा समस्या हुने, वान्ता हुने, डायरिया हुने समस्या हुन्छ । यो भनेको ग्रीन टि आवश्यक्ताभन्दा बढी मात्रामा सेवन गरिएको अवस्थामा हो । ग्रीन टि अत्याधिक मात्रामा पिउँदा त्यससँगै कैफिनको मात्रा पनि बढ्छ । जुन व्यक्तिलाई एनीमियाको समस्या छ, उनीहरुले ग्रीन टि पिएको समयमा खास ध्यान राख्नुपर्छ । यसका साथै जसलाई एक्जाइटी डिसअर्डर छ, ब्लिडिङ डिसअर्डर छ, मुटुको समस्या छ, मधुमेह छ, उनीहरुले सन्तुलित मात्रामा ग्रीन टि पिउनुपर्छ ।

**ग्रीन टिमा कैफिन**

बीबीसी गुडफूडका अनुसार ग्रीन टिमा कैफिन हुन्छ । हरेक ब्रान्डको ग्रीन टिमा यसको मात्रा अलग अलग हुन्छ । ग्रीन टि पिउनेहरुले के अनुभव गरेका हुन्छन् भने यसलाई पिएपछि इनर्जी लेबल बढ्छ । ध्यान केन्द्रित गर्नमा मद्दत मिल्छ । र, मुड बन्छ । तर, सबैलाई यस किसिमको प्रभाव हुन्छ भन्ने छैन । यदी तपाईको शरीर कैफिनका लागि धेरै संवेदनसिल छ भने तपाईले एकदमै सन्तुलित मात्रामा ग्रीन टि पिउनुपर्ने हुन्छ । धेरै ग्रीन टि पिउदा निद्रासम्बन्धी समस्या पनि हुनसक्छ । अन्य चियामा जस्तै यसमा पनि टैनिन हुन्छ , टैनिनले शरीरमा आयरन अवशोषणलाई प्रभावित गर्छ । यदी तपाईले आइरनका लागि कुनै खानेकुरा खाइरहनुभएको छ भने ग्रीन टि पिउनु उपयुक्त हुँदैन ।

**एउटा अत्याउने कथा**

जिम मैकेन्ट्स नामक व्यक्तिको कथा अलि फरक छ । उनले ग्रीन टिको चक्की लिने गर्थे । चक्की यसकारण लिने गर्थे कि, स्वास्थ्य राम्रो होस् । तर, पछि स्वास्थ्य परीक्षणमा उनको कलेजो प्रत्यारोपण गर्नुपर्ने अवस्था देखियो । उनको भनाई अनुसार ग्रीन टिको चक्की सेवनले उनको कलेजोमा असर गरेको थियो । मेडिकल रिपोर्टले त्यही भन्थ्यो ।

**तर, असहमति**

भारतका पोषणविद सिमरन भने यो कुरामा सतप्रतिसत असहमत भएको बताउँछिन् । उनी भन्छिन्, ग्रीन टि पिइरहनुभएको छ भने डराउनुपर्ने केही कारण छैन । तर, कसरी ग्रीन टि पिउनुहुन्छ, कति पिउनुहुन्छ भन्ने कुराले त्यसको असर निर्भर गर्ने हो ।' पोषणविद सिमरनका अनुसार ग्रीन टिको मात्रा, त्यसलाई पिउने विधी र सही समय छनौट गर्न सकिएन भने हानी हुन सक्छ । खाना खानसाथ तुरुन्तै ग्रीन टि नपिउन उनको सल्लाह छ । उनले भनेकी छिन्, 'कति मान्छे के सोच्छन् भने टन्न भात खाएपछि ग्रीन टि पिउँछन्, ताकि शरीरमा वोसो जम्मा नहोस् । तर, त्यसो हुँदैन । खाना खानसाथ ग्रीन टि सेवन गर्दा त्यसले पाचन प्रक्रियामा असर गर्छ ।' यसका फाइदा, बेफाइदा वा कसरी पिउने भन्ने सन्दर्भमा यसअघि अनलाइनखबरले आवश्यक सामग्री पेश गरिसकेको छ ।

पछिल्लो एक रिसर्चले के चेतावनी दिएको छ भने ग्रीन टिले उच्च रक्तचाप नियन्त्रण गर्ने औषधीको असर कम गर्छ । जापानमा भएको यो रिसर्च अनुसार ग्रीन टिमा पिउदा केही विशेष कोशिका बन्द हुन्छ, जसको मद्दतले बीटा ब्लकर मेडिसिन अवशोषित हुन्छ । यद्यपी अरु थुप्रै अध्ययनले ग्रीन टि लाई अति स्वस्थ्यवर्द्धक पेयको रुपमा परिभाषित गरेको छ । ग्रीन टिको फाइदा यसप्रकार पाइएको छ ।

ग्रीन टिको सेवनले जोर्नीको दुखाई कम हुन्छ ।

- मुटु रोग, क्यान्सर जस्ता संभावित समस्याबाट टाढा राख्छ ।
- तौल नियन्त्रणका लागि ग्रीन टिले प्रभावकारी काम गर्छ ।
- यसमा भरपुर मात्रामा एन्टि अक्सिडेन्ट पाइन्छ, जसले शरीरमा रोगसँग लड्ने क्षमता बढाउँछ ।
- यसमा रहेको एन्टि अक्सिडेन्टले छालालाई चम्किलो र मुलायम बनाउँछ ।
- तर, ग्रीन टि सन्तुलित मात्रामा, सही ढंगले, सही समयमा पिउनुपर्छ ।

## आयल....

मूल्य नबढाउनु नै राम्रो भएको समाचारमा उल्लेख छ। निगमको व्यवस्थापनलाई लथालिङ्ग र भद्रगोल हुनबाट जोगाउँदै अगाडि बढेका निमित्त कार्यकारी निर्देशक भट्टराईको बोझ अब हलुका हुने भएको छ। आयल निगमको कार्यकारी निर्देशकमा सुरेन्द्र पौडेलको सम्भावना बढेको छ। घाटामा गएको उदयपुर सिमेन्ट कारखानालाई टाटपल्टिनबाट जोगाई नाफामा लगेपछि निगमलाई पनि नाफामा लाने हिसाबले बालुवाटारमा पौडेलको चर्चा चलेको छ। पौडेलप्रति निगम व्यवस्थापन पनि सकारात्मक रहेको स्रोतले बताएको छ। व्यवस्थापनमा कुशल मानिएका पौडेललाई निमित्त कार्यकारी निर्देशक भट्टराईको सहयोगले निगमले काँचुली फेर्ने विश्वास व्यवसायी एवं उपभोक्ताहरूले गरेका छन्।

गोपालबहादुर खड्काको भ्रष्टाचारबाट थलिएर बल्लतल्ल खुट्टा टेक्न पुगेको निगमलाई पुनः थला पार्न रानी जमरा र सिक्टा सिंचाई आयोजनाका धमिरा भनेर आरोप लागेका रमेशकुमार बस्नेतलाई ल्याउन समेत दौडधुप चलेको स्रोतले जानकारी दिएको छ। निगमको कार्यकारी निर्देशकको लागि सुरेन्द्र पौडेल, रामप्रसाद धिताल, मुकेश काफ्ले, शिवहरि श्रेष्ठ, अच्युत पहाडी, गोबर्द्धन खड्का, रमेशकुमार बस्नेत, डा.सरोज कोइराला, गोविन्दप्रसाद खरेल, मंगललाल श्रेष्ठ, प्रलयकर आचार्य, अनिल झा, नारद थापा, तारानाथ पौडेल र शिवराम यादवले निवेदन दिएका छन्।

## गच्छदारको....

उपसभापतिमा मनोनयन गरेका थिए।

काँग्रेसको महासमिति बैठक आगामी मंसिर १८ देखि पुस ३ गतेसम्म काठमाडौँमा हुने भएको छ। महासमिति बैठकमा सांगठनिक प्रतिवेदन र राजनीति प्रतिवेदन पेस हुनेछ। काँग्रेसको ७१ वर्षे इतिहासमा १३ वटा महाधिवेशन र नौ वटा महासमिति बैठक भएका छन्। काँग्रेसमा महाधिवेशन बैठकपछि सबभन्दा ठूलो पार्टीको कार्यक्रम महासमिति बैठक मानिन्छ।

## निगमलाई....

नगरिएको जानकारहरूले बताएका छन्। जहाज निर्माण कम्पनीसँग सिधै खरिद नगरी ल्याइएको जहाजले लामो दूरीमा उडान भर्न नसक्दा 'सेतो हात्ती' बन्न पुगेको छ। कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषको ऋण एवं किस्ता तिर्न नसकेपछि सांसदहरूले मात्र नभई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत कंसाकारलाई कठघरामा उभ्याउने तयारी गरेको समाचार स्रोतले बताएको छ। वाइडबडीको तौल र पाटपूर्जाप्रति नै शंका उठेपछि कंसाकार उम्कन नसक्ने भएका हुन्।

## कांग्रेसका....

स्वार्थ रहेका कारण त्यसको नराम्रो असर जिल्ला तहसम्म पुगेको कुरालाई स्वीकार्दै त्यसले समग्र पार्टीको अहित गर्ने धारणा राखेका थिए। यसैगरी पार्टीको केन्द्रीय नेतृत्वमा मधेशीहरुको प्रतिनिधित्वलाई सुनिश्चित गरी कांग्रेस तराई मधेसको मुद्दामा संवेदनशील छ भन्ने स्पष्ट पार्नुपर्ने आवश्यकतालाई पनि औंल्याएका थिए। यस्तै पार्टीलाई एकल नेतृत्व भन्दा पनि सामुहिक नेतृत्वबाट संचालन गर्नु उचित हुने सुझाव पनि सो भेलामा दिइएको छ।

यसैगरी कतिपय जिल्ला सभापतिहरूले हेटौँडामा भएको भेलामा राखेको चार प्रकारको सदस्यको प्रस्तावलाई विधानमा समावेश गर्नुपर्ने धारणा राखे भने कतिपयले दुई प्रकारको सदस्यता ठीक भएको भन्दै त्यसलाई व्यवस्थित गर्नुपर्ने धारणा राखेका थिए। उनीहरूले पार्टीका नेताहरूले गुटगत स्वार्थलाई हेरेर विधान बनाएको भन्दै आपत्ति जनाए। हेटौँडामा साधारण सदस्य, क्रियाशील सदस्य, विशिष्ठ सदस्य र सम्मानित सदस्यको प्रस्ताव गरेको प्रसंग उठाउँदै सभापतिहरुले हेटौँडामा सुझाव दिएको विपरित दुई प्रकारका सदस्यता मात्र आएकोमा धेरैजनाले आपत्ति जनाएका थिए।

## सरकार....

समाचारमा उल्लेख छ। ढकालको कार्यक्रममा नेकपाका नेता माधवकुमार नेपाल, राप्रपा नेपालका अध्यक्ष कमल थापा, काँग्रेसका उपसभापति विजयकुमार गच्छदार, नेतृ सुजाता कोइराला, आरजु देउवालाई समेत प्रभावमा पारेको चर्चा चलेको छ। स्मरण रहोस् ढकालले युनिभर्सल टाइम्स नामक पत्रिका निकाल्दै आइरहेका छन्।

## अर्थमन्त्री....

व्यवसाय चौपट बनेको व्यवसायीहरुले बताएका छन्। घरेलु तथा साना उद्योगहरु बन्द हुने क्रम दिनानुदिन बढेको छ। सर्वसाधारणको दैनिकी कष्टपूर्ण हुने गरी महँगी आकाशिएको कारण चुल्हो नबल्ने अवस्था आएको छ। व्यापारघाटा मुलुकको अर्थतन्त्रले धान्नै नसक्ने गरी बढेको र विदेशी लगानी निराशाजनक बनेको जानकारहरुले बताएका छन्।

अर्थमन्त्रालयमा भ्रष्टहरुको जमात बोकेर बसेका अर्थमन्त्री खतिवडाले मन्त्रालयको भावी कार्यनीति, लक्ष्य एवं जनप्रिय कार्यक्रमका बारेमा स्पष्ट धारणा राख्न नसक्दा सांसद्देखि प्रदेश सरकारका प्रमुखहरु असन्तुष्ट बनेको चर्चा चलेको छ। काँग्रेसको भन्दा पनि झुर बजेट २०७५/७६ को घोषणामा ल्याएपछि अर्थमन्त्री खतिवडासँग नेता एवं कार्यकर्ता चरम् असन्तुष्टि बन्न पुगेका छन्। विकास, समृद्धि र सुशासनजस्ता नाराहरु खतिवडाकै कारण ओझेलमा परेको स्रोतले बताएको छ।

उत्पादन र रोजगारी बढाउने, व्यापार घाटा घटाउने र कृषिक्षेत्रमा लगानी बढाएर कृषकहरुलाई आकर्षित गर्नेजस्ता कार्यक्रम खतिवडाको बजेट वक्तव्यमा परेन। मन्त्रीहरुको सेवा, सुविधा घटाउनुको सट्टा बढाउने, कर्मचारीहरुलाई सुविधा थप्दै जाने, वृद्धवृद्धाहरुको अपमान गर्नेजस्ता कार्यले नेकपाले सोचेजस्तो बजेट नआएको र प्रधानमन्त्री ओली नेतृत्वको सरकार आलोचित बन्न पुगेको छ।

## मोदीको....

आश्वासन दिए पनि त्यसविपरित कार्य गर्दै आएको भनी सत्तारुढ दलकै नेताहरु रुष्ट हुँदै आएको अवस्थामा हालको अवस्थामा ओलीले आफ्नो व्यक्तिगत प्रचारको लागि सरकारी स्रोत साधनको दुरुपयोग गरेको भनी आलोचना बढेको हो।

सरकारले निर्मला पन्तको हत्याराको पत्ता लगाउन नसकेको, सुन तस्तकहरुलाई कारबाही गर्न नसकेको, वृद्ध तथा असहायहरुको लागि बढाउने भनेको भत्तामा वृद्धि गर्न नसकेको, मूल्यवृद्धि रोक्न नसकेको भनी सर्वत्र आलोचना भइरहेको अवस्थामा प्रधानमन्त्री ओली भने आत्मरतिमा रमाएको भन्न थालिएको छ। ओलीको.हालको प्रधानमन्त्रीत्व कालमा राष्ट्रपतिका लागि १८ करोड रुपियाँको गाडी खरिद गर्न लागिएको, राष्ट्रपति भवनलाई प्रहरी प्रतिष्ठानसम्म विस्तार गर्ने - प्रतिष्ठानलाई स्थानतरण गर्ने, मन्त्रीहरुलाई कडाइ नगर्ने, बद्नाम मन्त्रीहरुलाई पनि गुटको आधारमा च्यापेर हिंड्ने जस्ता आरोप लाग्दै आएको अवस्थामा ओलीले सामाजिक सुरक्षा कार्यक्रमलाई 'नयाँ युगको शुरुवात' भन्दै राज्यको स्रोत साधनको दोहन गरेका छन्। उनले भने जस्तो नयाँ युगको शुरुवात नै भएको हो भने त्यसको प्रचार गरिरहनु नै जरुरी हुँदैनथ्यो किनकि त्यो सबैले अनुभूत गर्ने कुरा हो। सरकारको पैसामा आफ्नो सस्तो लोकप्रीयताको लागि प्रचारमा लाग्नुको साटो जनहितको लागि कार्यमा केही मात्र भए पनि योगदान दिन सक्दा त्यसलाई जनताले सही मान्न सक्ने अवस्था रहन्थ्यो पनि।

एकातिर सरकारले सो कार्यक्रमलाई एकदमै ठूलो उपलब्धीका रुपमा व्याख्या गरे पनि सरोकारवालाहरुले भने त्यसलाई सकारात्मक रुपमा लिएका छैनन्। यो कार्यक्रम प्रचारमा उचित देखिए पनि कार्यान्वयनमा चुनौतीपूर्ण रहेको भनी सरोकारवालाहरुले सार्वजनिक रुपमा भनेका छन्। यो व्यवस्थाले राष्ट्रिय अर्थतन्त्रमा कस्तो असर पर्दछ भन्ने कुरालाई लिएर विभिन्न किसिमका अड्कलबाजीहरु हुन थालेका छन्। डा.सुन्दरमणि दीक्षितले यो कार्यक्रमले पाँच छ बर्षको अवधिमा मुलुकको अर्थतन्त्र तहसनहस हुने बताएका छन्।

सरकारले यो कार्यक्रमलाई विनातयारी ल्याएको भनी आलोचना पनि भैरहेको छ। सरकारले विज्ञहरुसँग सल्लाह नगरी विनातयारी प्रधानमन्त्री र श्रममन्त्री गोकर्ण विष्टले आफ्नो प्रचारका लागि भड्किलो रुपमा अघि बढेको अवस्था छ। सरकारले जनपक्षीय कार्यहरु गरी जनताको मत जित्नुपर्नेमा प्रचारमा मात्र सीमित गरिदिंदा सरकार तथा प्रधानमन्त्रीकै बढी आलोचना हुन पुगेको छ।

प्रधानमन्त्री ओलीको यो सस्तो प्रचारशैलीलाई लिएर उनकै दलभित्र पनि आलोचकहरु बढेका छन्। पार्टीको काम सही ढंगले सञ्चालन नगरेको भनी आफ्नै दलका केन्द्रीय सदस्यहरुले उनको कार्यशैलीको आलोचना गरेको तथा अन्य नेताहरु समेतले सरकारको कार्यशैलीले जनता रुष्ट भएको भन्दै आएको अवस्थामा ओलीले आफूले मात्र सबै राम्रा कार्यहरु गरेको भने जसरी प्रचारलाई मात्र प्राथमिकतामा राख्ने गरेकाले सरकारका मन्त्रीहरु पनि रुष्ट हुन पुगेका छन्। मन्त्रालयका राम्रा कार्यहरुको जस आफूहरुले पनि पाउनुपर्ने भन्ने मान्यतामा रहेका मन्त्रीहरु ओली र मन्त्री विष्टको सस्तो प्रचारशैलीलाई लिएर मन्त्रिपरिषद्मै आवाज उठाउने तयारीमा समेत लागेका स्रोतले बताएको छ। ओलीको यो कार्यलाई लिएर नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल चूप रहेको अवस्था छ भने पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनाल पार्टीको आन्तरिक बैठकमा ओलीको सातो लिने तयारीमा रहेको बताइएको छ।

## सडकमा....

छ। विगतमा पनि सरुवा हुन्थ्यो तर अहिलेको जस्तो गाईजात्रा कहिल्यै नभएको भुक्तभोगीहरूले बताएका छन्। प्रशासकबाट मन्त्री बनेका छविराज पन्तको कार्यकालमा भएको सरुवामा पनि आर्थिक चलखेल भएको तर अहिलेजस्तो नभएको सम्बद्ध स्रोतले बताएको छ।

इता, प्राविधिक सहसचिव प्रमिला बज्राचार्य र रामहरि पोखेल जिम्मेवारी नपाएर भौतारिएको बेला क्षमता र कार्यदक्षता भएपनि योग्यता नभएका नक्कलीहरूले का.मु. खान जोडबल गरेपछि समस्या उत्पन्न भएको छ। सडकका आयोजनाहरूमा का.मु. आयोजना प्रमुख बनेका खरेल र भाटलाई सरुवा गरेपछि विगत अढाई महिनादेखि हुलाकी राजमार्ग आयोजना र मध्यपहाडी लोकमार्ग नेतृत्वविहीन बन्न पुगेको छ। मन्त्री महासेठले गर्ने सरुवा मापदण्ड र पारदर्शिता विपरित भए सचिव अधिकारीले असहमति जनाउन सक्ने समाचार सूत्रले जानकारी दिएको छ। तथापि आउँदो हप्ता सरुवा हुनसक्ने सम्भाव छ।

## कोइराला....

कृष्णप्रसाद सिटौला र प्रकाशमान सिंहको समेत समर्थन रहेपछि देउवा र कोइरालाहरुबीच तीव्र प्रतिस्पर्धा हुने भएको छ। काँग्रेसमा गुटको द्वन्द्व चर्किएर गाउँ तहसम्म तहसनहस भइरहेको अवस्थामा कोइरालाहरु एक ठाउँमा जुट्ने प्रयासमा लागेका हुन्।

काँग्रेसमा देउवा पक्षले प्रस्तावित विधानको चारवटा बुँदामा असहमति जनाएको छ। जसमा सदस्य संख्या बढाउने तर पदाधिकारी नबढाउने, सभापतिले २५ प्रतिशत सदस्य मनोनयन गर्ने, क्रियाशील सदस्यता खारेज गर्ने र समानुपातिक प्रणालीमा एक व्यक्ति जति पटक पनि उम्मेदवार बन्न पाउने रहेका छन्। काँग्रेसलाई पुरानै अवस्थामा फर्काउन पुरानो र नयाँ पुस्ता एक ठाउँमा जुट्ने प्रयासलाई कोइरालाहरुले सक्रियता बढाउनुलाई सकारात्मकरुपमा लिइएको छ।

## फोरम....

बीच नङ्ग र मासुको जस्तो सम्बन्ध रहेकोमा अहिले नदीको दुई किनार बन्न पुगेको समाचार सूत्रले बताएको छ।

उता राष्ट्रिय जनता पार्टी (राजपा) भित्र पनि शक्ति संघर्ष चलेको छ। राजपामा अध्यक्ष मण्डलका महन्थ ठाकुरसँग अनिल झा मात्र रहेको बताइएको छ। आगामी २०७६ वैशाख ७ देखि ९ गते राजपाले महाधिवेशन गर्ने निर्णय गरिसकेको छ। पार्टी एकीकरण भएको २० महिनापछि नेतृत्वबारे हानाथाप भई अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोलाई अनिल झा बाहेकका सदस्यहरू महेन्द्र यादव, राजकिशोर यादव, शरतसिंह भण्डारी लगायतका सदस्यहरूले साथ दिएपछि महतो अध्यक्ष मण्डलको संयोजक बनेका थिए। राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लिने बताएको छ। यस्तो अवस्थामा राजपा पनि फुट्न सक्ने जानकारहरूले बताएका छन् किनकि संयोजकबाट हटाइएपछि महन्थ ठाकुरले आफ्नो पुरानो दल तराई मधेश लोकतान्त्रिक पार्टीको कार्यालयमा राजपाको झण्डा फहराई त्यहीं अड्डा जमाएर बसेको अवस्था छ। संविधान संशोधनको ललिपप देखाएर फोरम अध्यक्ष यादवलाई लट्पट्याउन नेकपाका अध्यक्षद्वय सफल भएको चर्चा चलेको छ।

## नेपाली....

गराउने काम गरेको आरोप लगाइएको छ।

यसैगरी यो व्यवस्थाले कालोबजारीलाई प्रश्रय दिने र स्वदेशी मदिरा व्यवसाय भन्दा विदेशी मदिराको नेपालमा बजार बढ्ने भएकाले सरकारले यस बारेमा समयमै ध्यान पुऱ्याउनु जरुरी रहेको पनि विज्ञप्तीमा उल्लेख गरेका छन्। घरेलु मदिरालाई नियन्त्रण गर्नेतर्फ प्रभावकारी कदम चाल्न नसक्ने सरकारले राज्यको कर राजश्वमा २० प्रतिशत हाराहारीमा योगदान दिने मदिरा उद्योगलाई हतोत्साहित गराउने सरकारको प्रयास रहेको आरोप लगाइएको छ।

सरकारको उक्त आदेश अनुसार गाउँपालिकामा एउटा वडामा एउटा मात्रै मदिरा विक्री केन्द्र खोल्न दिने र नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका वडामा दुईवटासम्म मदिरा पसल खोल्न दिने प्रस्ताव गरिएको छ। ग्रामीण भेगका एउटा वडाको केन्द्रमा जान समेत ३-४ घण्टा लाग्ने अवस्थामा सरकारले ल्याएको यो व्यवस्थाले कालोबजारी बढाउने विश्लेषण गरिएको छ। यस्तै अवस्था नगरपालिका र महानगरपालिकामा पनि लागू हुने देखिन्छ। यसले होटल तथा रेस्टुरेन्टहरुमा पनि मदिराजन्य सामग्रीको मूल्यमा भारी बृद्धि हुने अवस्था आउने छ। सरकारको प्रस्तावित आदेशमा मदिरा उत्पादकहरुले मदिराको सिसीको बाहिर चेतावनी मूलक तस्वीर र सामग्री राख्नुपर्ने भनिएको छ। तर, विदेशीबाट आयात गर्ने मदिराको हकमा यो आदेशले केही पनि नबोलेकोले उनीहरुको व्यापारमा भने झनै सहजता ल्याउने अवस्था देखिन्छ। यसैगरी सञ्चारमाध्यममा विज्ञापन दिन नपाउने व्यवस्था गरेको सरकारले नेपालमा बाहुल्यता रहेका विदेशी सञ्चार माध्यमबाट गरिने विज्ञापनको विषयमा पनि केही नबोली उनीहरुलाई पोस्ने नीति लिने देखिएको छ।

## नेकपाको....

समन्वय नभएको विषयमा आवाज उठ्दै आएपनि त्यस विषयलाई नेकपाका शीर्ष नेताहरुले महत्व नदिएको भनी सो दलका कार्यकर्ताहरु नै दिक्क मान्न थालेका छन्।

## माथिल्लो....

आयोजना बनाउन एक खर्ब ४० अर्ब रुपियाँ लाग्ने अनुमान गरिएकोमा आर्थिकरुपमा संकट भोगिरहेको उक्त संस्थाले आयोजना निर्माण गर्न सक्नेमा शंका व्यक्त गरिँदै आएको छ। माथिल्लो मर्स्याङ्दी -२ बाट विभिन्न बहाना बनाएर हात झिकेको उक्त संस्थाले माथिल्लो कर्णाली आफूले बनाउन नसक्ने भएपछि लाइसेन्स अर्को कम्पनीलाई बेच्ने तयारी गरिरहेको स्रोतले जानकारी दिएको छ। उसले लगानीकर्ता खोजिरहे पनि राम्रो मूल्य दिने कम्पनी फेला पार्न नसकेपछि उसले फेरि म्याद थपका लागि विभिन्न प्रयास गरेको हो।

यसअघि भएको लगानी बोर्डको बैठकमा म्याद थपका विषयमा विवाद आएको थियो। गत सोमबार बसेको बैठकले म्याद थप गर्ने विश्वासमा रहेको जिएमआर म्याद थप नभएपछि विभिन्न संयन्त्रहरुमार्फत सरकारलाई दबाब दिन लागि परेको छ। जलस्रोतविद् रत्नसंसार श्रेष्ठका अनुसार यो आयोजना नौ सय मात्र नभई चार हजार एक सय ८० मेगावाट क्षमतामा बनाउनु उचित हुने तथा त्यसकालागि तीनदेखि बढिमा चार खर्ब रुपियाँ लगानी लाग्छ। उनका अनुसार यो लगानी नेपालीले नै लगानी गर्न सक्छन्। उनले जि.एम.आर.ले माथिल्लो मर्स्याङ्दी -२ को लाइसेन्स रु. तीन अर्बमा बेचेर हिँडेजस्तै माथिल्लो कर्णालीको लाइसेन्स पनि चार पाँच अर्बमा बेचेर हिंड्ने सोँच लिएकाले फेरि म्याद थप्ने कुरा गम्भीर भुल हुने बताएका छन्। सन् २०१४ मा भएको आयोजना विकास सम्झौता (पीडीए) अनुसार सन् २०१६ सेप्टेम्बर १८ सम्म लगानी जुटाइसक्नुपर्नेमा जिएमआरले वनको जग्गा अधिग्रहणको कुरा उठाएर पटक पटक म्याद थप गराउने काम गर्दै आएको छ।

विश्वास गुमाइसकेको अवस्थामा रहेको जि.एम.आर.को म्याद थप्ने कार्य भयो भने त्यसका लागि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीदेखि ऊर्जा मन्त्री वर्षमान पुन, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतका व्यक्तिहरु विवादमा पर्ने देखिन्छ। उनीहरुलाई राम्रै कमिसन दिएर भए पनि म्याद थपाएरै छाड्ने दाउमा जी.एम.आर. रहेको छ।

# सुजातापछि शशांकको घरमा देउवाविरोधी जमघट

*काठमाडौँ। आसन्न काँग्रेस केन्द्रीय समिति बैठकमा पार्टीको प्रस्तावित विधानबारे सभापति देउवा इतरका नेताहरुले चर्को विरोध गर्ने भएका छन्। त्यसका लागि उनीहरुले आन्तरिक छलफल र गुटगत भेलालाई तीव्रता दिँदै एकजुट हुने प्रयास गरेका छन्। विधानमाथि छलफल गर्न काँग्रेस केन्द्रीय समिति बैठक बसेको छ। मङ्गलबार र बुधबार लगातार बैठक बसेर उनीहरुले विधान, महासमिति र त्यसपछि हुने महाधिवेशनका बारेमा समेत लबिङ गरेका छन्। बुधबार काँग्रेस नेता तथा महामन्त्री शशांक कोइरालाको निवास र मङ्गलबार सुजाता कोइरालाको निवासमा भेला भएका देउवा विरोधी खेमाका यी नेताहरुले काँग्रेसको विधान समयसापेक्ष हुन नसकेको तथा सभापति देउवाले आफू अनुकुलको विधान बनाउने षड्यन्त्र भएको भन्दै त्यस्तो विधान केन्द्रीय समितिबाट पास गर्नै नहुने निचोड निकालेका छन्। मङ्गलबारको बैठकमा युवापुस्ताका धेरै नेताहरु सहभागी भए पनि बुधबार महामन्त्री कोइरालाको टोखास्थित घरमा भएको भेलामा रामचन्द्र पौडेलसहित देउवाइतर पक्षका सबै नेता भेला भएका थिए।*



*'विधान नै नेता अनुकुल बनाउने हो भने पार्टी किन चाहियो ? यसमा हाम्रो असहमति हो, त्यसबारे कुराकानी गर्न हामी छलफलमा जुटेका हौं' काँग्रेस केन्द्रीय सदस्य चन्द्र भण्डारीले बताए। उनले नेताहरु स्वार्थी र आत्मकेन्द्रित बन्दा काँग्रेसको साख गिरेको भन्दै त्यस्तो विधान केन्द्रीय समितिबाट पास गर्न नहुने पक्षमा छलफल केन्द्रित भएको बताए। गत मङ्सिर ९ गते बसेको काँग्रेस केन्द्रीय समिति बैठकमा नेता पूर्णबहादुर खड्का नेतृत्वको विधान मस्यौदा समितिले पेश गरेको विधान तीन दिनसम्म केन्द्रीय सदस्यहरुलाई अध्ययनका लागि वितरण गरिएको थियो। तीन दिनको अध्ययनपछि केन्द्रीय समिति बैठकमा विधानबारे केन्द्रीय सदस्यहरुले धारणा राख्ने कार्यक्रम छ। विधान मस्यौदामाथिको छलफलका क्रममा देउवा विरोधी समूहले खासगरी चारवटा विषयमा असहमति जनाउने तयारी गरेको छ।*

*विधान मस्यौदामा सदस्य संख्या बढाएर एक सय ४१ बनाउने तर पदाधिकारी नबढाउने प्रस्ताव गरिएको छ, जसको सभापति देउवा पक्षबाहेकका अन्य नेताहरुले चर्को विरोध गर्दै आएका छन्। त्यति मात्रै होइन काँग्रेसको विधानमा प्रस्ताव गरिएको २५ प्रतिशत सदस्य सभापतिले मनोनयन गर्नसक्ने प्रस्तावमा पनि इतर पक्षले विरोध जनाएको छ। 'सभापतिलाई कमजोर बनाउनुपर्छ भन्ने मान्यता होइन तर त्यति धेरै अधिकार केका लागि भन्ने मुख्य प्रश्न हो', भण्डारीले भने।*

*त्यस्तै विधानमा विकल्पसहित प्रस्ताव गरिएको सदस्यताको प्रकृयामा पनि धेरै काँग्रेस नेताहरुले असहमति जनाएका छन्। प्रस्तावित विधानमा क्रियाशील सदस्यता खारेज गर्ने विषयको पनि बरिष्ठ नेता रामचन्द्र पौडेल, प्रकाशममान सिंह र कृष्ण सिटौलालगायतका नेताहरुले विरोध गरेका छन्। त्योबाहेक समानुपातिक प्रणालीअन्तर्गत एक व्यक्ति जतिसुकै पटक उम्मेदवार बन्न पाउने प्रावधानले पनि अन्य व्यक्तिले अवसर नपाउने भएकाले त्यो बुँदा संशोधन गर्नुपर्ने पक्षमा असन्तुष्ट पक्षका नेताहरु रहेका छन्। नेतृ सुजाता कोइरालाको घरमा मङ्गलबार र बुधबार महामन्त्री शशांक कोइरालाको घरमा बसेको देउवाविरोधी खेमाको बैठकमा पनि यिनै विषयमा छलफल भएको सहभागी नेताहरुले बताएका छन्। विधान र महासमिति बैठकबारे छलफल भए पनि महाधिवेशनबारे कुनै चर्चा नभएको भेलामा सहभागी अर्का नेता प्रदीप पौडेलले दाबी गरे।*

*सुजाता निवासमा मङ्गलबार भएको बैठकमा नेताहरु रामशरण महत, अर्जुननरसिंह केसी गगन थापा, चन्द्र भण्डारी, धनराज गुरुङलगायतका युवाहरु सहभागी थिए। सुजाताले युवा नेताहरुको धारणा बुझ्न बोलाइएको भनिएको उक्त भेलामा नेतृ सुजाताले आफैबाट कुरा सुरु गरेकी थिइन्। 'मेरो त भन्नु केही छैन। पछिल्लो समय काँग्रेसमा गुटको द्वन्द्व चर्किएको छ। द्वन्द्व केन्द्रमा मात्रै छैन, गाउँ तहसम्मै पुगेको छ। नेता कार्यकर्ताहरु यो गुट र त्यो गुटको भनेर आफै भन्न थालेका छन्, यसले काँग्रेसलाई कुनै फाइदा हुँदैन', नेतृ सुजाता कोइरालाको भनाइ उद्धृत गर्दै सहभागी एक नेताले भने, 'यसरी कुनै हालतमा पार्टी चल्दैन, अब तपाई हामी नयाँ पुस्ता र पुरानो पुस्ता होइन, एक हुनुपर्छ। म साथ दिन तयार छु।'*

*पछिल्लो समय काँग्रेस पार्टीभित्र सभापति शेरबहादुर देउवाको आलोचना बढेसँगै कोइराला परिवारका सदस्यहरू सुजाता कोइराला, शशांक कोइराला र शेखर कोइरालाहरुको सक्रियता ह्वात्तै बढेको छ। उनीहरुको सक्रियता आगामी १४औं महाधिवेशन लक्षित भएको धेरै काँग्रेस नेता कार्यकर्ताको विश्लेषण छ। यद्यपि उनीहरुले भने महाधिवेशनबारे अहिल्यै सोच्ने बेला नभएको बताउने गरेका छन्। 'नेताहरुबीच भेटघाट गर्नु र कुराकानी र छलफल हुनु सामान्य हो। भेटघाट गर्दैमा यो वा त्यो भनेर अड्कल गर्नु उचित होइन', काँग्रेस नेता शेखर कोइरालाको भनाइ छ।*

*रामचन्द्र पौडेल पार्टीमा बरिष्ठ नेता हुन् तर देउवा विरोधी समूहको बैठक या छलफल हुँदा सुजाता, शशांक या शेखरको घरमा मात्रै हुने गरेको छ। १३औं महाधिवेशनमा देउवालाई सहयोग गरेका नेताहरु पनि पछिल्लो चरणमा देउवा विरोधी खेमामा एकीकृत हुँदै आएका छन्। त्यसका अलवा बरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्व महामन्त्रीहरु प्रकाशमान सिंह, कृष्ण सिटौला, नेताहरु डा. रामशरण महत, अर्जुननरसिंह केसीलगायतका असन्तुष्ट नेताहरु पनि कोइराला परिवारलाई साथ दिन थालेका हुन्। खासगरी गतवर्ष भएको निर्वाचनमा काँग्रेसले हार बेहोरेसँगै देउवाप्रति आक्रोशित बनेका यी नेताहरु पछिल्लो पटक विजयकुमार गच्छदारलाई पार्टी उपसभापति बनाएपछि थप चिढिएका छन्। यही समीकरण कायम रहे आगामी महाधिवेशनमा देउवाविरुद्ध शशांक वा शेखरमध्ये एक सभापतिमा उम्मेदवार बन्ने र पौडेलले समेत सहयोग गर्ने मनस्थिति बनाएको बताइएको छ।*

# पप्पुको कारण हुलाकीको बेहाल

*नेपालगञ्ज। पप्पु लुम्बिनी जेबी कन्ट्रक्सनको नाममा ठेक्का रहेको बहुप्रतिक्षित हुलाकी राजमार्गअन्तर्गत बाँके खण्डको काम अहिले आएर ठप्प हुँदा त्यसको नकारात्मक असरमा स्थानीयबासी परेका छन्। नेपालगञ्जदेखि कटकुइयाँसम्मको ४४ किलोमिटरको हुलाकी सडक निर्माण ठेक्का पाएको उक्त कन्स्ट्रक्सन र सरकारबीच सम्बन्ध बिग्रिएपछि अहिले निर्माणको काम प्रभावित बन्दा स्थानीयबासीलाई त्यसले हैरान पारेको छ। यो ठेक्का रु. ६० करोडमा गणपति कन्ट्रक्सनलाई पप्पुले दिएको छ। गणपतिले काम गरे पनि सरकारसँगको ठेक्का पप्पुकै नाममा रहेकाले काम प्रभावित हुन गएको हो। सन् २००७ मा भारतले हुलाकी बनाउने सम्झौता गरी सन् २०१० मा आएर काम शुरु गरेको थियो। पाँच वर्षमा पाँच प्रतिशत पनि काम नगरेर भारतीय ठेकेदार हिंडेपछि काम अलपत्र भएको थियो। पप्पुले देशका अन्यत्र काम गर्दा गरेको बदमासीको भरणपोषण यहींको कामबाट गर्ने गरी केन्द्रबाट पत्र आएपछि जेठदेखि हुलाकी सडक कार्यालयले सो कार्यको भुक्तानी रोक्दै आएको छ। सोही कारण पप्पुले गणपतिलाई आवश्यक रकम दिन सकेको छेन। गणपति कन्ट्रक्सनका प्रमुख तुलसीराम भण्डारीले राज्यका कारण हुलाकी सडकको काम रोकिएको दाबी गरेका छन्।*

*ठेक्का सम्झौताअनुसार २०७६ साउनमा काम सक्नुपर्ने भएपनि जेठदेखि भुक्तानी रोकिएका कारण काम अघि बढ्न नसकेको भण्डारीको दाबी छ। हुलाकी सडकलाई सरकार र पप्पु कन्स्ट्रसनको विवादको चपेटामा नपार्न जिल्लाका सांसद लागिपरेका भने छन्। हुलाकी सडक नबन्दा अहिलेसम्म राप्तीपारिका जनता सदरमुकामसँग जोडिन पाएका छैनन्।*

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .